सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ जेठ २०८२, बिहीबार (22 May 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ३९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

दुई वर्षमा पनि टुंगो लागेन कोशी प्रदेश सभा नियमावली विवाद



प्रदेशको नाम संशोधन गर्न मिल्ने व्यवस्था थप्न माओवादीसहित प्रतिपक्षी दलको माग

कीर्तिपुरको भिगु तिबः सहकारीद्वारा सर्वसाधारणको १० करोड हिनामिना

डेढ वर्षदेखि सहकारी बन्द, नगरपालिकाले समेत बेवास्ता गरेको बचतकर्ताको आरोप

(पृष्ठ ३)

अरे ओ बंगलादेश ! -२



फरक मत

● कृष्णज्वाला देवकोटा

चार तारा वा हँसिया-हथौडाअंकित झन्डालाई टाट बनाएर नेतातन्त्र माफियासँग लंगुरबुर्जा खेलिरहेको छ। या त्यो झन्डा खोस्न सक्नुपर्छ, या त्यो छोड्न सक्नुपर्छ।

(पृष्ठ ४)

विश्व कूटनीतिमा टर्किएले देखाएको सन्तुलित भूमिका



रुसले युक्रेनमाथि आक्रमण सुरु गरेदेखि टर्किएले युक्रेनलाई हतियार दिइरहेको छ भने रुससँगको घनिष्ठ सम्बन्धलाई पनि कायम राखिरहेको छ

(पृष्ठ ५)

यो सिजनको विद्युत् निर्यात सुरु



दिउँसो दैनिक करिब चार सय मेगावाटसम्म बिजुली आयात भइरहे पनि गत शनिबारदेखि रातको समयमा मात्रै प्राधिकरणद्वारा भारततर्फ बिजुली निकासी

■ वैदेशिक व्यापार

माथि उठ्दै निर्यात

साउनमा ८.७ प्रतिशत रहेको निर्यातको हिस्सा वैशाखसम्ममा १२.८८ प्रतिशत आयातमा १३.११ प्रतिशत र निर्यातमा ७२.७१ प्रतिशत वृद्धिदर

(पृष्ठ ६)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

भिजिट भिसामा जानेबाट दैनिक ५० लाखसम्म असुली, गृह मन्त्रालयसम्मै सेटिङ

खाडी जानेसँग ५० हजार र युरोप जानेसँग तीन लाखसम्म गरिन्छ असुली, विमानस्थलका कर्मचारीदेखि गृह मन्त्रालयसम्म भागबन्डा

सुवास भट्ट/नयाँ पत्रिका

गृह मन्त्रालयकै सेटिङमा भिजिट भिसामा विदेश पठाउँदै विमानस्थलमा दैनिक ५० लाखसम्म असुली हुने गरेको पाइएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार विमानस्थलस्थित अध्यागमन कार्यालयमा छापा हानेर कार्यालय प्रमुख तीर्थराज भट्टराईसहित चारजनालाई नियन्त्रणमा लिई उनीहरूका कम्प्युटर, मोबाइललगायत 'डिभाइस' जफत गरेको छ। गृहमन्त्री रमेश लेखकले रोजेरै भट्टराईलाई अध्यागमनमा पठाएका थिए।

भिजिट भिसामा खाडी देश जानेसँग अध्यागमनमा ५० हजारसम्म र युरोपियन देश जानेसँग तीन लाख रुपैयाँसम्म असुली हुने गरेको स्रोतले जनाएको छ। यसरी सेटिङमा दैनिक औसतमा सयजनालाई अध्यागमन कार्यालयले प्रस्थान अनुमति दिने गरेको छ। जसअनुसार दिनमै ५० लाखसम्म असुली हुने गरेको र त्यो पैसा विमानस्थलका कर्मचारीदेखि गृह मन्त्रालयको नेतृत्वकर्ता मन्त्री लेखकसम्म पुग्ने गरेको स्रोत बताउँछ।

भिजिट भिसामा विदेश जानेसँग संगठित रूपमै असुली बढेको सूचनाका आधारमा अख्तियारले 'अन्डर कभर अपरेसन' चलाएर सेटिङको प्रमाण संकलन गरेको थियो। सोही आधारमा बुधबार छापा हानेर अध्यागमन प्रमुख भट्टराईलगायतलाई नियन्त्रणमा लिइएको हो। भट्टराईले चलाउने कम्प्युटर, कर्मचारी र तीन एजेन्टका मोबाइलसमेत जफत गरी अनुसन्धान थालिएको छ। नियन्त्रणमा लिइएका चारैजनालाई सोधपुछ गरेर हाजिर जमानीमा कागज गराएर बुधबारै छाडिएको छ।

अख्तियारले छापा हान्ने तयारी गरेको सुईँको पाएपछि मंगलबार साँझ मात्रै गृहमन्त्री लेखककै

» पृष्ठ २ मा क्रमशः

गृहमन्त्री लेखकले नै अध्यागमनमा पठाएका थिए अख्तियारको नियन्त्रणमा परेका भट्टराईलाई, छापा हान्ने सुईँकोपछि हतारहतार तानेका थिए गृहमै



तीर्थराज भट्टराई
निवर्तमान अध्यागमन प्रमुख



रमेश लेखक, गृहमन्त्री



गोकर्णमणि दुवाडी
गृहसचिव



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमनको प्रमुखमा कार्यरत सहसचिव सुरेश पन्थीलाई गृहमन्त्री रमेश लेखकले चार महिनामै हटाएर गत २३ असोजमा तीर्थराज भट्टराईलाई पठाएका थिए। विवादास्पद पृष्ठभूमिका भट्टराईलाई पठाएलगत्तै अध्यागमनमा भिजिट भिसाको सेटिङ बढेको थियो। अख्तियारले छापा हान्ने तयारी गरेको सुईँको पाएपछि मंगलबार साँझ मात्रै मन्त्री लेखककै निर्देशनमा हतार-हतार भट्टराईलाई अध्यागमनबाट सरुवा गरेर मन्त्रालय ल्याइएको थियो। अध्यागमनमा कार्यालय प्रमुख मात्र होइन, हरेकजसो कर्मचारी सरुवामा मन्त्रीको सचिवालयको सहमति अनिवार्यजस्तै छ। केहीलाई गृहसचिव गोकर्णमणि दुवाडीले पनि खटाएका छन् भने अन्य ट्रेड युनियनका नेताहरू अध्यागमनमा खटिएका छन्। अध्यागमनको कर्मचारी सरुवामै चलखेल हुने भएकाले पछिल्लो समय भिजिट भिसाको सेटिङमा रेटसमेत बढाइएको थियो।

पोखरा विमानस्थलको भ्रष्टाचारबारे थप अनुसन्धान र कारबाही गर्न अख्तियारलाई सार्वजनिक लेखा समितिको निर्देशन

यी हुन् पोखरा विमानस्थलमा भएका भ्रष्टाचारका सूचकांक

- लागतभन्दा सात करोड डलर बढीमा ठेक्का सम्झौता
- छिनेडाँडो काट्न सम्झौताविपरीत क्यानबाट ३२ करोड अतिरिक्त भुक्तानी
- एसी जडान गर्न पनि क्यानले नै दियो सात लाख ४२ हजार डलर
- रनवेमा माटो र गिट्टी–बालुवा हाल्दा दुई करोड डलरभन्दा बढी अनियमितता
- अर्थमन्त्रीकै निर्देशनमा सम्झौताविपरीत दुई अर्ब २२ करोड कर छुट
- अनुमानका भरमा 'अतिरिक्त सामान' शीर्षकमा १५ करोड २३ लाख डलर लागत समावेश
- बोलपत्र कागजातमा ८५ लाख डलर थप्ने र हटाउने खेल
- सम्झौताविपरीत परामर्श सेवामा २८ लाख डलर खर्च
- इन्धन भण्डारणगृह नबनाई दुई लाख २० हजार डलर हिनामिना
- नौ करोड ६५ लाखको पानीट्यांकीमा क्षति
- ८० लाख डलरको माटो र ढुंगा–गिट्टी बचाएर लागत तयार



बुधबार बसेको सार्वजनिक लेखा समितिको बैठक

अजित अधिकारी/नयाँ पत्रिका

संसद्को सार्वजनिक लेखा समितिले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा लागत बढाएर १० अर्बभन्दा बढी भ्रष्टाचार भएको निष्कर्षसहितको छानबिन प्रतिवेदनमा थप अनुसन्धान गरी कारबाही अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिएको छ। बुधबारको समिति बैठकले आफूले गरेको छानबिनको प्रतिवेदन पनि अख्तियारलाई पठाउने निर्णय गरेको छ।

बैठकमा समिति सभापति ऋषिकेश पोखरेलसहित एमाले सांसदहरू थप छलफलपछि मात्रै छानबिन प्रतिवेदन अख्तियारमा पठाउने पक्षमा थिए । तर, विपक्षीसहित सत्तारूढ कांग्रेसकै सांसदले समेत बुधबार नै पठाउनुपर्ने दबाब दिएपछि मात्रै सभापति पोखरेलले प्रतिवेदन अख्तियारमा पठाउने निर्णय सुनाएका थिए।

चीनको एक्जिम बैंकसँग दुई प्रतिशत ब्याजमा २२ अर्ब ऋण काढेर निर्माण गरिएको उक्त विमानस्थलमा १० अर्बभन्दा

» पृष्ठ २ मा क्रमशः



पूर्वराष्ट्रपति भण्डारीको चीन भ्रमणमा एमाले र सरकारको संयुक्त सहभागिता

बेइजिङ, गान्सु र सिचुआनको दशदिने कार्यतालिका तय, राष्ट्रपति सी जिनपिङलगायत शीर्ष नेतासँग भेट अस्पष्ट



काठमाडौं/ दशदिने भ्रमणमा शनिबार चीन जान लागेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसँगै नेपाल सरकारका मन्त्री पनि रहने भएका छन्। भण्डारी औपचारिक द्विपक्षीय भ्रमणमा नभई बेइजिङ र गान्सु प्रान्तमा आयोजित दुईवटा कार्यक्रमको मुख्य अतिथिका रूपमा चीन जान लागे पनि उनको

» पृष्ठ २ मा क्रमशः

सुचना! सुचना!! सुचना!!!

श्री सिद्धि विनायक स्न्याक्स एण्ड नुडल्स प्रा.लि. द्वारा सर्वसाधरण, उपभोक्ता तथा व्यापारीको हितमा जारी अत्यन्त जरूरी सुचना

उपरोक्त सम्बन्धमा नवलपरासी जिल्ला, रामग्राम नगरपालिका, वडा नं. १० मा रजिस्टर्ड कार्यालय भई बुटवल उपमहानगरपालिका, वडा नं. ५, अमरपथमा मुख्य अफिस भई संचालनमा रहेको यस सिद्धि विनायक स्न्याक्स एण्ड नुडल्स प्रा. लि.ले यस कम्पनिको प्रारम्भ देखि नै आफ्नो उपभोक्ताको हितलाई शिरोपर गर्दै विभिन्न ब्राण्डका चाउचाउ उत्पादन गर्दै उपभोक्ता माझ ल्याएको त सर्वविधितै छ । त्यसै क्रममा यस सिद्धि विनायक स्न्याक्स एण्ड नुडल्स प्रा. लि.को स्वामीत्वमा रहेको र नेपालका उपभोक्ता द्वारा अत्याधिक रुचाईएको ब्राण्ड गज्जबको पिरोलाई नक्कल गरि सर्वसाधरण, उपभोक्ता तथा व्यापारीलाई झुक्याउने दुराशयबाट विभिन्न अन्य उत्पादकहरुले उस्तै-उस्तै देखिने wrapper (खोल), रंग तथा कार्टुन बक्स समेत प्रयोग गरि बजारमा अन्य नामका उत्पादनहरु बिक्री वितरण गरेको भन्ने समाचारले यस कम्पनिको ध्यानाकर्षण भएको छ।

उक्त त्यस्ता गज्जबको पिरो जस्तै देखिने अन्य नक्कली उत्पादन देखि सचेत रहिदिनुहुन हामी सर्वसाधरण, उपभोक्ता तथा व्यापारी माझ अपिल गर्दछौं।

कम्पनीको करपोरेट कार्यालयः
सिद्धि विनायक स्न्याक्स
एण्ड नुडल्स प्रा.लि.
खुशी कम्पलेक्स, बुटवल-५,
अमरपथ, रुपन्देही
फोन नं. ०७१-४३७४९५
Email: info@siddhivinayaknoodles.com



मनसुन 'साइरन' : यसपालि पनि अत्यधिक वर्षा र बाढीपहिरोको जोखिम

सम्भावित जोखिमको आकलनअनुसार सरकारलाई पूर्वतयारीका कामहरू थाल्न विज्ञहरूको सुझाव

यम बम/नयाँ पत्रिका

गत वर्षजस्तै यस वर्ष पनि बर्खामा देशभर अत्यधिक वर्षा हुने प्रक्षेपण गरिएको छ। ३१ जेठअघि नै मनसुन भित्रिन सक्ने सम्भावना रहेको र सुरुवातमै सक्रिय हुने संकेत देखिएकाले बाढी, पहिरो तथा मौसमजन्य अन्य विपत्को जोखिम उच्च हुन सक्छ। यसपालि प्रारम्भिक चरणमा केही दिनको वर्षापछि लामो समयसम्म खडेरी र सुक्खा हुने अवस्थासमेत देखिने अनुमान छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार १८ जेठदेखि १४ असोजसम्मको चार महिनाको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना छ। यस्तै, यस अवधिमा अधिकतम र न्यूनतम तापक्रमसमेत देशभर सरदरभन्दा बढी रहने सम्भावना छ। सम्भावित अवस्थाको आकलन सरकारका लागि 'पूर्वतयारीको साइरन' भएको विज्ञ बताउँछन्।


मापन केन्द्रअनुसार फरक-फरक हुने भए पनि नेपालमा मनसुन याममा एक हजार ३६९.१ मिलिमिटर वर्षा हुनुलाई औसत वर्षा मानिन्छ। गत वर्ष मनसुनमा औसत एक हजार ६७०.७ मिलिमिटर पानी परेको थियो। बुधबार सार्वजनिक गरिएको मनसुनको चार महिनाको ऋतुगत आकलनअनुसार कर्णालीको पूर्वी भूभाग, लुम्बिनीको उत्तरी भाग र गण्डकीका अधिकांश क्षेत्रमा औसतभन्दा धेरै वर्षाको सम्भावना छ। मध्य र पूर्वी तराईका

» पृष्ठ २ मा क्रमशः

पोहोर क्षतिग्रस्त सडक जोखिममा

बर्खामा बिपी, अरनिको राजमार्ग तथा पूर्व-पश्चिम राजमार्गको दाउन्ने खण्डमा बढी समस्या हुन सक्छ

■ यसपटक तापक्रम पनि बढी नै हुने



■ **अत्यधिक पानी पर्ने आकलन गरिएका क्षेत्र** : कर्णालीको पूर्वी, लुम्बिनीको उत्तरी र गण्डकीका अधिकांश भूभाग (नक्सामा निलो गाढा रंग) ■ **सरदरभन्दा धेरै तर माथि उल्लेखितभन्दा कम पानी पर्ने आकलन गरिएका क्षेत्र** : सुदूरपश्चिमको दक्षिण, लुम्बिनीको पश्चिम, गण्डकीको उत्तरपूर्वी, बागमती र कोशीका उत्तरी भूभाग (नक्सामा निलो रंग) **सरदरभन्दा केही धेरै वर्षाको आकलन गरिएका क्षेत्र** : मधेशका पूर्वी तथा दक्षिणी भूभाग (नक्सामा हरियो रंग) ■ **औसत हाराहारी वर्षाको सम्भावना रहेका क्षेत्र** : कोशीमा उत्तरी भूभागबाहेक, बागमतीका पूर्व-दक्षिणका केही भूभाग, लुम्बिनीका पूर्वदक्षिण भूभाग, तल्लो कर्णालीको पश्चिम क्षेत्रको केही स्थान।

प्रदर्शनमा रास्वपालाई सहभागी गराउने पूर्वराजावादीको प्रयास असफल



मनीष झा, कार्यवाहक प्रवक्ता, रास्वपा

उहाँहरूले पठाउनुभएको पत्र पायौँ र पार्टी कार्यालयमा दर्ता पनि भयो । हामी उहाँहरूसँग राजनीतिक रूपमा समान सैद्धान्तिक धरातलमा छैनौँ । त्यसकारण यसबारे उहाँहरूलाई औपचारिक रूपमा जवाफ दिनुपर्छ भन्ने पनि छैन । जवाफ दिन त आवश्यक ठान्दैनौँ भने आन्दोलनमा सहभागी हुने भन्ने त प्रश्नै हुँदैन ।

नयाँ पत्रिका

संसद्को चौथो शक्ति राष्ट्रिय स्वतन्त्र पार्टीलाई राजसंस्था पुनर्स्थापनाको प्रदर्शनमा सहभागी गराउने पूर्वपञ्च नेता नवराज सुवेदी नेतृत्वको संयुक्त जनआन्दोलन समितिको प्रयास असफल भएको छ । आन्दोलनमा सहभागी हुन सुवेदीले पठाएको पत्रको जवाफ दिनसमेत आवश्यक नठानिएको रास्वपाले प्रतिक्रिया दिएको छ । राजावादीले १५ चैत्रमा तीनकुनेमा हिंसात्मक प्रदर्शन गरेपछि उनीहरूको आन्दोलनमाथि प्रश्न छन् ।

सुवेदीले मंगलबारको मितिमा पठाएको पत्र रास्वपा कार्यालयमा बुधबार दर्ता भएको थियो । दर्ता नम्बर १०६ रहेको उक्त पत्र रास्वपाका कार्यबाहक सभापति डोलप्रसाद अर्याललाई सम्बोधन गरेर पठाइएको छ । हालको व्यवस्थाअन्तर्गत निष्पक्ष न्याय पाउन सकिनेमा सभापति रवि लामिछानेले शंका गरेको सन्दर्भ उल्लेख गर्दै सुवेदीले पत्रमा १५ जेठदेखि आयोजना हुने आन्दोलनमा सहभागी हुन आग्रह गरेका छन् ।

पार्टी कार्यबाहक प्रवक्ता मनीष झाले पत्रको जवाफ दिनसमेत आवश्यक नठानिएको अवस्थामा आन्दोलनमा सहभागी हुने भन्ने त प्रश्नै नरहने बताए । 'उहाँहरूले पठाउनुभएको पत्र पायौँ र पार्टी कार्यालयमा दर्ता पनि भयो । हामी उहाँहरूसँग राजनीतिक रूपमा समान सैद्धान्तिक धरातलमा छैनौँ । त्यसकारण यसबारे उहाँहरूलाई औपचारिक रूपमा जवाफ दिनुपर्छ भन्ने पनि छैन । जवाफ दिन त आवश्यक ठान्दैनौँ भने आन्दोलनमा सहभागी हुने भन्ने त प्रश्नै हुँदैन,' उनले नयाँ पत्रिकासँग भने ।

राजावादी समूहहरू मिलेर गठन गरेको समितिको आह्वानमा १५ जेठदेखि राजधानीकेन्द्रित आन्दोलनको तयारी छ । समितिमा राप्रपा, राप्रपा नेपाल, राष्ट्रिय शक्ति पार्टी तथा राजसंस्था पक्षधर विभिन्न समूह छन् । उनीहरूले आन्दोलनमा शक्ति प्रदर्शन गर्ने प्रयास गरेका छन् ।

मनसुन 'साइरन'...

पृष्ठ १ बाट क्रमशः

केही जिल्लाबाहेक अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने अनुमान छ । 'समग्रमा तराईका चार-पाँच जिल्लाबाहेक देशभर नै सरदरभन्दा बढी वर्षा हुने सम्भावना देखिएको छ । तर, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशमा विशेष ध्यान दिनु आवश्यक छ,' जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशीले भने, 'पोहोर पूर्वसूचनाका कारण कञ्चनपुरमा रेकर्डब्रेक वर्षाले पनि मानवीय क्षति हुन पाएन । तर, पूर्वसूचना हुँदाहुँदै ख्याल नगर्दा काठमाडौंलगायत क्षेत्रमा ठुलो क्षति भयो । यसपालि त्यस्तो नहोस् भनेर सबै सजग हुन जरुरी छ ।'

औसत वा औसतहाराहारी वर्षा हुने क्षेत्र विशेष गरी तराई क्षेत्रमध्येमा भएकाले उत्तरबाट बगेर आउने बाढीले डुबानको असर पर्न सक्ने आकलन छ । नेपालमा सामान्यतः जेठ अन्तिम साता अर्थात् १३ जुनमा मनसुन भित्रिन्छ भने २ अक्टोबरसम्म रहन्छ । तर, कहिले मनसुन भित्रिन्छ र सुरुवाती अवस्था कस्तो हुन्छ भनेर नेपालले प्रक्षेपण गर्न भने सकेको छैन । नेपाल मात्र होइन, यसपटक दक्षिण एसियाली मुलुकमै औसतभन्दा धेरै वर्षाको आकलन दक्षिण एसियाली मौसम आउटलुक फोरम (सास्कोफ) ले गरेको थियो ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पोहोर बर्खामा पहिरोमा ३५१ र बाढीबाट ९७ जनाले ज्यान गुमाएका थिए ।

बाढीपहिरोको जोखिम, पोहोर क्षतिग्रस्त सडक जोखिममा

विभागका वरिष्ठ मौसमविद् विभूति पोखरेलका अनुसार प्रिमनसुनमा पर्याप्त पानी परेकाले चिस्यान अधिक छ । उनका अनुसार खोलानालामा पानी पनि बढिरहेका वेला मनसुनको सुरुवातमै हुने वर्षाले पनि क्षति पुऱ्याउन सक्ने जोखिम हुन्छ । 'पूर्वतयारी होस् भनेर ऋतुगत आकलन गरिएको हो । सरदरभन्दा बढी वर्षा हुने र तापक्रम पनि बढी हुने भएकाले अघिल्लो वर्ष बर्खामा क्षति भएका पूर्वाधारमा झन् क्षति हुन सक्छ,' पोखरेलले भनिन्, 'जुनमा सरदरभन्दा बढी वर्षा हुने देखिए तापनि जुलाई र अगस्टमा मनसुन ब्रेक भएमा अपेक्षित वर्षा नहुन सक्छ ।' प्रिमनसुन सकिन एक साता बाँकी छँदा यो सिजनको औसत वर्षा (२२८.९ मिलिमिटर) को ९१ प्रतिशत वर्षा भइसकेको छ । विभागका मौसमविद् सुदर्शन हुमागाईंले मनसुनको सरदरभन्दा बढी वर्षा हुन्छ भन्नुको अर्थ चार महिना, सबै क्षेत्रमा एकनासको वर्षा हुन्छ भन्ने नहुने बताए । 'यसलाई डाइनामिक रूपमा हेर्नुपर्छ । १५ दिन सुक्खा भएर पाँच दिन पानी पर्न पनि सक्छ । सेप्टेम्बरमा तातो हावाको लहर चलेको थियो । तर, अन्तिममा तीन दिनमै मनसुनयामको नौ प्रतिशत पानी (१०, ११ र १२ असोज)मा पऱ्यो,' उनले भने, 'यसपलि पनि यस्ता विषम घटना हुन सक्छन् । सन् २०२० देखि नेपालमा सबै ऋतुमा न्यूनतम तापक्रम बढेको छ ।'

सडक विभागका उपमहानिर्देशक अर्जुनप्रसाद अर्यालले यसअघि बाढीपहिरोका कारण क्षति पुगेका सडक पूर्वाधारमा यसपालि समस्या हुन सक्ने बताए । 'अहिले सबै सडक सञ्चालनमा छन् । तर, बर्खामा बिपी, अरनिको राजमार्ग तथा पूर्व-पश्चिम राजमार्गको दाउन्ने खण्डमा समस्या हुन सक्छ,' अर्यालले भने, 'अवरुद्ध भइहाले सुचारु गर्न हामीले उपकरणसहित जनशक्तिको बन्दोबस्त त गरेका छौँ । तर, बिपी र अरनिको राजमार्गमा पोहोरको बाढीले क्षति गरेकाले बर्खाभर सुचारु नहुन सक्छ ।'

अर्यालले बिपीको नौ किलोमिटर सडक नै बगेको र अन्य राजमार्गमा पनि पुल, कल्भर्ट बगेकाले तत्काल सुचारु गर्ने गरी काम हुने बताए । 'पूर्ववत् अवस्थामा ल्याउन नयाँ ठेक्काको काम अगाडि बढेको छ । बर्खाअघि काम हुँदैन । तर, हाम्रो जोड भनेको महिनौँसम्म सडक अवरुद्ध नहोस् भन्ने हुन्छ । बाढीपहिरोमा रोकिए पनि त्यसपछि खोलेर चलाउन सकिने गरी काम गरिरहेका छौँ,' उनले भने ।

विपत् व्यवस्थापनविज्ञ धर्मराज उप्रेतीले मनसुन कृषि, जलविद्युत्, जडीबुटीसहित मानवजीवनसँग जोडिएको भए पनि पछिल्ला वर्षमा 'बढी पानी पर्छ भन्नुको अर्थ त्रासमा हुनुपर्ने अवस्था रहेको' बताउँछन् । 'कुन ठाउँमा कति पानी पर्दा पहिरो जान सक्छ भनेर १६ वर्षअघिको मापदण्ड छ । हामीले पुनरावलोकन गर्न सकेका छैनौँ । अहिले पानी पर्ने प्रवृत्ति पनि फेरिएको छ,' उप्रेतीले भने, 'पछिल्ला वर्षमा स्थानीय र प्रदेश सरकार आएपछि पूर्वाधार निर्माण अझ बढेको छ । तर, यसले अध्ययनविना नै खनिएका सडकले पहिरो खस्दा पनि बर्खामा जोखिम अझ बढिरहेको हो ।'

पोहोर मध्य असोजको बाढीले राजधानीसँगको सडक सञ्जाल नै अवरुद्ध भएको उदाहरण दिँदै उप्रेतीले पूर्वतयारीका काम चुस्त बनाउनुपर्ने बताए । 'सडक अवरुद्ध हुन सक्ने जोखिम उत्तिकै हुन्छ । त्यही भएर सरकारले दुर्गम क्षेत्रमा अत्यावश्यक सेवासहित खाद्यान्न ढुवानी गर्न ढिला गर्नुहुँदैन । स्थानीय सरकारलाई बढी उत्तरदायी बनाउने, विपत् व्यवस्थापन समितिलाई सक्रिय बनाउने र विपत् प्राधिकरणबाट सूचना प्रवाह चुस्त बनाउनुपर्छ,' विपत् व्यवस्थापनविज्ञ उप्रेतीले भने ।

कहाँ पुग्यो मनसुन, कहिले आउँछ नेपाल ?

यसपटक औसतभन्दा नौ दिनअघि १३ मेमा दक्षिण एसियाली मनसुन सुरु भएको छ । भारतको जल तथा मौसम विज्ञानले बुधबार बुलेटिन जारी गर्दै आगामी चार-पाँच दिनमा केरला क्षेत्रमा मनसुन पुग्ने आकलन गरिसकेको छ । हाल दक्षिण अरब सागरका केही क्षेत्र र मालदीपका दुईतिहाइ क्षेत्रमा मनसुन पुगिसकेको छ । केरलामा ३० मेमा मनसुन पुगेमा नेपालको पूर्वी भेगमा औसत अर्थात् १३ जुनहाराहारीमा मनसुन आगमन हुने आकलन गरिन्छ । तर, यसपटक औसतभन्दा अगाडि नै मनसुन उत्पन्न भएकाले अबको १३-१४ दिनमा मनसुन पुग्न सक्ने आकलन एकथरी मौसमविद्ले गरेका छन् । तर, मनसुनी हावा कहिले आइपुग्छ भनेर अहिले नै भन्न नसकिने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०२/०८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

	तपसिल
१	**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण (ठमेल शाखा, काठमाडौं)**
	कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९/११/१६ मा दर्ता नं. ३०८१०९/०७९/०८० अन्तर्गत दर्ता भएको **सन्जय सर्भिसेज सेन्टर प्रा. लि.** । ठेगाना : काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ४, ब्रह्मखेल ।
	ऋणी कम्पनीका संचालक तथा ब्यक्तिगत जमानतकर्ताको विवरण
	१. तुलाराम गौतमको नाति मिनप्रसाद गौतमको छोरा काभ्रे जिल्ला, पाल्लेखेत गा.वि.स वडा नं. ८ बस्ने, ना.प्र.नं. १२५३५० (जारी मिति: २०६०/१०/२८, स्थान काभ्रेपलाञ्चोक) भएका **खेमराज गौतम** । २. रुपन चौधरीको नाति चुनी लाल चौधरीको छोरा मोरङ जिल्ला, दुलारी गा.प. वडा नं. ३ स्थायी घर भई हाल मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ३ बस्ने, ना.प्र.नं. २७३९१/०३५ (जारी मिति ०३५/७/२८, स्थान मोरङ) भएका **प्रभु नारायण चौधरी** । ३. चुनी लाल चौधरीको नाति प्रभु नारायण चौधरीको छोरा मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ९ बस्ने, ना.प्र.नं. ३१०३८ (जारी मिति ०५३/१२/१९, स्थान मोरङ) भएका **सत्य नारायण चौधरी** ।
	धितोको विवरण
	१. मोरङ जिल्ला, दुलारी गा.प. वडा नं. ३ स्थायी घर भई हाल मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ३ बस्ने, **प्रभु नारायण चौधरी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ३, नक्सा सिट नं ३क मा अवस्थित कि.नं. ५३२ क्षेत्रफल ०-११-१०-० विगाह घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । २. मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ९ बस्ने, **सत्य नारायण चौधरी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ३, नक्सा सिट नं ३क मा अवस्थित कि.नं. क्रमश: ५४७ र ६६३ क्षेत्रफल क्रमश: ०-५-० र ०-७-० विगाह घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२	**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (हात्तीगौंडा शाखा, काठमाडौं)**
	प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७७/०४/१५ मा प्राइभेट फर्म दर्ता नं. ९४२ अन्तर्गत दर्ता भएको **सृष्टी सुवास कृषी फर्म** । ठेगाना : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. २, वासिकु बदेली मार्ग । **ऋणी फर्मका प्रोप्राइटर:** खड्ग बहादुरकी नातीनी रुद्र बहादुर दमाईकी छोरी धादिङ्ग जिल्ला, केवलपुर गा.वि.स वडा ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ७४१४ (जारी मिति: २०६०/८/२७, स्थान धादिङ्ग) भएकी **लक्ष्मी परियार** ।
	ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण
	मुराली दमाईकी नातीनी भुन्टे दमैकी छोरी रुद्र बहादुर दमाईकी श्रीमती धादिङ्ग जिल्ला, केवलपुर गा.वि.स वडा ९ बस्ने, ना.प्र.नं. २/१६४२ (जारी मिति: २०५९/२/१९, स्थान धादिङ्ग) भएकी **कृष्ण माया दमिनी** ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

भूलसुधार

वैदेशिक रोजगार विभाग ताहचल काठमाडौंको मिति २०८२/०२/०७ गतेको सूचनामा रकम रु. ३,५३,००,००,०००/- (अक्षरुपी तीन अर्व ५३ करोड मात्र) र पेश गर्ने अन्तिम मिति २०८२/०२/१३ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्चाइएको छ ।

भिजिट भिसामा...

पृष्ठ १ बाट क्रमशः

निर्देशनमा हतार-हतार भट्टराईलाई अध्यागमनबाट सरुवा गरेर मन्त्रालयमा ल्याएको थियो । उनको ठाउँमा अर्का सहसचिव विष्णुप्रसाद कोइरालालाई पठाएको थियो । सरुवा भए पनि भट्टराईले रमाना लिइसकेका थिएनन् । अख्तियार टोलीले उनलाई कार्यालयबाटै नियन्त्रणमा लिएको थियो । भट्टराई गत २३ असोजमा विमानस्थलस्थित अध्यागमन कार्यालयमा हाजिर भएका थिए ।

स्रोतका अनुसार भिजिट भिसाको सेटिङमा ट्राभल एजेन्सीहरूसमेत जोडिएका छन् । 'डिभाइसहरू नियन्त्रणमा लिइएका छन्,' स्रोत भन्छ,' यसबाट धेरै कुरा खुल्दै जाला ।' अध्यागमनको यस्तो सेटिङको सञ्जाल गृह मन्त्रालयसम्म देखिएको स्रोत बताउँछ ।

अख्तियार प्रवक्ता राजेन्द्रकुमार पौडेलले विस्तृत अनुसन्धान भइरहेको बताए । 'कर्मचारी र एजेन्टको बरामद मोबाइलबाट तस्करीको नेटवर्क खुल्ने हाम्रो आशा छ,' अख्तियारका एक अधिकारीले भने । एजेन्ट र कर्मचारीबिच हुने गरेका भेटघाटमाथि निरन्तर निगरानी गरेर बुधबार उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

भट्टराईअघि विमानस्थल अध्यागमनको नेतृत्वमा सहसचिव सुरेश पन्थी थिए । उनीमार्फत सेटिङ नचल्ने भएपछि गृहमन्त्री लेखकले चार महिना नपुग्दै हटाएर भट्टराईलाई विमानस्थल अध्यागमनमा पठाएका थिए । उनी विवादास्पद पृष्ठभूमिका कर्मचारी हुन् । १० वर्षअघि काठमाडौंको स्थानीय विकास अधिकारी छँदा त्रिपाल खरिदमा अनियमितता गरेको भन्दै उनीविरुद्ध अख्तियारले मुद्दा दायर गरेको थियो । पछि सफाइ पाएका उनी सेवामा जोडिएपछि पनि शक्तिकेन्द्रसँग निकट भई आकर्षक पोस्टिङमा खटिँदै आएका थिए ।

स्रोतका अनुसार भट्टराईले अध्यागमनमा कोर टिम बनाएर मानव तस्करीको सञ्जाल चलाएका थिए । उनको कोर टिममा अधिकृतहरू यज्ञराज अर्याल, दीपक पाण्डे, प्रभा अर्याल, भीष्मराज अर्याल, सरोज खनाल, कमलराज उपाध्यायलगायत रहेको स्रोतको भनाइ छ ।

भिजिट भिसाको सेटिङमा मनग्य आम्दानी हुने भएपछि विमानस्थल अध्यागमनमा जान खासगरी अधिकृत कर्मचारीको तँछाडमछाड हुने गरेको छ । एक अधिकृतका अनुसार त्यहाँ सरुवा भएर जान पाँच-सात लाखसम्म बुझाउनुपर्छ । कतिपय अधिकृतले वर्षमै करोडसम्म कमाउने गरेका छन् । यही आम्दानीका कारण कतिपय अधिकृतहरू चौथोपटकसम्म सरुवा मिलाएर गएका हुन् । सोही कारण अध्यागमनमा दरबन्दीभन्दा धेरै कर्मचारी छन् । अधिकृतको दरबन्दी १२१ रहेकामा १४० कार्यरत छन् । त्यस्तै, नासुको नौ दरबन्दीमा ३० जना कार्यरत छन् । धेरैजसो नासु कार्यालयमा भन्दा ट्राभल एजेन्सीका सञ्चालकसँग रेस्टुरेन्टमा बस्ने गरेको स्रोत बताउँछ । सेटिङ मिलाउन कर्मचारीहरूले गोप्य मोबाइलसमेत बोक्दै आएका थिए । तिनै मोबाइलमा एजेन्टहरूले सेटिङमा पठाउनुपर्ने व्यक्तिको सूची पठाउँथे ।

अध्यागमन पुगेका सबैजसो कर्मचारीहरू गृहमन्त्री लेखकको सचिवालयमार्फत गएको स्रोत बताउँछ । 'मन्त्रीको सचिवालयबाट ओके नभई अध्यागमनमा कोही जान सक्दैन,' मन्त्रालयका एक अधिकारी भन्छन्, 'यसमा प्रिपेडदेखि मासिक लेनदेन हुने गरेको छ ।' अध्यागमनको कर्मचारी सरुवामा गृहसचिव गोकर्णमणि दुवाडी, मन्त्रालयको कर्मचारी प्रशासनका अधिकृत गणेशदत्त ओझाको पनि विशेष चासो हुने गरेको छ । त्यस्तै, कांग्रेस र एमालेनिकट ट्रेड युनियनका नेताहरू पनि पहुँचका आधारमा अध्यागमनमा खटिएका छन् ।

अध्यागमनमा भिजिट भिसामा हुने सेटिङ नयाँ होइन । गत वर्ष पनि प्रहरीले अध्यागमनका आठ अधिकृतविरुद्ध मुद्दा चलाएको थियो । अख्तियारले पनि विगतमा बारम्बार मुद्दा चलाएको छ । तर, अहिलेजस्तो सेटिङ कहिल्यै नभएको कर्मचारीहरू बताउँछन् । यसरी सेटिङमा विदेश गएका धेरै महिलाहरू पछिल्लो समय कुवेत, ओमान र इराकसम्म लगेर बिक्री भएपछि उद्धारका लागि हारगुहार गरिरहेका छन् ।

पोखरा विमानस्थलको ...

पृष्ठ १ बाट क्रमशः

बढी भ्रष्टाचार भएको प्रतिवेदन लेखा समितिले गठन गरेको उपसमितिले तयार पारेको थियो । राप्रपा सांसद राजेन्द्र लिङ्देन नेतृत्वको उपसमितिले बुझाएको प्रतिवेदनमाथि बुधबार पूर्ण समितिमा छलफल भएको थियो । पाँच घण्टासम्म भएको छलफलपछि सभापति पोखरेलले विमानस्थल निर्माणदेखि सञ्चालनसम्म १५ प्रश्न उब्जिएको र अनियमितताको आशंका गर्ने प्रशस्त आधार भेटिएकाले थप अनुसन्धान गर्न अख्तियारलाई जिम्मा दिने निर्णय भएको जानकारी दिए ।

बैठकको सुरुमै बोलेका उपसमिति संयोजक लिङ्देनले प्रतिवेदन अख्तियारलाई दिएर थप अनुसन्धान गरी कारबाही अघि बढाउन निर्देशन दिनुपर्ने धारणा राखेका थिए । तर, त्यसलगत्तै बोलेका एमाले सांसद योगेश भट्टराईले प्रतिवेदन पूर्वाग्रहमा आधारित भएको, तर्कहरू मिल्दो नभएकोलगायत दाबी गर्दै थप छलफल गर्नुपर्ने बताएका थिए । तत्कालीन पर्यटनमन्त्री रहेका भट्टराई पनि अनियमिततामा जोडिएको आरोप लाग्ने गरेको छ । तर, उनले आफूमाथि छानबिन गर्न चुनौती दिँदै आएका छन् । भट्टराईलाई एमालेका अन्य सांसद गोकुल बाँस्कोटा, अच्युत मैनाली, ज्वालाकुमारी साह, सराज अहमद फारुकी र तारा लामाले साथ दिएका थिए । उपसमिति सदस्यसमेत रहेका बाँस्कोटा र लामाले त प्रतिवेदनमा 'फरक मत' नै राखेका छन् ।

तर, कांग्रेस सांसद राजन केसी, मञ्जु खाण, अर्जुननरसिंह केसी, दीपक गिरी, रामकृष्ण यादव र सञ्जय गौतम, माओवादी सांसद राजन दाहाल र अमनलाल मोदी, रास्वपा सांसद मनीष झा, हरि ढकाल र असिम शाह, एकीकृत समाजवादीका प्रेम आले र स्वतन्त्र सांसद डा. अमरेश सिंहले थप छानबिनका लागि फाइल अख्तियारमा पठाउनुपर्ने दबाब दिएका थिए । कांग्रेस प्रमुख सचेतकसमेत रहेका श्याम घिमिरेले सुरुमा थप छलफल गर्नुपर्ने बताए पनि अधिकांशको सुझावपछि उनी पनि केही भाषा सच्याएर पठाउन राजी भएका थिए ।

समितिमा उपसमिति संयोजक लिङ्देनको चेतावनी- समितिले अख्तियारलाई प्रतिवेदन पठाएन भने आफैँ लैजान्छु

१४ अर्ब लागतको परियोजना २२ अर्बमा ठेक्का दिएर नांगो आँखाले देख्ने गरी सोझै आठ अर्ब भ्रष्टाचार भएको छ । यति कुरा बुझ्नलाई के विज्ञता चाहिन्छ ? अनि यही पुष्टि गर्न विज्ञसँग थप समय लिएर कुरा गरौँ भन्नुको तात्पर्य के हो ? प्रतिवेदनमा भ्रष्टाचार कसुर गरेको भनेर नाम लेखिएको र नलेखिएको कसैले उन्मुक्ति नपाउने गरी सम्बन्धित निकायलाई अनुसन्धान गर्न लेखिपठाउँदा भइहाल्छ नि ।

२२ अर्बको ठेक्काभित्रै कर पनि तिर्नुपर्छ भन्ने सर्त छ । तर, दुई अर्बभन्दा बढी कर छुट दिने निर्णय भएको छ । यो भ्रष्टाचार हो । टेन्डर गर्दा जे-जस्तो सुविधा हुनुपर्छ भनिएको थियो, त्यसअनुसारको पूर्वाधार बनेको छैन । न्यारोबडी पूर्ण क्षमतामा उडान नै भर्न सक्दैन, सात-आठ टन वजन घटाउनुपर्छ । यिनै कारणले पोखरामा अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन । यति छर्लंगसँग आएको प्रतिवेदनबारे थप अध्ययन गर्ने भनेर मुद्दालाई ओझेलमा पार्ने र भ्रष्टाचारीलाई उन्मुक्ति दिन काम गर्नुहुँदैन । लेखा समितिले अख्तियारलाई प्रतिवेदन पठाउने प्रक्रिया अघि बढाएन भने मलाई यो फाइल अख्तियारमा लैजान पनि कसैले रोक्न सक्दैन ।

सभापति पोखरेलसहित एमाले सांसदहरू प्रतिवेदनकै विपक्षमा

बुधबार लेखा समिति बैठक दिउँसो १ बजेबाट सुरु थियो । तीन घण्टासम्म एकचरण छलफल भएपछि साँझ ५ बजेतिर सभापति पोखरेलले दुईमध्ये एउटा निर्णय गर्नुपर्ने दबाब रहेको सुनाए । 'प्रतिवेदनले १५ जति प्रश्न उठाएको छ, यी प्रश्न निराकरण नगरी अख्तियारलाई थप अनुसन्धानका लागि लेखी पठाउने वा अर्थ मन्त्रालय, महालेखा परीक्षक र नागरिक उड्डयन प्राधिकरणसँग विस्तृत छलफल गरेर मात्रै प्रतिवेदनलाई पूर्णता दिने,' उनको प्रस्ताव थियो । पोखरेलले दोस्रो विकल्प अर्थात् थप छलफल गर्नुपर्ने प्रस्ताव राखे । तर, अन्य सांसदले आपत्ति जनाउँदै बुधबारकै बैठकबाट प्रतिवेदन अख्तियारको जिम्मा लगाउने निर्णय हुनुपर्ने अड्डी कसे ।

त्यसपछि एमाले सांसद योगेश भट्टराईले प्राकृतिक न्यायको सिद्धान्तको हवाला दिँदै अनियमितताको आरोप लगाइएका व्यक्तिको बयान नलिई प्रतिवेदन टुंग्याउन नहुने तर्क गरे । 'अनियमितता भएको भनेर जसमाथि प्रश्न उठाइएको छ, उनीहरूको पनि कुरा सुन्नुपर्छ । यसका लागि महालेखा, अर्थ र उड्डयन प्राधिकरणका अधिकारीलाई बोलाएर सोधपुछ गर्नुपर्छ,' उनले भनेका थिए, 'जतिसुकै ठुलो अपराधी भए पनि उसले सफाइको मौका पाउनुपर्छ ।' तत्कालीन पर्यटनमन्त्रीसमेत रहेका भट्टराईले त्यसअघि बैठकको सुरुमै बोल्दा पनि प्रतिवेदन पूर्वाग्रहमा आधारित भएर बनाएको आरोप लगाउँदै भनेका थिए, 'प्रतिवेदनका कतिपय कुराहरू पूर्वाग्रहमा आधारित छन्, तर्क नै मिल्दैनन् । त्यसैले यसमा थप छलफल हुन आवश्यक छ ।'

भट्टराईलाई एमालेकै अर्का सांसद अच्युत मैनालीले पनि साथ दिए । प्रतिवेदनले भ्रष्टाचारमा संलग्न भनेर किटान गरेका आठजनालाई धन्यवाद दिनुपर्ने मैनालीको तर्क थियो । 'प्रतिवेदनमा कारबाही गर्नुपर्ने भनेर उल्लेख गरेका व्यक्तिहरू खासमा धन्यवादका पात्र हुन् । उहाँहरूले ठुलो जोखिम मोलेर अन्तर्राष्ट्रिय विमानस्थल बनाउनुभएको छ ।' मैनालीले उल्टै उपसमिति संयोजक र सदस्यहरू नै भ्रष्टाचारी भएको आरोप लगाएका थिए । 'प्रतिवेदन पूर्वाग्राही भएर लेखिएको छ । त्यसैले यो एकप्रकारको भ्रष्टाचार हो । यसमा सिंगो समिति संलग्न हुन सक्दैन,' उनले भनेका थिए । समितिमा रहेका एमालेका अन्य दुई सांसद गोकल बाँस्कोटा र तारा लामा तामाङ पोखरा विमानस्थल छानबिन समितिमै थिए । उनीहरूले प्रतिवेदनमा थप छलफल आवश्यक परेको भन्दै 'फरक मत' नै लेखेका थिए । बैठकमा एमाले सांसद ज्वालाकुमारी साहले पनि निष्पक्ष ढंगले छानबिन नभएको बताएकी थिइन् ।

पूर्वराष्ट्रपति...

पृष्ठ १ बाट क्रमशः

भ्रमण दलमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसमेत छन् । पूर्वराष्ट्रपति भण्डारी र प्रधानमन्त्री केपी ओलीबिच छलफलपछि भ्रमण तय भएको र सोहीअनुसार भ्रमणको स्वामित्व सरकार र एमाले दुवैले लिने गृहकार्य गरिएको एमालेका एक नेताले बताए । 'प्रधानमन्त्रीज्यूकै चाहनाअनुसार यो भ्रमणको स्वामित्व सरकारले पनि लिने, एमालेले पनि लिने गरी प्रतिनिधिमण्डलको चयन भएको हो,' प्रधानमन्त्रीनिकट ती एमाले नेताले भने, 'पार्टीको विदेश विभाग प्रमुख र क्याबिनेटका मन्त्रीको भ्रमण दलमा सहभागिताको अर्थ यही हो ।'

उनको भ्रमण दलमा एमाले सचिव तथा परराष्ट्र विभाग प्रमुख रहेका पूर्वउपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री रघुवीर महासेठ, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री भण्डारीसहित आठ सदस्य सहभागी हुनेछन् । यसबाहेक एमाले नेता एवं पूर्वमन्त्री कर्णबहादुर थापा, एमाले नेतृ एवं पूर्वसांसद गोमा देवकोटा, स्वर्गीय मदन भण्डारीका भाइ डा. कैलाश भण्डारी, भण्डारी राष्ट्रपति हुँदाका प्रमुख स्वकीय सचिव डा. भेषराज अधिकारी र सार्वजनिक प्रसारण संस्थानका अध्यक्ष डा. महेन्द्र विष्ट हुनेछन् । भण्डारी, अधिकारी र विष्ट मदन भण्डारी फाउन्डेशनका सदस्यसमेत हुन् । भ्रमण दलमा बेइजिङमा चीनका लागि नेपाली राजदूत डा. कृष्णप्रसाद ओली पनि सहभागी हुनेछन् । सगरमाथा संवादका लागि काठमाडौं आएका ओली मंगलबार बेइजिङ फर्केका थिए ।

भण्डारी सुरुमा बेइजिङ, त्यसपछि गान्सु प्रान्त हुँदै सिचुआनको छेन्दु भएर स्वदेश फर्किने गरी दश दिनको भ्रमण-तालिका तय भएको छ । एमाले सचिव एवं भ्रमण दलका सदस्य महासेठले पूर्वराष्ट्रपतिको भ्रमण १० देखि १९ जेठसम्मका लागि तय भएको बताए । 'भ्रमणलाई नेपाल सरकार र हाम्रो पार्टीले सकारात्मक रूपमा लिएका छन् । चीनसँग सम्बन्ध थप सुदृढ गर्न यो भ्रमण नेपालका लागि महत्त्वपूर्ण अवसर हो,' महासेठले भने । उनले भण्डारीको भ्रमण पूर्वराष्ट्रपतिका रूपमा हुन लागेकोले त्यही अर्थमा लिनुपर्ने पनि बताए ।

कार्यतालिकाअनुसार शनिबार राति काठमाडौंबाट ग्वान्जाओ हुँदै उनी आइतबार बेइजिङ पुग्नेछिन् । आइतबार साँझ चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभाग, चिनियाँ परराष्ट्र मन्त्रालयद्वारा आयोजित स्वागत समारोह तथा रात्रिभोजमा भण्डारी नेतृत्वको प्रतिनिधिमण्डल सहभागी हुनेछ । रात्रिभोजमा चीनको छिमेकी मुलुकहरूबाट आमन्त्रित नेताहरूसमेत सहभागी हुने कार्यक्रम छ । 'यो पूर्वराष्ट्रपतिको औपचारिक द्विपक्षीय भ्रमण होइन । छिमेकी देशका पार्टीहरूसँग चिनियाँ कम्युनिस्ट पार्टीको समबन्धबारे आयोजित कार्यक्रममा सहभागी हुन चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख लिउ जियान्चाओले उनलाई निमन्त्रणा गरेका थिए,' जानकार स्रोतले नयाँ पत्रिकासँग भन्यो । पूर्वराष्ट्रपति भण्डारी र चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभाग प्रमुख लिउ जियान्चाओबिच सोमबार अपराह्न भेटवार्ता तय भएको छ । तर, शीर्ष नेतासँगको भेटबारे चिनियाँ पक्षले जानकारी दिइसकेको छैन । भण्डारी सोमबार (१२ जेठ) छिमेकी मुलुकहरूका राजनीतिक दलहरूसँग चिनियाँ कम्युनिस्ट पार्टीको संवाद शीर्षक दिइएको कार्यक्रमको उद्घाटन समारोहमा प्रमुख अतिथिका रूपमा सहभागी हुनेछिन् । भण्डारीले समारोहलाई सम्बोधन गर्ने कार्यक्रम छ । सोही समारोहमा एमाले नेताद्वय महासेठ र थापाले चिनियाँ कम्युनिस्ट पार्टीको कार्यक्रमलाई सम्बोधन गर्ने कार्यक्रम छ । उद्योगमन्त्री भण्डारीले पनि कार्यक्रमको एउटा सत्रलाई सम्बोधन गर्नेछन् ।

मंगलबार (१३ जेठ)मा पूर्वराष्ट्रपति भण्डारीले बेइजिङको तियानमेन स्क्वायरस्थित चिनियाँ नेता माओत्सेतुङको समाधि हलको र फरबिडन सिटीको भ्रमण गर्ने कार्यक्रम छ । त्यही दिन उद्योगमन्त्री भण्डारीले चाइना काउन्सिल फर द प्रमोसन अफ इन्टरनेसनल ट्रेडका (सिसिपिआइटी)का नेतासँग भेटवार्ता गर्नेछन् । मदन भण्डारी फाउन्डेसनका अधिकारी र भण्डारीले चाइना पिस डेभलपमेन्ट फाउन्डेसनमा नेताहरूसँग बेग्लै भेटवार्ता गर्ने कार्यक्रम छ । सोही दिन बेइजिङ इकोनोमिक डेभलपमेन्ट डिस्ट्रिक्टको भ्रमण समेर पूर्वराष्ट्रपति भण्डारीको प्रतिनिधिमण्डल गान्सु प्रान्त जाने कार्यक्रम छ । बुधबार र बिहीबार (१४ र १५ जेठ) भ्रमण दलले गान्सु प्रान्तको डुनहुवाङमा सहरका विभिन्न विकास मोडलको अवलोकन गर्ने कार्यक्रम छ । बिहीबार साँझ उनीहरू चिनियाँ वरिष्ठ नेताद्वारा आयोजित स्वागत समारोहमा सहभागी हुने कार्यक्रम छ । वरिष्ठ नेताको नाम कार्यतालिकामा उल्लेख छैन । तर, उनी उपराष्ट्रपति हान झेङ हुने एमाले विदेश विभागको अपेक्षा छ ।

'हाम्रो पार्टीको विदेश विभाग दुई देशको सम्बन्ध थप गहिरो होस् र नेपालको भौतिक विकासमा चिनियाँ सहयोग थप वृद्धि होस् भन्ने चाहन्छ । यो भ्रमण त्यसका लागि सहयोगी सिद्ध हुन्छ भन्नेमा हामी विश्वस्त छौँ,' महासेठले भने, 'त्यसैअनुसार भ्रमणका क्रममा पूर्वराष्ट्रपति नेतृत्वको प्रतिनिधिण्डलले चिनियाँ शीर्ष नेताहरूसँग भेटवार्ता गर्नेछ ।

शुक्रबार (१६ जेठ) पूर्वराष्ट्रपति भण्डारीले चीन सरकारद्वारा गान्सु प्रान्तको डुनहुवाङ सहरमा आयोजित सभ्यताहरूबिच आदान-प्रदान र पारस्परिक सिकाइसम्बन्धी चौथो संवाद कार्यक्रमको उद्घाटन समारोहमा सम्बोधन गर्ने कार्यक्रम छ । उनी कार्यक्रमको मुख्य अतिथि रहनेछिन् । कार्यक्रममा लाओसका राष्ट्रिय सभाका उपाध्यक्षसहित विभिन्न देशबाट राजनीतिक नेताहरू सहभागी हुने कार्यक्रम छ । गान्सु प्रान्तस्थित चिनियाँ कम्युनिस्ट पार्टीका शीर्ष नेता तथा सरकारी उच्च अधिकारीसँग पनि भेटवार्ताको कार्यक्रम छ । भण्डारी नेतृत्वको प्रतिनिधिमण्डल शनिबार (१७ जेठ) उच्च गतिको रेलमा गान्सु प्रान्तकै जियायुगुआन भ्रमणमा जाने, आइतबार (१८ जेठ) जियायुगुआनबाट प्रतिनिधिमण्डल सिचुआन प्रान्तको छेन्दु पुग्ने र सोमबार (१९ जेठ) स्वदेश फर्किने कार्यक्रम छ ।

Bagamati Province Government
Ministry of Health
Health Directorate
Trishuli Hospital
Trishuli, Nuwakot

Invitation for Bids

Publication: 2082.02.08

Trishuli Hospital invites electronic bids from eligible bidders for the below-mentioned activities in Trishuli Hospital under National Competitive Bidding procedure. Eligible Bidders may obtain further information at the office of Trishuli Hospital or may visit PPMO website: www.bolpatra.gov.np/egp

S. No.	Notice No.	Tender Description	Bid Document Fee	Bid Security	Last date of Bid submission	Bid opening date
1.	TH/NCB/GOODS/2081/82-14	The Procurement of Supply, Delivery, Installation & Commissioning of Computer Networking System for EMR Program at Trishuli Hospital	Rs. 3,000.00	Rs. 109,500.00	22-06-2025 12:00 hours	22-06-2025 13:00 hours

Trishuli Hospital, Trishuli

दुई वर्षमा पनि टुंगो लागेन कोशी प्रदेश सभा नियमावली विवाद

प्रदेशको नाम संशोधन गर्न मिल्ने व्यवस्था थप्न माओवादीसहित प्रतिपक्षी दलको माग



● **लीलाबल्लब अधिकारी**, संयोजक, नियमावली मस्यौदा समिति

मुख्यतः प्रदेशको नामांकन र राजधानीको विषय पुनः संशोधन गर्ने कि नगर्ने भन्ने विषयमा सहमति जुटेको छैन । माओवादीसहितका दलले पुनः नामांकन गर्न सक्ने व्यवस्था ल्याउन अडान राखेका छन् भने हामीले राजधानी र नामांकनको विषय टुंगिसकेकाले नियमावलीमा राख्नुपर्ने औचित्य देखेका छैनौं ।



● **अम्बरबहादुर विष्ट**, सभामुख, कोशी प्रदेश सभा

राजनीतिक दलका नेतृत्वसँग बसेर मुख्यतः नामांकनको विषयमा सहमति खोजिनेछ । भरसक सहमति गरेर अघि बढ्ने योजना छ । भएन भने विधिसम्मत अघि बढ्छौं । सार्तौं अधिवेशनमा नियमावली टुंगो लगाउने योजना छ ।



झापामा **चिरञ्जीवी घिमिरे**

कोशी प्रदेश सभा सञ्चालन नियमावली विवाद दुई वर्षसम्म पनि टुंगो लागेको छैन । प्रदेश सभाको दोस्रो कार्यकालको सार्तौं अधिवेशन ४ वैशाखबाट सुरु भइसक्दा पनि अझै सभा सञ्चालन नियमावली बन्न सकेको छैन । कोशी प्रदेश सभाले पुरानै नियमावलीबाट ६ वटा अधिवेशन सकेको छ भने सार्तौं अधिवेशन पनि सञ्चालन भइरहेको छ ।

छैटौं अधिवेशन अन्त्य भएपछि एमाले सांसद लीलाबल्लब अधिकारीको संयोजकत्वमा रहेको मस्यौदा समितिले मुख्य विवादको विषय नै टुंगो नलगाई करिब दुई साताअघि सभामुख अम्बरबहादुर विष्टलाई प्रतिवेदन बुझाएको थियो । मुख्य विवादको टुंगो नलागेकाले मस्यौदा प्रदेश सभामा पेस हुनेमा अन्योल छ । माओवादीसहित प्रतिपक्षी दलले प्रदेशको नाम संशोधन गर्न मिल्ने व्यवस्था पनि थपेर नियमावली बनाउनुपर्ने माग गर्दै आएका छन् । प्रदेशको नाम संशोधनका लागि २५ प्रतिशत प्रदेश सभा सदस्यले संशोधनका लागि प्रस्ताव गर्न सक्ने र त्यसमा छलफल गरी सभामुखले एक वर्षमा एकपटक मतदान गराउन सक्ने गरी प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले संशोधन हालेपछि नियमावली बन्न सकेको छैन ।

■ सर्वदलीय सहमति खोज्न सभामुखसमक्ष आग्रह

प्रदेशको नामांकन कोशी राखेपछि पहिचानवादी समूहले कोशीमा आन्दोलन गर्दै आएका छन् । पहिचान पक्षधरको मागलाई समेट्न संशोधन गर्नुपर्ने पक्षमा प्रतिपक्षी माओवादी, एकीकृत समाजवादी, जनता समाजवादी पार्टीलगायतले माग राख्दै आएका छन् ।

तर, सत्तापक्षीय दलले भने प्रदेशको नामांकन र राजधानीको विषय टुंगिसकेकाले यसको औचित्य नहुने बताउँदै आएका छन् । मुख्य विषय विवादमा रहेको प्रदेशको पुनः नामांकनको विषय नियमावलीमा राख्ने कि नराख्ने भन्ने नटुंगिँदा सार्तौं अधिवेशनमा पनि प्रदेश सभाको आफ्नै नियमावली बन्ने हो कि नबन्ने हो भन्ने अन्योल भएको छ । यो विवादित विषय टुंग्याउन समितिले सभामुख विष्टलाई सर्वदलीय सहमति खोज्न आग्रह गरिएको समिति संयोजक लीलाबल्लब अधिकारीले बताए । 'अन्य विषय टुंग्याएर नामांकनको विषयलाई सर्वदलीय सहमति खोज्न सभामुखलाई आग्रह गर्दै प्रतिवेदन बुझाएका छौं । भरसक अल्पमत र बहुमत नगरी नियमावलीलाई सहमतीय दस्ताबेज बनाउन सहमति खोज्न यसो गरेका हौं । सर्वदलीय बैठक राख्न हाम्रो कार्यक्षेत्र पर्दैन । त्यही भएर सभामुखलाई आग्रह गरेका छौं,' उनले भने, 'मुख्यतः प्रदेशको नामांकन र राजधानीको विषय पुनः संशोधन गर्ने कि नगर्ने भन्ने विषयमा सहमति जुटेको छैन । माओवादीसहितका दलले पुनः नामांकन गर्न सक्ने व्यवस्था ल्याउन अडान राखेका छन् भने हामीले राजधानी र नामांकनको विषय टुंगिसकेकाले नियमावलीमा राख्नुपर्ने औचित्य देखेका छैनौं । समितिमा दलको प्रतिनिधि हुन्छ । नेताले भनेको अडान यहाँले लिनुहुने भयो । दलका नेतालाई नै बोलाएर गरेपछि हुन्छ भन्ने हाम्रो बुझाइ हो ।'

■ राजनीतिक दलका प्रतिनिधिसँग छलफल गरिने

सभामुख अम्बरबहादुर विष्टले समितिबाट प्रतिवेदन प्राप्त भएकाले अब राजनीतिक सहमति खोजिने बताए । उनले बिहीबार संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिसँग बसेर टुंगो लगाउने बताए । 'राजनीतिक दलका नेतृत्वसँग बसेर मुख्यतः नामांकनको विषयमा सहमति खोजिनेछ,' सभामुख विष्टले भने, 'भरसक सहमति गरेर अघि बढ्ने योजना छ । भएन भने विधिसम्मत अघि बढ्छौं । सार्तौं अधिवेशनमा नियमावली टुंगो लगाउने योजना छ ।'

■ दुई वर्षअघि पनि पनि सदनबाट फिर्ता भएको थियो नियमावली

यसअघि प्रमुख प्रतिपक्षी दल माओवादीले अघिल्लो नियमावलीले सदन चलाउन नहुने अडान लिएपछि नियमावलीलाई सभामुख अम्बरबहादुर विष्टले छैटौं अधिवेशनको अन्त्यमा मस्यौदा समितिमै फर्काएका थिए । तर, नियमावली पेस नहुँदै प्रदेश सभाको छैटौं अधिवेशन नै अन्त्य भएको थियो ।

कोशी प्रदेशका सदस्यले ११ पुस ०७९ मा शपथ लिएका थिए । लगत्तै, १७ पुसमा पहिलो बैठक बसेको थियो । तर, पहिलो बैठक नै अघिल्लो कार्यकालको नियमावलीअनुसार बसेको थियो । त्यसै वेला प्रदेश सभा सञ्चालन नियमावली मस्यौदा गर्न समिति बनाए पनि हालसम्म कोशी प्रदेश सभा पुरानै नियमावलीको भरमा सञ्चालन भइरहेको छ । एमाले सांसद लीलाबल्लब अधिकारी नेतृत्वको नियमावली मस्यौदा समितिले १५ चैत ०७९ मै सभामुखलाई मस्यौदा बुझाएपछि सदनमा पेस भएको थियो । तर, माओवादीले दुई वर्षअघि प्रदेशको नाम संशोधन गर्न मिल्ने व्यवस्था पनि थपेर नियमावली ल्याउनका लागि संशोधन हालेपछि छलफल नै अगाडि बढेन । कोशी प्रदेश सभाले अढाई वर्षसम्म अघिल्लो कार्यकालको नियमावलीले प्रदेश सभा सञ्चालन गर्दै आएको छ । छैटौं अधिवेशनमा आएर प्रतिपक्षले अघिल्लो कार्यकालको नियमावलीले सदन चलाउन नहुने भनेपछि सभामुख अम्बरबहादुर विष्टले नयाँ ढंगबाट मस्यौदा ल्याउन समितिमा फर्काइदिएका थिए ।

कीर्तिपुरको झिगु तिबः सहकारीद्वारा सर्वसाधारणको १० करोड हिनामिना

डेढ वर्षदेखि सहकारी बन्द, नगरपालिकाले समेत बेवास्ता गरेको बचतकर्ताको आरोप

नयाँ पत्रिका

कीर्तिपुरस्थित झिगु तिबः बचत तथा ऋण सहकारी संस्थामा सर्वसाधारणको करिब १० करोड रुपैयाँ बचत फसेको छ । डेढ वर्षदेखि बन्द अवस्थामा रहेको सहकारीमाथि कीर्तिपुर नगरपालिकाले गरेको छानबिनबाट समेत रकम हिनामिना भएको पुष्टि भएको हो ।

सहकारीले रकम हिनामिना गरेको भन्दै बचतकर्ताले उजुरी दिएपछि नगरपालिकाले छानबिन गरेको थियो । छानबिनबाट हिनामिना पुष्टि भए पनि सहकारी सञ्चालकबाट रकम असुलेर बचत फिर्ता गर्न नगरपालिकाले पहल नगरेको पीडितहरूको आरोप छ ।

पीडितले नगरपालिकासहित विभिन्न निकायमा उजुरी गरे पनि सुनुवाइ नभएको बताएका छन् । नगरपालिकाले आफूले पनि समस्या समाधानका लागि चासो नदिएको र कारबाहीका लागि प्रहरीलाई पत्राचार पनि नगरेको संस्थाका पूर्वसचिव राजु महर्जन बताउँछन् । 'हामीले विभिन्न निकायमा उजुरी गर्दा पनि सुनुवाइ हुन सकेको छैन,' उनी भन्छन्, 'नगरपालिकाकै क्षेत्राधिकार भन्दै अन्य निकायले छानबिन गरेका छैनन्, नगरपालिकाले चासो दिएको छैन ।'

■ सहकारीमा २५ सय बचतकर्ता

कीर्तिपुर- ९ पाँगामा रहेको उक्त सहकारी बचतकर्ताको पैसा फिर्ता दिन नसकेपछि डेढ वर्षदेखि बन्द छ । सहकारीमा करिब दुई हजार पाँच सय बचतकर्ता छन् । पीडितको दबाबपछि नगरपालिकाले छानबिनसमेत गरेको थियो । सञ्चालकहरूले नै नक्कली ऋणी खडा गरी कर्जा प्रवाह गरेर हिनामिना गरेको कीर्तिपुर नगरपालिकाले गरेको छानबिन प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनका आधारमा सञ्चालकबाट पैसा असुलेर बचत फिर्ता गर्ने आश्वासन दिए पनि नगरपालिकाले त्यसका लागि कुनै पहल नगरेको पीडितहरू बताउँछन् ।

०६७/६८ मा स्थापना भएको सहकारीका संस्थापक अध्यक्ष श्रीकृष्ण महर्जन हुन् । उनीपछि नन्दबहादुर महर्जन अध्यक्ष बनेका थिए । उनीहरू नाताले सम्धी हुन् । श्रीकृष्णकी बुहारी तथा नन्दबहादुरकी छोरी सृष्टि महर्जन सहकारीको प्रबन्धक थिइन् । नन्दबहादुर हाल अस्ट्रेलिया छन् । छानबिनका क्रममा उनीहरू तीनैजनाले आर्थिक हिनामिना गरेको भेटिएको थियो ।



नगरपालिकाले समस्या समाधानमा ढिलाइ गरेपछि बचतकर्ताले दुई साताअघि प्रहरीमा जाहेरी दिएका छन् । तर, प्रहरीले नगरपालिकाबाट पत्र आएपछि मात्र कारबाही अघि बढाउने जनाएको छ । माघ ०८० मा बसेको संस्थाको १०औं साधारणसभाले जनकलाल महर्जनलाई अध्यक्ष चयन गरेको थियो । उनी अध्यक्ष भएयता सहकारी सञ्चालन हुन सकेको छैन ।

कीर्तिपुरका मेयर कृष्णमान डंगोलले नगरपालिकाले सहकारी सञ्चालनका लागि पहल गरिरहेको बताए । 'पीडितहरूको उजुरीका आधारमा छानबिन गरेर प्रतिवेदन पनि बनाएका छौं,' उनी भन्छन्, 'दुवै पक्षलाई छलफलमा बोलाएर सहकारी सञ्चालन गरी बचत रकम फिर्ताको वातावरण बनाउन सहकारी शाखालाई भनेका छौं, छलफल भएजस्तो लाग्दैन, समस्या समाधानका लागि सहजीकरणको प्रयास गरिरहेका छौं ।' छानबिनका क्रममा पूर्वअध्यक्ष नन्दबहादुरले रामकाजी महर्जनका नाममा नक्कली कर्जा निकालेको खुलेको थियो । यस्तै, जुना महर्जनका नाममा पनि त्यसैगरी नक्कली ऋणी खडा गरी रकम हिनामिना भएको छ ।

■ बेरुजु असुल गरी सहकारी चलाउँछौं : अध्यक्ष महर्जन

संस्थाका अध्यक्ष जनकलाल महर्जन पूर्वसञ्चालकको नाममा रहेको बेरुजु असुल गरी सहकारी चलाउने प्रयास भइरहेको बताउँछन् । 'पूर्वसञ्चालकहरूबाट सहकारीमा हिनामिना भएको रहेछ, पूर्वअध्यक्ष अस्ट्रेलिया जानुभएको छ,' उनी भन्छन्, 'फर्किएर बेरुजु देखिएको सबै पैसा तिर्छु भन्नुभएको छ, उहाँको जग्गा रोक्का पनि राखिएको थियो, सहकारी चलाएर पैसा फिर्ता दिने प्रयास भइरहेको छ ।'

संक्षेप

प्रदेशभरको नमुना परीक्षण अब कोशी जनस्वास्थ्य प्रयोगशालामै

विराटनगर/ कोशी प्रदेश जनस्वास्थ्य प्रयोगशालाले अब प्रदेशभरिका नमुना परीक्षण गर्ने भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, काठमाडौंसँग नमुना प्रेषण तथा परीक्षणका लागि सहमति भएपछि प्रयोगशालाले प्रदेशभरको नमुना परीक्षण गर्ने भएको हो । यसअघि विदेश पठाउने गरिएका महँगा नमुना परीक्षण पनि अब प्रयोगशालाले नै गर्ने भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु, काठमाडौं र प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कोशी, विराटनगरबिच उपलब्ध नभएका सेवाहरू नागरिकलाई सर्वसुलभ उपलब्ध गराउनेबारे मंगलबार सहमति भएको छ । यो सेवाबाट कोशी प्रदेशका बिरामीलाई महँगो खर्च गरेर विदेशमा गएर स्वास्थ्य परीक्षण गराउनुपर्ने र अस्पताल तथा प्रयोगशालालाई नमुना विदेश पठाउनुपर्ने बाध्यता पनि अन्त्य भएको छ । प्रयोगशालाका निमित्त निर्देशक चन्द्रप्रकाश कार्कीका अनुसार सहमतिसँगै स्थानीय तहदेखि प्रादेशिक तथा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबिच कुरिअर सेवामार्फत प्रयोगशालाहरूको सञ्जालीकरण एकीकृत भएको छ । यसले प्रयोगशाला क्षेत्रमा तीनै तहका सरकारहरूबिच समन्वय र सहकार्य थप सुदृढ बनाएको छ ।

साउनदेखि कांग्रेसले नयाँ सदस्यता दिने

काठमाडौं/ कांग्रेसले आगामी साउनदेखि पार्टीको नयाँ सदस्यता वितरण गर्ने भएको छ । क्रियाशील सदस्यता व्यवस्थापन समितिको बुधबार बसेको बैठकले असार मसान्तसम्म क्रियाशील सदस्यता नवीकरणको काम सकेर साउनदेखि नयाँ सदस्यता वितरण सुरु गर्ने निर्णय गरेको हो । बैठक महामन्त्री गगन थापाको संयोजकत्वमा पार्टी कार्यालय, सानेपामा बसेको थियो । व्यवस्थापन समितिका सदस्य प्रकाश स्नेहीले बैठकले क्रियाशील सदस्यता नवीकरण र नयाँ सदस्यता वितरणबारे निर्णय गरेको जानकारी दिए । उनका अनुसार असार मसान्तसम्म नवीकरण सकेर साउनबाट नयाँ सदस्यता वितरण सुरु हुनेछ । कांग्रेसले अहिले नवीकरण भइरहेका सदस्यहरूको सूचीलाई अनलाइनमा प्रविष्ट गराउने काम गरिरहेको छ ।

गैरपेसागत कार्य नगर्न प्रेस काउन्सिलको अनुरोध

काठमाडौं/ प्रेस काउन्सिल नेपालले गैरपेसागत कार्य नगर्न पत्रकारहरूलाई अनुरोध गरेको छ । देशका केही जिल्लामा पत्रकारको आवरणमा गैरपेसागत क्रियाकलाप भएको गुनासो आएको भन्दै त्यसतर्फ ध्यानाकर्षण भएको काउन्सिलले जनाएको छ । काउन्सिलले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै पछिल्लो समय सिराहा, कैलाली, पर्सा, धनुषा, रुकुम पूर्व, रुकुम पश्चिम, रोल्पा, सल्यान, बाँके, सुनसरीलगायत जिल्लामा पत्रकारको आवरणमा गैरपेसागत कार्य भएको गुनासा आएकोप्रति ध्यानाकर्षण भएको जनाएको हो । 'मिडियाको आवरण दिई आफू पत्रकार भएको भन्दै गैरपेसागत क्रियाकलाप गर्ने, सरकारी/गैरसरकारी एवं स्थानीय तहका कार्यालयमा गई विज्ञापनको नाममा बार्गेनिङ गर्ने, धम्क्याउने, अनधिकृत रूपमा कार्ड बनाई गैरपेसागत क्रियाकलापमा संलग्न गराउने, प्रेस कार्डको दुरुपयोग गर्दै कतिपय जिल्लाका सिमानामा गएर धाकधम्की दिने, असुली गर्ने, पत्रकार सम्मेलन गराइदिने भनी पीडितसँग रकम असुली गर्ने, युट्युब च्यानलमार्फत राष्ट्रियता/राष्ट्रिय एकतविपरीत वैयक्तिक गोपनीयता प्रतिकूल, सामाजिक सद्भाव बिगार्ने र पारिवारिक विखण्डन गराउने किसिमको सामग्री प्रसारण गर्ने गरेका गुनासाका सम्बन्धमा काउन्सिलको गम्भीर ध्यानाकर्षण भएको छ,' काउन्सिलका सहप्रशासकीय अधिकृत एवं सूचना अधिकारी रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

असिनापानीले तरकारी बालीमा क्षति

सल्यान/ कपुरकोट गाउँपालिकाका विभिन्न वडामा बुधबार बिहान परेको असिनापानीले हजार रोपनी क्षेलफलमा लगाइएको बेमौसमी तरकारीमा क्षति पुऱ्याएको छ । बर्सातसँगै परेको असिनाले वडा नम्बर १, २ र ५ मा बढी क्षति गरेको गाउँपालिकाले जनाएको छ । फल्न थालेको तरकारीका बोट र रोप्नका लागि ठिक्क पारेको ब्याडमा क्षति पुऱ्याएको गाउँपालिका उपाध्यक्ष प्रकाश भण्डारीले बताए । उनले क्षतिको विवरण संकलनको तयारी भइरहेको बताएका छन् । क्षतिको विवरण भने स्थलगत अध्ययनबाट मात्र थाहा हुने भण्डारीको भनाइ छ । कपुरकोट गाउँपालिका- ५ सल्लामका प्रदीप बस्नेतले असिनाले १० रोपनी जग्गामा लगाएको काउली नष्ट भएको बताए ।

गौशालामा बसको ब्रेक फेल हुँदा आठ सवारीसाधनलाई ठक्कर, तीन घाइते

काठमाडौं/ गौशालामा बुधबार बिहान भएको बसको ठक्करबाट बससहित आठ सवारीसाधनमा क्षति पुगेको छ । दुर्घटनामा तीनजना घाइते भएका छन् ।

बिहान १०:५५ तिर गौशालाबाट तिलगंगातर्फ जाँदै गरेको बा.५ख ६७३५ नम्बरको बाबा गोकर्णेश्वर यातायातको सार्वजनिक बस अनियन्त्रित भई दुर्घटना भएको हो । बसका चालक सुवास रानामगरका अनुसार बसको ब्रेक फेल भएको हो । बसले बा.५ख ७३१ नम्बरको हायस माइक्रोबस, बाप्र-०१-०२६ च ८५७६ नम्बरको कार, बिएसी ९७७३ नम्बरको कार, बा.१६च ४४५२ नम्बरको कार, प्र-२-०१-००३ प १००५ नम्बरको मोटरसाइकल, बा.५१प २२ नम्बरको मोटरसाइकल र बा.प्र-०२-०४६ प ४८१९ नम्बरको स्कुटरलाई ठक्कर दिएको थियो ।

ती सबै सवारीसाधनमा क्षति पुगेको छ । दुर्घटनामा बा.५१प २२ नम्बरको मोटरसाइकलका चालक राजकुमार श्रेष्ठ र पछाडि सवार विकास कट्टेल घाइते भएका छन् । त्यस्तै, प्र-२-०१-००३ प १००५ नम्बरको मोटरसाइकलका चालक शैलेन्द्र राई पनि सामान्य घाइते भएका छन् ।

दुर्घटनापछि फरार बसचालक पछि सम्पर्कमा आएको गौशाला वृत्तका डिएसपी सुकदेव खनालले बताए । बस समितिका पदाधिकारी बोलाएर ट्राफिक प्रहरीले क्षति पुगेका सवारीसाधन मर्मतका लागि छलफल गराएको छ ।

■ सञ्चालनको अन्तिम तयारीमा ग्वार्को फ्लाई ओभर



सञ्चालनको अन्तिम तयारीमा ललितपुरको ग्वार्को चोकमा निर्माणाधीन फ्लाई ओभर । फ्लाई ओभर २३ पुस ०७९ बाट निर्माण सुरु भएको थियो । सम्झौताअनुसार १२ फागुन ०८० भित्र फ्लाई ओभर निर्माण पूरा हुनुपर्ने थियो । सो अवधिमा निर्माण सम्पन्न नभएपछि अन्तिमपटक ९ पुस ०८१ सम्मका लागि म्याद थपिएको थियो । सडक विभागका अनुसार फ्लाई ओभर निर्माण अन्तिम चरणमा रहेकाले जेठभित्रै सञ्चालन गर्ने तयारी छ । **तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

राष्ट्रिय युवा संघको नेतृत्व चयनमा चुनाव नगर्न ओलीको निर्देशन

'अराजक नबन्नुस्, पार्टीमा जाँदा छिटो नेता बनिन्छ'

नयाँ पत्रिका

प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओलीले राष्ट्रिय युवा संघको दसौं महाधिवेशनबाट सर्वसम्मत नेतृत्व चयन गर्न निर्देशन दिएका छन् । शुक्रबारबाट गण्डकी प्रदेशको राजधानी पोखरामा सुरु हुने महाधिवेशनको सँघारमा बुधबार मोर्चा फाँट प्रमुख भानुभक्त ढकाल, पूर्वअध्यक्षहरू र अध्यक्ष क्षितिज थेबेसहित पदाधिकारीलाई राखेर प्रधानमन्त्री ओलीले यस्तो निर्देशन दिएका हुन् ।

ओलीको निर्देशनअनुसार मोर्चा फाँट प्रमुख ढकालसहित पूर्वअध्यक्षहरूको टिमले सर्वसम्मत नेतृत्व चयनको प्रस्तावका लागि आन्तरिक गृहकार्य सुरु गरेको छ । चुनाव नहुने मनस्थितिसहित अध्यक्षसहित पदाधिकारी, केन्द्रीय कमिटी र विभिन्न पदका आकांक्षी पोखरा पुग्न थालिसकेका छन् । संघमा हालका उपाध्यक्षहरू महाराज गुरुङ, कृष्णहरि केसी र प्रकाश गौतम तथा महासचिव सुमन पुरी अध्यक्षका आकांक्षी छन् । तर, ओलीको निर्देशनपछि वर्तमान अध्यक्ष क्षितिज थेबेलाई नै दोहोऱ्याउने जोडका साथ मोर्चा फाँट प्रमुख र पूर्वअध्यक्षहरूले गृहकार्य सुरु गरेका छन् । थेबेले छाडेको अवस्थामा भने नयाँ अनुहारका रूपमा उपाध्यक्ष गुरुङ र केसीमध्येबाट चयन गर्ने गरी

गृहकार्य भइरहेको छ ।

संघका सचिव निरोज पौडेलले प्रधानमन्त्री ओलीले अहिले एमालेमाथि चौतर्फी घेराबन्दीसहित प्रहार भइरहेकाले संघका नेता-कार्यकर्तालाई तलैसम्म विभाजित हुन नदिएर एकताबद्ध बनाउन सर्वसम्मत नेतृत्व चयन गर्न निर्देशन दिएको बताए । 'अध्यक्षले सहमतिमै नेतृत्व चयन गर्न निर्देशन दिनुभएको छ, उहाँको निर्देशनअनुसार यो महाधिवेशनबाट सर्वसम्मत नेतृत्व चयन गर्ने गरी नै आन्तरिक गृहकार्य अगाडि बढ्न सक्छ,' उनले भने ।

सर्वसम्मत हुँदा पद पाइएन भन्दैमा उत्तेजित र अराजक नबन्न, भडकावमा नपर्न सचेत गराउँदै ओलीले भूगोलमा फर्किएर पार्टीको जिम्मेवारीमा लाग्न निर्देशन दिए । 'युवा संघमा बस्नुभन्दा अहिल्यै पार्टीमा गएर जरैदेखि बलियो बनाउन लाग्नुभो भने तपाईंहरू छिटो नेता बन्न सक्नुहुन्छ,' ओलीको निर्देशन थियो, 'पार्टी चौतर्फी घेराबन्दीमा रहेका वेला अनावश्यक चुनावी तामझामले नेता-कार्यकर्तालाई विभाजित बनाउँछ, त्यसैले सर्वसम्मत नेतृत्व चयन गर्ने गरी महाधिवेशन सम्पन्न गर्ने काममा लाग्नुस् ।'

अहिलेसम्म एमालेको १० वटा जनवर्गीय संगठनको महाधिवेशन सम्पन्न भएकोमा ती सबैमा सर्वसम्मत नेतृत्व चयन भएको थियो । ओलीको पछिल्लो निर्देशनसँगै युवा संघमा पनि त्यसैगरी नेतृत्व चयनको सम्भावना बढेको छ । महाधिवेशन ९ देखि ११ जेठसम्म सम्पन्न हुँदै छ । अध्यक्षबाहेक युवा संघ महाधिवेशनमा महाचिव पदमा हालका सचिवहरू क्रमशः निरोज पौडेल, विनय शाह, पर्वत भण्डारी, महेश चौलागाईं, खेम शर्मा, राजु थापा आकांक्षी छन् । सर्वसम्मत नेतृत्व चयन हुँदा थेबे, गुरुङ र केसीमध्ये एकजनालाई अध्यक्ष बनाएर महासचिवका आकांक्षीमध्येबाट उपाध्यक्ष र महासचिव चयन हुने सम्भावना बढेको एक पूर्वअध्यक्षले बताए । नयाँ विधानअनुसार संघमा नौजना पदाधिकारीसहित १५१ सदस्यीय नयाँ केन्द्रीय समिति निर्वाचित हुनेछन् । देशभरिबाट एक हजार ८३४ जना प्रतिनिधि महाधिवेशनमा सहभागी हुँदै छन् । महाधिवेशनको उद्घाटन प्रधानमन्त्री ओलीले गर्ने कार्यक्रम छ ।

भूमिसम्बन्धी विधेयक फिर्ता गर्न मोर्चाको माग

काठमाडौं/ तराई मधेशकेन्द्रित सात दलको संयुक्त लोकतान्त्रिक मोर्चाले भूमिसम्बन्धी विधेयक असंवैधानिक, तस्कर र भूमाफियालाई फाइदा पुग्ने गरी ल्याइएको भन्दै फिर्ता लिन सरकारसँग अनुरोध गरेको छ । मोर्चाको विरोधका कारण यसअघि सरकारले भूमिसम्बन्धी अध्यादेश संसद्बाट स्वीकृत गर्न सकेको थिएन । अध्यादेशकै प्रावधान राखेर सरकारले विधेयक संसद्मा अघि बढाएपछि मोर्चाले फिर्ता लिन माग गरेको हो । जनमत पार्टीका अध्यक्ष सिके राउतको अध्यक्षतामा जनमतको केन्द्रीय सम्पर्क कार्यालय मध्य बानेश्वरमा बुधबार बसेको मोर्चाको मूल समितिको बैठकले भूमिसम्बन्धी विधेयक देश र जनताको हितमा नरहेको भन्दै विरोध गरेको छ । भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक असंवैधानिक रहेको निष्कर्षसमेत मोर्चाले निकालेको छ । भूमि व्यवस्थापन र जग्गाको अभिलेख राख्ने अधिकार संविधानको अनुसूची ६ ले प्रदेश सरकारलाई दिएको भन्दै मोर्चाले प्रदेशको क्षेत्राधिकारमा हस्तक्षेप नगर्न सरकारलाई अनुरोध गरेको छ ।

वनजंगल विनाश भई पर्यावरणीय संकट उत्पन्न हुने र जैविक विविधता नष्ट भइ तराई मधेश मरुभूमीकरण हुने, तराई मधेशमा आन्तरिक बसाइँसराइका कारण अत्यधिक जनसंख्या वृद्धि भई भयावह स्थिति उत्पन्न हुने मोर्चाको ठहर छ । मोर्चामा जनमत, जसपा नेपाल, लोसपा, नागरिक उन्मुक्ति, राष्ट्रिय मुक्ति पार्टी, जनता प्रगतिशील पार्टी र तमलोपा छन् । मोर्चाको नेतृत्व आलोपालो गर्ने सहमतिअनुसार यसअघि लोसपा अध्यक्ष महन्थ ठाकुरको अध्यक्षतामा बैठक बसेको थियो ।

सरकारले ल्याएको भूमिसम्बन्धी विधेयक आपत्तिजनक रहेको जसपा नेपालका अध्यक्षसमेत रहेका मोर्चाका नेता उपेन्द्र यादवले बताए ।

अरे ओ बंगलादेश ! –२

चार तारा वा हँसिया-हथौडाअंकित झन्डालाई टाट बनाएर नेतातन्त्र माफियासँग लंगुरबुर्जा खेलिरहेको छ। या त्यो झन्डा खोस्न सक्नुपर्छ, या त्यो छोड्न सक्नुपर्छ।



● कृष्णज्वाला देवकोटा

फरक मत

वैज्ञानिक महावीर पुनले बुधबार दिउँसो फेसबुकमा पोस्ट गरे, 'ऊर्जामन्त्रीजस्तो दिउँसै रात पार्ने पापीलाई संयुक्त बृहत् जनआन्दोलन गरेर नहटाउने हो भने देश डुब्नेछ। त्यस्तो दुष्ट व्यक्तिलाई हटाउने कांग्रेस पार्टीले अथवा प्रधानमन्त्रीले हो। तर, उनीहरूले हटाउने छाँटकाँट देखिएन। बृहत् जनआन्दोलन अन्तिम उपाय देखियो।'

बिन्दास शैलीका महावीर पुनको यो निष्कर्षपूर्ण पोस्टले अहिले नेपाली समाजको आममनोविज्ञानको प्रतिनिधित्व गर्छ। पछिल्लो समय देशभित्र र बाहिरका जनताको आवेगपूर्ण प्रतिक्रिया हामी कसैको नजरबाट बाहिर छैन। सिड्नीको नेपाली कन्सर्ट नारामा टुंगिन्छ, '... चोर देश छोड्।' फागु पूर्णिमाको सुखद जमघटमा वसन्तपुरमा जम्मा भएको युवा जमात अचानक कुर्लन्छ, '... चोर देश छोड्।' खेलको समापन हुँदाहुँदै रंगशालामा उही नारा गुन्जिन्छ, '... चोर देश छोड्।' दुबईको शुद्ध नेपाली भेटघाट कार्यक्रम अन्तिममा त्यही नारामा पुग्छ, '... चोर देश छोड्।' अब महावीर पुनसम्मलाई लाग्न थाल्यो, जनताको विरोध होइन, विद्रोहले मात्रै लोकतन्त्र जोगिन सक्छ। नेतातन्त्र कुहिसक्यो र त्यसले जनताका बिचमा सबै वैधता गुमाइसक्यो भन्ने थाहा पाउन हाम्रा नेताले अरू के-के देख्नु र सुन्नुपर्छ ?

देशभित्र र बाहिर गुन्जिरहेको मुर्दावाद कुनै पनि दिन एकीकृत भएर यिनीहरूका ढोकामा बज्रिँदै छ। तर, आधुनिक निरोहरू अझै पनि माफियालाई स्टक एक्सचेन्ज र डिजिटल बैंक बेच्न हिँडिरहेकै छन्। बिजुलीको बक्यौता माफ गर्न प्रयास गरिरहेकै छन्। गिरिबन्धु पचाउन लागिरहेकै छन्। प्रधानमन्त्रीविरुद्धका नारा सत्ताको दुरुपयोग अनि राजनीतिक विश्वासघातविरुद्ध जनताका निर्णायक चीत्कार हुन्। यी नाराको सन्देश र संकेत बुझ्न नेतातन्त्रसँग अब समय पनि छैन। सायद जरुरी पनि छैन।

सत्तासीनहरू तीनकुने र दुर्गा प्रसाईंको पोस्टरमा आफ्ना अपराध लुकाउन चाहन्छन्। तर, अपराधहरू यति विस्तृत र संगीन भइसकेका छन् कि जनता यिनलाई दण्डित गर्न जोसँग पनि हात मिलाउने डरलाग्दो ठाउँमा पुग्दै छन्। कुलमान, रवि, हर्क वा बालेनले आजका दिनमा थोरै भए पनि आशाको प्रतिनिधित्व गर्छन्, त्यसैले ओलीहरूलाई यी सबैसँग समस्या छ। भ्रम नै सही, हाम्रो नयाँ पुस्तालाई देशसँग जोड्न सक्ने आशाका प्रतीकलाई हेप्ने र घेराबन्दी गर्ने हक यिनीहरूलाई कसरी हुन्छ ? यिनीहरूले सिंगो निजामतीतन्त्रको नांगो पार्टीकरण गर्न पाउने, तर बालेनले आफूसँग लय मिल्ने एउटा कार्यकारी पनि नपाउने ?

माफियातन्त्रका अगाडि नेतातन्त्र कति कमजोर र निर्लज्ज भइसकेको छ भने माफियालाई आवश्यकता पर्दा यसले शत्रु होइन, आफ्नै सन्तानको पनि बलि दिन्छ। असगर अलीको 'एम्बिसन गुरु'का लागि शिक्षामन्त्री विद्या भट्टराईको बलि यो देशमा माफिया नै सर्वोपरि भएको पछिल्लो सानो प्रमाण हो। अतीत जे-जस्तो भए पनि डेडिकेटेड बिजुलीको बक्यौता उठाउनुपर्छ भनिरहेका ऊर्जाराज्यमन्त्री कान्छाराम तामाङको अत्यन्त अपमानपूर्ण बर्खास्तगीमा शेरबहादुर देउवाको निःसर्त समर्थनले देखाउँछ, देश नेताले होइन, माफियाले चलाइरहेको छ।

मुलुकको आर्थिक सत्तामा अब माफियाको प्रभाव मात्र छैन, सम्पूर्ण कब्जा छ। एउटा शक्तिशाली आयोग बन्यो भने देशले थाहा पाउनेछ, एउटै घरानाले कतिवटा जीवन र निर्जीवन बिमा चलाइरहेको छ, कतिवटा बैंक र वित्तीय संस्था कब्जा गरिरहेको छ। रिइन्स्योरेन्स र सेबोनका घटनाक्रम त धेरथोर बाहिरिएका छन्। सत्य के हो भने नेतातन्त्रले आर्थिक रूपमा हामी मात्र होइन, हामीपछिको पुस्तालाई पनि माफियालाई बेचिसकेको छ। अझै यिनैको स्कर्टिङमा हिँड्न, यिनैलाई माला लगाउन र यिनैको प्रतिरक्षा गर्न तत्परहरूले एकपटक सन्तानको भविष्य सम्झने समय आएको छ। गाउँमा नेतातन्त्रको अन्तिम पिल्लर थिए, शिक्षकहरू। तिनको सदस्यताको भाउ कति हो, सरकारले देखाइदियो। शिक्षक मात्र होइन, कसैले पनि अब पार्टी सदस्यता नत्यागी नागरिकका रूपमा आत्मसम्मान प्राप्त गर्न सक्दैन, न आफ्ना सन्तानमाथि न्याय गर्न सक्छ। त्यो सदस्यताको शक्ति नेतातन्त्रले माफियालाई जिम्मा लगाइसकेको छ।

पार्टी र आन्दोलनका नाममा नेतातन्त्रले भिडको भावनात्मक शोषण गर्दागर्दै कार्यकर्ताको विवेक मरिसकेको छ। अब नेता र पार्टीहरूसँग आन्दोलनको वैधता छैन। चार तारा वा हँसिया-हथौडाअंकित झन्डालाई टाट बनाएर नेतातन्त्र माफियासँग लंगुरबुर्जा खेलिरहेको छ। या त्यो झन्डा खोस्न सक्नुपर्छ, या त्यो झन्डा छोड्न सक्नुपर्छ। सन्तानका लागि अब नेपाली नागरिकसँग तेस्रो बाटो छैन। नेता वा पार्टीसँग आन्दोलनको वैधता हुन्थ्यो भने आफैँले भोट दिन लगाएर जिताएका राजेन्द्र लिङ्देनले केपी ओलीलाई दयापूर्वक भन्न सक्ने थिएनन्, तिमीहरू भाग्छौ भने हामी तिम्रो हेलिकोप्टरलाई बाटो दिन्छौँ।

'क्लिप्टोक्रेसी' जगाएर 'डेमोक्रेसी' मारेकाहरूसँग न आन्दोलनको वैधता हुन्छ, न नैतिक बल। नत्र यिनीहरूलाई आफैँले जन्माएका दुर्गा प्रसाईंदेखि राजेन्द्र लिङ्देनसम्मले यो तहमा ललकार्न सक्ने थिएनन्। यीसँग फोटो खिचेपछि सेलेब्रिटीको फिल्म चल्दैन, गीत चल्दैन। तर, नेतातन्त्रको फुर्ती भने विश्वविजेता सम्राट्को जस्तो छ। अर्बौं भ्रष्टाचार र दशकौंको अपव्ययपछि पनि काकाकुल काठमाडौंमा मेलम्ची झार्न नसकेकाहरू सिंहदरबारको गेटमा हर्क साम्पाङको गाग्री खोस्छन्। बालुवाटार बोलाउँछन् र यसरी पेस हुन्छन्, मानौं सम्राट्को जन्मदिनमा हर्क साम्पाङ नामको एउटा निम्छरो प्रजालाई जीवनदान दिइएको छ। जनताका बिचमा उभिने साहस छैन, भाडाका सभा खडा गरेर दर्शन दिन्छन्। यिनीहरूसँग उभिनेको त फजिहत हुन्छ भने यिनीहरूको के होला ? अनुमान गर्दै दिक्क लाग्छ। वितृष्णा र आक्रोशको यो तहलाई कहिलेसम्म निराशाको व्यापार भनेर ढुक्कले सुत्छ नेतातन्त्र ? वर्तमानप्रति यति अविश्वास र भविष्यप्रति यति शंका कसले जन्माएको हो ?



दुईतिहाइको प्रतिरक्षा गर्ने सिपाहीहरू निरन्तर घट्दै गएका छन्। आलोपालोका साक्षी बसेका, ठेक्का लिएका, प्रवक्ता भएकाहरू सत्ताको कालो लाग्ला भनेर टकटकिन थालेका छन्। मर्दै गर्दा उपियाँले पनि छाड्छन् भन्ने उक्ति चरितार्थ हुँदै गएको छ। अर्काथरीलाई नयाँ गठबन्धनको आस छ। माओवादीले भन्न छाडेको छैन, सरकार संकटमा छ। यिनीहरूलाई थाहा छैन, सरकार होइन, लोकतन्त्र संकटमा छ। अब कुनै गठबन्धन बनेर कुनै गठबन्धन फेरिएर केही फरक पर्नेछैन। शून्यमा जतिवटा र जस्तासुकै शून्य थपिए पनि योगफल शून्य नै हुन्छ।

सरकारलाई लाग्न सक्ने भयो, शक्तिको खेलमा ऊ धेरै माथि र विजेता साबित भयो। करिब १२ लाख मत ल्याएको नयाँ पार्टीका अध्यक्ष रवि लामिछानेले प्रधानमन्त्रीलाई लक्षित गरेर 'तिम्रा हातमा तस्करले दिएको करोडौँको घडी, मेरा हातमा हतकडी' भनेका थिए, हतकडी नै लगाइयो। कुलमान घिसिङको पक्षमा जनताको ठुलो सहानुभूति थियो, कुलमानलाई बर्खास्त गरेर सहानुभूतिलाई खुला चुनौती दिइयो। ठ्याक्कै नियन्त्रणमा आउन नमानेका, 'बा' नभनेका बालेन थिए, तिनलाई पनि कर्मचारी र कार्यकर्ता लगाएर एक्लो पारियो। जनताको भावनाको, सद्भावको, प्रेमको अवहेलनालाई सरकारको जित मान्न मिल्छ भने यी सबै जित नै हुन्। तर, यी बलमिच्याइँबाट जनतामा जागेको आक्रोशले नेतातन्त्र मात्रै नबढारेर लोकतन्त्र नै बढार्ने जोखिम बढेको छ। चिन्ता यो हो, नेतातन्त्रलाई दण्डित गर्ने धुनमा देश अराजकताको उल्टो बाटो पनि जान सक्छ, तिर्खाएको देशले हिलो पनि पिउन सक्छ। तीनकुनेमा त्यसको लक्षण देखिइसकेको छ। समाजमा जुन तहको आक्रोश छ, त्यसले अरू थुप्रै तीनकुने जन्माउन सक्छ।

> नेता वा पार्टीसँग आन्दोलनको वैधता हुन्थ्यो भने आफैँले भोट दिन लगाएर जिताएका राजेन्द्र लिङ्देनले केपी ओलीलाई दयापूर्वक भन्न सक्ने थिएनन्, तिमीहरू भाग्छौ भने हामी तिम्रो हेलिकोप्टरलाई बाटो दिन्छौँ

सरकारले जित्नुपर्ने अरू केही ठाउँ बाँकी छन्। बिजुलीको बक्यौता माफ गर्नु छ। पिपिएको नयाँ दोकान थप्नु छ। नयाँ स्टक एक्सचेन्ज ल्याउनु छ। बचेखुचेका उद्योग बिक्री गर्नु छ। विद्युत् प्राधिकरणलाई डुबाएर जलविद्युत् परियोजना कौडीको भाउमा बेच्नु छ। गिरिबन्धुको टुंगो लगाउनु छ। रमाइलो के भने यी सबै अपराध जनताको जानकारीमा, दिनको उज्यालोमा भइरहेका छन्। कुलमानलाई निकालेर सत्ताको शक्ति देखाएको दुईतिहाइले भ्रष्टाचारको प्रमाणपूर्ण आरोप लागेको सेबोन अध्यक्षलाई सामान्य स्पष्टीकरणसम्म सोध्न सक्दैन। नेताहरू माफियाको हली भएको बीभत्स दृश्य जनताको अनुमानमा छैन, प्रत्यक्ष प्रसारणमा छ। नेताहरूलाई के लाग्छ, जनता अझै भ्रममै छन् ?

हो, छोराछोरीसँग लुकेर भए पनि कार्यकर्ताले नेताहरूका स्कर्टिङ चलाएकै छन्। नेताका बैठकदेखि भान्सा र बरन्डासम्म सेवाग्राही भरिएकै छन्। वनदेखि अस्पताल र सार्वजनिक शौचालयसम्मका व्यवस्थापन समितिमा कार्यकर्ताले रजगज गरेकै छन्। प्रतिरोध गर्नुपर्ने र गर्न सक्ने युवा शक्ति विदेशमा पसिना बगाइरहेको छ। त्यसैले नेता मात्र होइन, अरूलाई पनि लाग्छ, नेतातन्त्र यति सजिलै मर्दैन।

पञ्चायतको अन्तिमतिर चार हजारभन्दा बढी गाउँ र नगर पञ्चायतका करिब अढाई लाख प्रतिनिधिमध्ये करिब ९० प्रतिशत खुंखार पञ्च थिए। अधिकांश राष्ट्रिय पञ्चायत सदस्य आफ्नै 'आधार इलाका' र ठुलो जनाधार भएका मानिन्थे। शेरे धनुषा, शेरे सिन्धुपाल्चोक टाइपका शेरेहरू देशभरि थिए, जसले मतदातामा सीधा प्रभाव राख्छन् भन्ने मानिन्थ्यो। खेलकुद संघदेखि महिला संघसम्मका सबैथरी पञ्चायती संगठनमा जोडेर करिब ३० लाख पञ्च संगठित छन् भन्ने दाबी गरिन्थ्यो।

०४६ साल चैत २६ गते साँझसम्म ३० लाख पञ्च भएको देशले भोलिपल्ट बिहान चैत २७ गते पञ्चायतको मलामी पनि पाएन। तरुण पुस्ताले अभिभावक पुस्ताको मत परिवर्तन गऱ्यो र ०४८ सालको आमनिर्वाचनमा पञ्चहरूका सबै पार्टी जोडेर जम्मा चारजना संसद् भवन छिरे। त्यतिखेरको त्यो तरुण पुस्ता आज आफ्ना सन्तानसँग आँखा जुधाउन नसकेर मत परिवर्तन गर्ने ठाउँमा पुगिसकेको छ। लोकतन्त्र ०८४ सम्म जोगियो भने यो देशमा कसैले अनुमान नगरेको मतक्रान्ति हुनेछ। राजनीतिक पार्टीको सीधा गिरोहमा नजोडिएको र श्रम गरेर खाएको लगभग कोही पनि नेतातन्त्रलाई दण्डित गर्ने प्रण लिएर उभिएको छ।

आज नेतातन्त्रको संस्थागत नियन्त्रणबाहिर कोही छैन। अन्यथा नलागोस्, जनतालाई अदालतले न्याय दिन्छ भन्ने लाग्दैन, न्यायाधीशको राजनीतिक पृष्ठभूमि पहिले खोतलिन्छ। संवैधानिक निकायहरू नेताहरूका खल्तीभन्दा पर छैनन्। गिरिबन्धुको बैना बुझेका दीपक मल्होत्राहरूसँग सिंगै विमानस्थल पचाउने सामर्थ्य छ। किनकि, नेताहरू तिनका खल्तीमा छन्। 'क्लिप्टोक्रेसी' र 'क्याकिस्टोक्रेसी'का निर्देशकहरूले संवैधानिक अंगहरूको आत्मा मारेको धेरै भइसक्यो। पार्टी कार्यालयमा परेड खेलाइएका न्यायाधीशहरू प्रयोग गरेर न्यायपालिकालाई पटक-पटक राजनीतिक हतियारका रूपमा दुरुपयोग गरिएको छ। माया राई र रवि लामिछानेमा सरकार मात्र होइन, न्यायालयको पनि विभेदले लोकतन्त्रको शक्ति सन्तुलनलाई जिस्क्याउँछ। लोकतन्त्र निलिरहेको यो नेतातन्त्र दुर्गा प्रसाईंलाई देखाएर जोगिन सक्दैन, जोगिन हुँदैन। ज्ञानेन्द्रको डर देखाएर लुटतन्त्रको अनुमोदन अब सम्भव छैन। तीनकुनेको हिंसा देखाएर सिंहदरबारको व्यभिचारलाई जायज साबित गर्ने प्रयास कसैले नगरे हुन्छ।

खासमा प्रतिगमनसँग लड्ने सामर्थ्य यो नेतातन्त्रसँग छँदै छैन। यो ०४६ सालतिरको पञ्चायत हो, जो चारैतिर भत्किरहेको छ। लोकतन्त्रलाई अब लोकले खोस्नुपर्छ। ०४६ सालपछिका मन्त्रिपरिषद्का सबै निर्णयको समीक्षा गर्ने गरी, सबै उच्चपदस्थको सम्पत्ति छानबिन गर्ने गरी, राज्यको समग्र पुनर्संरचना गर्ने गरी, सबै संवैधानिक निकाय नेतातन्त्रबाट मुक्त गर्ने गरी, विज्ञहरूबाट संविधानको समीक्षा गर्ने गरी अन्तरिम सरकार गठन गर्न ढिलो भइसक्यो। अब नेताहरूलाई सोध्ने वेला पनि भयो, कति जनता सडकमा आएपछि तिमीहरू छाड्छौ ? र, सन्दुक रुइत, भगवान् कोइराला, महावीर पुन र कुलमान घिसिङहरूलाई सोध्ने वेला भयो, संक्रमणकालको व्यवस्थापनका लागि तयार छौ त तिमीहरू ?

(क्रमशः)

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **पूर्णचन्द्र भट्टराईलाई**



'कुलिङ पिरियड' भनेको के हो ?

'कुलिङ पिरियड' हाम्रा लागि नयाँ विषयका रूपमा आएको छ। ब्युरोक्रेसीको उच्च तहमा रहेका राष्ट्रसेवक कर्मचारीलाई नियमित सेवाबाट अवकाशपछि निश्चित अवधिसम्म संवैधानिक, कानुनी तथा अन्य कार्यकारी आदेशबाट स्थापित सार्वजनिक निकायलगायत अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था तथा विदेशस्थित नेपाली नियोगहरूमा नियुक्त गर्न नपाउने अवधि नै कुलिङ पिरियड हो।

हामीकहाँ यसको आवश्यकता कति र किन छ ?

पदीय जिम्मेवारीमा रहेकै अवस्थामा उच्च प्रशासकहरूले अवकासपछि थप अवसरका लागि पहिल्यै योजना तयार गरी राजनीतिक नेतृत्वको सामीप्यमा रही उनीहरूप्रति बफादारी (अवाञ्छित 'अनुग्रहित') देखाई पदमा छँदै संवैधानिक या अन्य सार्वजनिक निकायहरूमा नियुक्ति लिने प्रवृत्ति बढ्दै गएका कारण हामीकहाँ कुलिङ पिरियडको विषय बहसमा आएको हो। निश्चित मापदण्ड, योग्यता प्रणाली र मुलुकप्रतिको निष्ठाअनुरूप यी निकायमा योग्य र इमानदार व्यक्ति छनोट गर्ने प्रणालीको विकास हुने हो भने कुलिङ पिरियड चाहिँदैन। अन्य मुलुकमा पनि यस्तो व्यवस्था भएजस्तो लाग्दैन। यस सम्बन्धमा खासै अध्ययन भएको पनि देखिँदैन। अहिलेसम्मका प्रशासन सुधार आयोग या समितिहरूका प्रतिवेदन पनि यस विषयमा मौन देखिन्छन्। 'ब्युरोक्रेट्स'हरूसित प्रतिस्पर्धा गर्न कठिन हुने हुनाले यस्तो प्रावधान ल्याउनुमा कुनै 'हिडन' पक्षको निहित स्वार्थ पनि हुन सक्छ। सक्षम व्यक्तिलाई 'कुलिङ पिरियड' का आधारमा पन्छाएर आफूअनुकूल मानिसलाई ल्याउने बाटो खुला राख्ने नियत पनि हुन सक्छ। जसले गर्दा कमजोर जनशक्ति महत्त्वपूर्ण जिम्मेवारीमा पुग्ने प्रबल सम्भावना हुन्छ। यसका साथै, राज्यलाई कुनै विषयविज्ञताको खाँचो परेको समयमा यो प्रावधान बाधक पनि बन्न सक्छ।

मुख्यसचिव र सचिवहरूले त कुलिङ पिरियड नहटाए सामूहिक राजीनामा दिने भनिरहनुभएको छ नि ?

स्थायी सरकारले यसलाई अप्ठ्यारो रूपमा बुझेको जस्तो देखिन्छ। यो विषय पर्याप्त अध्ययन तथा अनुसन्धान र नेपाल सरकारको प्रस्तावविनै विधेयकमा समावेश भएको हुनाले यसमा सरोकारवाला पक्षको चासो रहनु स्वाभाविक हो। यस विषयमा थप अध्ययन तथा अनुसन्धानपश्चात् अन्य मुलुकको अभ्याससमेतलाई हेरी निष्कर्षमा पुग्नु उचित हुन्छ।

प्रेरक प्रसंग

कहिल्यै समाप्त नहुने यात्रा

मार्सल आर्टको लामो अभ्यासपछि एक युवकलाई ब्ल्याक बेल्टका लागि सिफारिस गरियो। ब्ल्याक बेल्ट वितरण समारोहमा जब उनी बेल्ट लिन मञ्चमा पुगे, तब मुख्य प्रशिक्षकले उनलाई भने- ब्ल्याक बेल्ट पाउनुअघि तिमीले थप एउटा परीक्षा दिनुपर्छ। के तिमी त्यसका लागि तयार छौ ? युवकले केही झुकेर जवाफ दिए- म तयार छु गुरु ! सायद कसैसँग भिडन्त गर्नुपर्ने होला भन्ने उनले सोचे। तर, मुख्य प्रशिक्षकको दिमागमा भने अर्थोकै चलिरहेको थियो। उनले युवकलाई सोधे- तिम्रा लागि ब्ल्याक बेल्ट प्राप्त गर्नुको वास्तविक अर्थ के हो ? युवकले उत्तर दिए- यो मेरो यात्राको अन्त्य हो। मेरो कठोर परिश्रमको इनाम पनि हो यो बेल्ट। मुख्य प्रशिक्षकले भने- तिमी अहिले ब्ल्याक बेल्ट पाउन योग्य भइसकेका छैनौ। एक वर्षपछि फेरि आऊ। युवक विनम्रतापूर्वक झुकेर गुरुलाई अभिवादन गरेर त्यहाँबाट बिदा भए। एक वर्षसम्म कठोर परिश्रमपूर्वक अभ्यास गरिसकेपछि युवक पुनः ब्ल्याक बेल्ट लिन गए। मुख्य प्रशिक्षकले पुनः पहिलेकै प्रश्न दोहोऱ्याए।

यसपटक युवकले जवाफ दिए- यो बेल्ट यस मार्सल आर्टको सबैभन्दा ठुलो उपलब्धि पाउनुको चिनारी हो। मुख्य प्रशिक्षक यसपटक पनि उनको प्रश्नबाट सन्तुष्ट भएनन्। युवकले थप केही भन्छन् कि भनेर उनी केहीबेर मौन रहे। तर, युवक शान्त नै रहे। मुख्य प्रशिक्षकले यसपटक पनि उनलाई निराश बनाउँदै भने- तिमी यसपटक पनि बेल्टका लागि योग्य भइसकेका छैनौ। जाऊ, थप मिहिनेत गर र अर्को वर्ष आऊ।

एक वर्षपछि युवक पुनः बेल्ट लिन पुगे। यसपटक पनि मुख्य प्रशिक्षकले उही प्रश्न सोधे- तिम्रा लागि ब्ल्याक बेल्ट प्राप्त गर्नुको वास्तविक अर्थ के हो ? युवकले आत्मविश्वाससाथ जवाफ दिए- ब्ल्याक बेल्ट आरम्भ हो। यो कहिल्यै समाप्त नहुने यात्रा हो, जसमा अनुशासन छ, कठोर परिश्रम छ र जहिल्यै सर्वोत्तम मापदण्ड छुने लालसा छ। मुख्य प्रशिक्षकले खुसी हुँदै भने- एकदम ठिक भन्यौ। अब भने तिमी ब्ल्याक बेल्ट पाउन बिल्कुलै लायक बनेका छौ। यो सम्मान ग्रहण गर र आफ्नो काममा लाग।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेपालको नाम राख्ने काम

नेपाल विश्वकप महिला टी-२० ग्लोबल छनोटमा पुन सफल भएकामा नेपाली महिला क्रिकेट खेलाडीप्रति हामी सबैका तर्फबाट बधाई छ। यो सुखद खबरबाट सम्पूर्ण नेपालीको मन प्रफुल्ल भएको छ। महिला क्रिकेट खेलाडीले विश्वमा नेपालको नाउँ राख्न सफल भएकामा हामी सबै गौरवान्वित भएका छौँ। साथै आउँदा दिनमा महिला क्रिकेट खेलाडीलाई नेपालको नाम विश्वमै चिनाउन सफलता मिलोस्। यस सफलतालाई निरन्तरता दिन नेपाल सरकारले खेलाडी, प्रशिक्षक र व्यवस्थापकका लागि चाहिने सबै भौतिक तथा आर्थिक सहयोग आलटाल नगरी समयमै उपलब्ध गराओस्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

नयाँ गभर्नरलाई शुभकामना !

अन्ततः डा. विश्वनाथ पौडेल नयाँ गभर्नरमा नियुक्त भएका छन्। जेजसरी नियुक्त भए पनि एक सक्षम व्यक्ति गभर्नरमा नियुक्त भएका छन्। पौडेललाई हार्दिक बधाई तथा शुभकामना छ। अब उनले बढ्दो आर्थिक संकटको भुमरीबाट देशलाई पार लगाउनु छ। त्यसका लागि उनले यो वा त्यो व्यक्तिको इसारामा काम नगरी देश र जनताको हितलाई सर्वोपरी राखी काम गर्न सक्नुपर्छ। उनले त्यसो गर्न सक्छन् या सक्दैनन्, भविष्यले नै बनाउनेछ।

● **सुमिका धौभडेल**
ग्वार्को, काठमाडौं

राजीनामा दिए हुन्छ

सरकारका सचिवले आफूहरू नभए यो देशै चल्दैन झैँ गरी निजामती विधेयकमा 'कुलिङ पिरियड'सम्बन्धी प्रावधान नसच्याए आफूहरूले सामूहिक राजीनामा दिने घुर्की दिएको समाचार पढियो। सरकारलाई यसरी धम्की दिनुभन्दा हिम्मत भए सामूहिक राजीनामा दिएर गए हुन्छ। नत्र, सरकारले तयार गरेको विधेयकको विरोध गर्ने उनीहरू को हुन् ? भोलि यसैगरी हरेक सरोकारवालाले आफ्नो फाइदाअनुरूप विधेयक सच्याउन दबाब दिएमा कहाँ-कहाँ सच्याउँदै हिँड्ने ? सरकारले सचिवहरूलाई राजीनामा दिने भए हामी रोक्दैनौँ भन्न सक्नुपर्छ।

● **उपेन्द्र सिलवाल**
गुर्जुधारा, काठमाडौं

सत्ता किस्तीमै आउला त ?

अन्ततः लामो रस्साकस्सीपछि नेपाल राष्ट्र बैंकको गभर्नरमा डा. विश्वनाथ पौडेल नियुक्त भएका छन्। दुई महिनाअघि नै नियुक्त भइसक्नुपर्ने यो पदमा सत्तारुढ दुवै ठुला दलको जुँगाको लडाइँ हुँदा समयमै नियुक्ति हुन सकेन। तथापि, ढिलै भए पनि राम्रो र योग्य व्यक्ति नै नियुक्त भएका छन्। अर्थशास्त्र पढेको र अर्थतन्त्र बुझेकै व्यक्तिको नियुक्ति भएको हुनाले देशको अर्थतन्त्रमा सुधार हुने र देश ग्रे लिस्टबाट मुक्त हुने आशा गर्न सकिन्छ। तैपनि, अर्थमन्त्री एमालेको र गभर्नर कांग्रेसको हुँदा कहीँ यी दुईबिच स्वार्थको द्वन्द्व भएमा अपेक्षित सुधार हुन नसक्ने सम्भावना पनि उत्तिकै छ। यसअघि पनि त्यस्तै भएको थियो। त्यसबाट पाठ सिकेर अर्थमन्त्री र गभर्नरले द्वन्द्व नबढाउलान् भन्ने आशा गरौँ।

उनलाई नियुक्ति दिने प्रधानमन्त्री केपी शर्मा ओलीले कालकुट विष सेवन गरेर यो नियुक्ति गरेका छन्। सरकार नै ढल्ने अवस्था भएपछि मात्र प्रधानमन्त्री ओली गलेका हुन्। सरकार ढलेमा कांग्रेस मात्र होइन, आफ्ना चिरप्रतिद्वन्द्वी माधव नेपाल र प्रचण्ड पुनः बलिया बन्छन् भन्ने डरका कारण ओली पछि हटेका हुन्। अन्यथा, आफ्नो पार्टीको भागमा रहेको मन्त्रालयअन्तर्गतको नियुक्तिमा ओली किन पछि हट्दा हुन् र ? अहिले एउटा गभर्नर नियुक्तिमा यति लामो समयसम्म हलो अड्काएर बसेका प्रधानमन्त्री केपी ओलीले कांग्रेस सभापति शेरबहादुर देउवालाई किस्तीमा राखेर सत्ता सुम्पेलान् भन्ने विश्वास कसरी गर्न सकिएला त ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

वैश्विक संकटमा साझा बेवास्ता

ट्रम्पले आफ्ना सहयोगी र प्रतिस्पर्धी दुवैप्रति गरेका अन्धाधुन्ध आक्रमणले एकताबद्ध भएर काम गर्नुपर्ने आवश्यकतालाई प्रस्ट पारेको छ



देश/विदेश

● जायती घोष

प्राचीन भारतीय महाकाव्य महाभारतको अन्त्यतिर कृष्णको यादव कुल विनाश हुन्छ। यी पतनसँगै अनेक अशुभ संकेत देखिन्छन्, अर्थात् प्रकृतिले असामान्य व्यवहार देखाउँछ, किराफट्यांग्रा बढ्छन्। पाप, छलकपट र हिंसा वृद्धि हुन्छ, जसले आपसी विश्वास एवं एकतालाई विघटन गर्छ। कुलका सदस्यले ज्येष्ठ र बुद्धिमान् व्यक्तिलाई अपमानित गर्छन्। एकपटक कृष्णको विस्तारित परिवार वनभोज जाँदा पुरुष सदस्यले मद्यपान गर्छन्, झगडा गर्छन्, एक-अर्कामाथि आक्रमण गर्छन् र अन्ततः सबैको मृत्यु हुन्छ।

आजका दिनमा जब दक्षिण एसियालगायत विश्वभर भू-राजनीतिक तनाव र संरक्षणवादी नीति बढिरहेका वेला यो कथा फेरि सान्दर्भिक देखिन्छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकालले विखण्डनलाई तीव्र बनायो। यस्तोमा अन्य धनी राष्ट्रले एकताबद्ध नदेखिएर स्थिति झनै बिगारेका छन्। विकास सहयोगको अभाव यसको ज्वलन्त उदाहरण हो। कोभिड-१९ महामारीले पश्चिमा सरकारको लोभ उजागर गऱ्यो र विश्वास गुमायो। सन् २०२२ मा युक्रेनमाथि रुसको आक्रमणपछि अधिकांश सहायता त्यहीँ केन्द्रित भयो, अन्य गरिब राष्ट्र उपेक्षित भए।

सबभन्दा पहिले ट्रम्पले आफ्ना सहयोगी र प्रतिस्पर्धी दुवैप्रति गरेका अन्धाधुन्ध आक्रमणले एकताबद्ध भएर काम गर्नुपर्ने आवश्यकतालाई प्रस्ट पारेको छ। यस्तो कार्यका लागि गठबन्धन निर्माण, बहुपक्षीयताको समर्थन र 'सफ्ट पावर'को विकास आवश्यक हुन्छ। यसका लागि एउटा सजिलो र तुलनात्मक रूपमा सस्तो उपाय भनेको बहुपक्षीय संस्थालाई निरन्तर समर्थन गर्नु हो। यस्ता सहयोगले गाजामा भइरहेको विनाश र सामूहिक हत्याप्रति पश्चिमा विश्वको संलग्नतामा दक्षिणी गोलार्द्धका धेरै मानिसले अनुभव गरेको आक्रोश केही कम गर्न सक्छ। यसबाहेक अमेरिकी प्रत्यक्ष सहायता र अन्तर्राष्ट्रिय संस्थाका लागि वित्तीय सहयोगमा गरिएको व्यापक कटौतीले स्वास्थ्य र जलवायु स्थिरताजस्ता विश्वव्यापी सार्वजनिक वस्तुको आपूर्तिमा अवरोध पुऱ्याउँछ। तर, हालसम्म अधिकांश धनी राष्ट्रको प्रतिक्रिया अत्यन्तै निराशाजनक देखिन्छ। वैदेशिक सहायता विस्तार गर्नुको साटो केही युरोपेली सरकारले रक्षामा लगानी गर्नुपर्ने आवश्यकता देखाउँदै वैश्विक लगानी कटौती गरेका छन्। नतिजा वैश्विक सार्वजनिक लगानीको ढाँचामा पर्ने केही अति आवश्यक काम पूरा हुन सकेका छैनन्। यो अझ अचम्मको विषय हो, किनभने अमेरिकापछि विकास वित्तीय सहयोगमा देखिएको अभाव पूरा गर्न आवश्यक रकम वास्तवमै निकै कम हो। उदाहरणका लागि ट्रम्पले विश्वव्यापी स्वास्थ्य संकट व्यवस्थापनका लागि अत्यन्तै महत्त्वपूर्ण संस्था विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) बाट अमेरिका अलग्गिने निर्णय गर्दा डब्लुएचओलाई सन् ०२६-२७ मा एक अर्ब ९० करोड अमेरिकी डलरको बजेट अभाव हुनेछ। यो खाडल धनी राष्ट्र र धेरैजसो ठुला मध्यम-आय भएका देशले सजिलै पूर्ति गर्न सक्ने अवस्था छ। अन्य अन्तर्राष्ट्रिय संस्थाको अवस्था पनि भिन्न छैन।



तस्बिर : इजरा अकायन/गेटी इमेजेस

राष्ट्र संघको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले करिब ४० प्रतिशतको बजेट कटौती सामना गर्नुपरेको छ, जुन लगभग चार अर्ब अमेरिकी डलर हुन्छ। डब्लुएफपीले सन् ०२४ मा १० करोडभन्दा बढी मानिसलाई सेवा दिएको थियो र पाँच वर्षअघि नोबेल शान्ति पुरस्कार पनि जितेको थियो। तर, कुनै पनि देशले बजेट अभाव पूर्ति गर्ने प्रस्ताव नगरेका कारण यसले आफ्नो कर्मचारी संख्याको करिब एकतिहाइ (विश्वभर करिब ६ हजार कर्मचारी) घटाउनुपर्नेछ र प्रदान गरिँदै आएको जीवनरक्षक खाद्यान्नको मात्रा पनि कम गर्नुपर्नेछ। त्यसैगरी, राष्ट्र संघको एचआइभी/एड्स कार्यक्रम (युएनएड्स) ले आफ्नो वित्तीय स्रोतको ४० प्रतिशतभन्दा बढी रकम अमेरिकाबाट पाउँथ्यो। अब यसले पनि आधाभन्दा बढी कर्मचारी हटाउनुपर्नेछ र आफ्ना केही अत्यावश्यक कार्यक्रम कटौती वा बन्द गर्नुपर्नेछ। युएसएड्सका अन्य दुई दातृ राष्ट्र स्विट्जरल्यान्ड र बेलायतले पनि आफ्नो योगदान घटाएका छन्।

नतिजा २०२९ भित्र एचआइभी संक्रमितको संख्या ६ गुणा बढ्न सक्छ र एड्सका कारण हुने मृत्यु चार सय प्रतिशतले बढ्न सक्छ। त्यसैगरी, नयाँ प्रकारका भाइरसको विकास हुने सम्भावना पनि छ र यसको असर सबै देशमा पर्नेछ। तर, यति गम्भीर नतिजा देखिने जोखिम हुँदाहुँदै पनि संस्थाको बजेट अभाव भने तुलनात्मक रूपमा सानो हो, अर्थात् पाँच करोड ८० लाख अमेरिकी डलर हो।

यी निकै साना रकम अन्तरलाई हेर्दा अमेरिकाले छाडेको खाली स्थान पूर्ति गर्नु परम्परागत दातृ राष्ट्र र ठुला मध्यम-आय भएका देशका लागि वित्तीय दृष्टिले खासै ठुलो विषय होइन। तर, दक्षिण कोरियाजस्ता केही थोरै देशले मात्र यो वित्तीय संकटप्रति प्रतिक्रिया जनाएका छन्, जसले अत्यावश्यक संस्थाको पतन रोकिरहेका छन् र ती संस्थालाई हाललाई यथासम्भव सुचारु रूपमा सञ्चालन गर्न सक्षम बनाइरहेका छन्। धनी राष्ट्रले विश्वव्यापी साझा हितका लागि आवश्यक सहयोग दिन अस्वीकार गरे भने बहुपक्षीय प्रणाली दीर्घकालीन रूपमा टिक्नेछैन।

(घोष म्यासाचुसेट्स एम्हेरेस्ट विश्वविद्यालयकी अर्थशास्त्रकी प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

विश्व कूटनीतिमा टर्किएले देखाएको सन्तुलित भूमिका

रुसले युक्रेनमाथि आक्रमण सुरु गरेदेखि टर्किएले युक्रेनलाई हतियार दिइरहेको छ भने रुससँगको घनिष्ठ सम्बन्धलाई पनि कायम राखिरहेको छ

गत शुक्रबार (मे १६) रुस र युक्रेनबिच फेब्रुअरी २०२२ मा युद्ध सुरु भएयता पहिलो प्रत्यक्ष भेटवार्ता भयो । टर्किएको इस्तानबुलमा भएको भेटवार्तामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीबिच भेट हुने आशा थियो । पुटिन वार्तामा नआएपछि त्यहाँ गइसकेका जेलेन्स्कीले आफ्ना प्रतिनिधिलाई मात्र वार्तामा पठाए । वार्तामा दुई देशका प्रतिनिधिमण्डलले युद्धबन्दीलाई आदानप्रदान गर्ने सहमति जनाए ।

युक्रेन र रुसबिचको पछिल्लो वार्ताका लागि चुनिएको टर्किएले बढ्दो प्रभावलाई संकेत गर्छ । युक्रेन युद्धको अतिरिक्त टर्किएले सिरियामा पनि आफ्नो प्रभाव विस्तार गरेको छ । पछिल्लो समय अमेरिकाले सिरियामा गठन भएको टर्किए समर्थित नयाँ सरकारमाथिको प्रतिबन्ध हटाएको छ । त्यसबाहेक हालसालै टर्किएले देशभित्रै पनि एक उल्लेखनीय जित हासिल गरेको छ । कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके) विघटन भएको घोषणा गरिएसँगै टर्किएको केन्द्र राज्यविरुद्ध पिकेकेको ४० वर्ष लामो युद्ध समाप्त भयो ।

'संयुक्त राज्य अमेरिका र रुसका साथै युक्रेनसँग समेत भित्री कूटनीतिक कदम चाल्न सक्ने टर्किएको हैसियतले उसको कूटनीतिक सफलतालाई दर्साउँछ,' रोयल युनाइटेड सर्भिसेज इन्स्टिच्युट (आरयुएसआई)मा आबद्ध जिया मेरलले भने । विगत १५ वर्ष वा सोभन्दा बढी समययता टर्किएले आफूलाई एक महत्त्वपूर्ण कूटनीतिक खेलाडीको रूपमा स्थापित गरिसकेको छ । अफ्रिकामा समेत टर्किएको प्रभाव विस्तार भएको छ । त्यस्तै, छिमेकी सिरियामा ६० वर्ष पुरानो असद परिवारको शासनलाई अपदस्थ गर्नमा उसको निर्णायक भूमिका रह्यो । रुस-युक्रेन युद्धमा युद्धरत पक्षबिच सन्तुलन कायम राखिरहेको छ ।

'टर्किएले वार्ता आयोजना गर्नुपछाडि धेरै कारण छन्,' द एट्लान्टिक काउन्सिलका गैरआवासीय फेलो ओमर ओज्किजिल्सिकले भने, 'रुसले युक्रेनमाथि आक्रमण गरेको केही समयपछि नै टर्किएले अमेरिकाबाट अलग रहेर शान्ति प्रक्रिया सुरु गरेको थियो । त्यही प्रयासस्वरूप सन् २०२२ को इस्तानबुल प्रोटोकलमा सहमति भएको थियो । त्यो आफैंमा टर्किएद्वारा अग्रसर गरिएको वार्ताको नयाँ मोडेल पनि हो,' उनले भने । तर, रुसले पछिल्लो समय इस्तानबुल सम्झौताबाट युक्रेन र पश्चिम टाढा भएको आरोप लगाउँदै आएको छ ।

'पहिले द्वन्द्वमा कुनै हिस्सा नभएका स्विट् जरल्यान्डजस्ता तटस्थ राज्यहरूले मध्यस्थता गर्ने गर्थे । अहिलेको नयाँ मोडेलअन्तर्गत



> विगत १५ वर्षमा टर्किएले आफूलाई महत्त्वपूर्ण कूटनीतिक खेलाडीका रूपमा स्थापित गरिसकेको छ । अफ्रिकामा समेत उसको प्रभाव विस्तार भएको छ । त्यस्तै, छिमेकी सिरियामा ६० वर्ष पुरानो असद परिवारको शासनलाई अपदस्थ गर्नमा उसको निर्णायक भूमिका रह्यो । रुस-युक्रेन युद्धमा युद्धरत पक्षबिच सन्तुलन कायम राखिरहेको छ ।

कूटनीतिक, आर्थिक तथा भूराजनीतिक स्वार्थ जोडिएको टर्किएले द्वन्द्वरत पक्षबिच सफलतापूर्वक वार्ता गरिरहेको छ,' ओज्किजिल्सिकले थपे । टर्किएले यसबाहेक पछिल्लो समय इथियोपिया र सोमालियाबिच पनि मध्यस्थताको भूमिका खेलेको थियो । उक्त वार्ताको परिणामस्वरूप डिसेम्बरमा ती दुई मुलुकबिच 'ऐतिहासिक मेलमिलाप' भएको राष्ट्रपति रेसेप तैयप एर्दोगानले बताएका थिए ।

रोचक के छ भने टर्किएले जुन देश जोडिएको द्वन्द्वको मध्यस्थता गरिरहेको छ, तिनै देशलाई हतियार आपूर्ति पनि गरिरहेको छ । जस्तो युक्रेनलाई उसले आफ्नो अत्याधुनिक ड्रोन आपूर्ति गरेको छ भने सोमालियामा उसको उलेख्य सैन्य उपस्थिति छ । यसका बाबजुद टर्किए यी देश जोडिएको युद्ध रोक्न सम्बन्धित शान्ति वार्तामा आफूलाई भरपर्दो मध्यस्थकर्ताको रूपमा प्रस्तुत गर्न सक्षम छ । 'यो एक नयाँ टर्किस मोडेल हो, जसअनुसार सो देश क्षेत्रीय कूटनीतिक शक्तिको रूपमा देखा परेको देखिरहेको छ,' ओज्किजिल्सिकले भने ।

● रुससँगको सम्बन्धमा उतारचढाव

रुस र युक्रेनबिचको वार्तामा टर्किएले पछ्याएको सन्तुलनकारी भूमिका सजिलो भने देखिँदैन । विशेषगरी अंकाराले कृष्ण सागर क्षेत्रमा रुसी विस्तारवादको विरोध गर्छ । त्यस्तै मध्यपूर्व र उत्तर अफ्रिकामा अंकारा र मस्कोले परस्परविरोधी पक्षलाई समर्थन गरिरहेको तथ्य पनि भुल्नु हुँदैन । टर्किएले युक्रेनमा रुसी आक्रमणलाई सुरुमा 'युद्ध'को संज्ञा दियो । त्यसले उसलाई सन् १९३६ को 'मोन्ट्रो महासन्धि' लागू गर्ने बाटो खुलायो । यो महासन्धि प्रयोग गरेर उसले प्रभावकारी रूपमा रुसी सैन्य जहाजलाई कृष्ण सागरमा अंकुश लगाएको छ ।

सिरिया र लिबियामा पनि अंकारा र मस्को प्रतिद्वन्द्वी शक्तिको पक्षमा उभिएका छन् । लिबियामा, टर्किएले संयुक्त राष्ट्रसंघको मान्यता प्राप्त सरकारलाई समर्थन गर्छ । जबकि, विद्रोहीको कब्जा रहेको पूर्वी क्षेत्रको सरकारलाई रुसको समर्थन छ । सिरियामा टर्किएले रुस-समर्थित अल-असद शासनलाई सत्ताच्युत गर्न सफल विद्रोही फौजलाई समर्थन गऱ्यो ।

सन् २०१५ मा अंकाराले टर्किए-सिरिया सीमानजिकै एक रुसी लडाकु जेटलाई खसालेपछि सिरियाको विषयमा यी दुई देश झन्डै एक-अर्काबिच प्रत्यक्ष लड्ने स्थितिमा पुगेका थिए । उक्त घटनापछि रुस र सिरियाबिच कूटनीतिक र आर्थिक सम्बन्धमा गम्भीर गिरावट आयो । अर्को वर्ष टर्किएले एक वक्तव्य जारी गर्दै त्यस घटनाप्रति खेद जनायो । त्यसपछि दुई देशमा सम्बन्धमा सुधार आउन थाल्यो । रुस-युक्रेन युद्ध अवधिभरि टर्किएले युक्रेनलाई ड्रोन र अन्य सैन्य उपकरणको आपूर्ति गर्दा पनि उनीहरूको मित्रतापूर्ण सम्बन्ध जीवित छ । रुसले टर्किएको उक्त कदमप्रति आँखा चिम्लिएर उससँगको 'आर्थिक, कूटनीतिक र ऊर्जा सम्बन्ध' कायम राखेको ओज्किजिल्सिकले भने ।

टर्किएका केही नीतिप्रति मस्कोमा भित्रभित्रै असन्तुष्टि रहे पनि यस सम्बन्धले रुसलाई पनि केही फाइदा पुऱ्याएको छ । सन् २०२२ मा टर्किएले रुसमाथि लगाइएको पश्चिमी प्रतिबन्धको विरोध गर्दै त्यसलाई परिस्थितिलाई 'उत्तेजित' पार्ने कार्यको रूपमा वर्णन गऱ्यो । रुसका छिमेकी देश स्विडेन र फिनल्यान्डले नेटोको सदस्यता लिने वेला टर्किएले असन्तुष्टि जनाएको थियो । नेटोमा प्रवेश गर्ने देशले विद्यमान सबै सदस्य देशको सहमति चाहिन्छ । टर्किएको असन्तुष्टिका कारण दुई मुलुकले केही महिना ढिलो मात्र सदस्यता पाउन सके । त्यसबाहेक सन् २०१७ मा टर्किएले रुसको 'एस-४००' मिसाइल प्रतिरक्षा प्रणाली खरिद गर्ने सम्झौता गरेको थियो । टर्किए रुसको यो प्रणाली प्रयोग गर्ने एक मात्र नेटो सदस्य हो । 'एस-४००' प्रणाली खरिद गरिएपछि अमेरिकाले टर्किएविरुद्ध आर्थिक प्रतिबन्ध नै घोषणा गऱ्यो । 'दुवै पक्षले आफ्ना भिन्नतालाई स्विकार्न सिकेका छन्,' ओज्किजिलसिकले भने ।

● युक्रेनसँगको मित्रता


एस-४०० खरिदपछि बिग्रिएको टर्किए र पश्चिमको सम्बन्ध पछिल्ला वर्षमा पुनः सुमधुर बनेको छ । विशेषगरी, युक्रेन युद्धमा टर्किएको भूमिकाले यसलाई सुधार्न सघायो । सन् २०२२ मा युक्रेनलाई समुद्री मार्गमार्फत अन्न निर्यात गर्न अनुमति दिने सम्झौतामा टर्किएले महत्त्वपूर्ण भूमिका खेलेको थियो । त्यस्तै टर्किस जातिका तातारहरूको मूलभूमि क्रिमियामाथिको रुसी-कब्जा अन्त्य भएर युक्रेनमै फिर्ता हुनुपर्ने आफ्नो अडानमा पनि टर्किए दृढ रहेको छ ।

'सेन्टर फर युरोपियन पोलिसी एनलाइसिस'का शीर्ष फेलो स्टिवन होरेलका अनुसार युक्रेन टर्किएको रुससँगको नजिकको सम्बन्धप्रति असन्तुष्ट रहे पनि 'टर्किएले उनीहरूलाई विगतदेखि दिँदै आएको समर्थनको कदर गर्छन् ।' गत शुक्रबारको वार्ताको सहजीकरण गर्ने र युक्रेनलाई निरन्तर समर्थन दिने टर्किस कदमका लागि एर्दोगानलाई बारम्बार धन्यवाद दिएका थिए । वार्तामा मध्यस्थताको भूमिकाकै कारण टर्किएको रुससँगको घनिष्ट सम्बन्धलाई पश्चिमले आजकल आलोचना गर्दैन । र, आफ्नै केही लक्ष्य पूरा गर्ने मौका दिन्छ । 'टर्किएले अन्तर्राष्ट्रिय वार्ता आयोजनास्थलको केही प्रतिष्ठा प्राप्त गर्नेछ । यदि तिनीहरू सफल भए भने अझ बढी,' होरेलले भने, 'टर्किस अधिकारीले अहिले आफूलाई क्षेत्रीय शक्तिको रूपमा मात्र नभई विश्वव्यापी मञ्चमा हेर्न थालेका छन् । यदि तिनले शान्तिको लक्ष्य हासिल गर्न सघाउन सफल भयो रुस र युक्रेन दुवैसँगको द्विपक्षीय सम्बन्धमा लाभ पुग्नेछ ।'

अल जजिराबाट

इतिहासमा आज

मे २२



सन् १९६० : चिल्लीको भाल्दिभिया केन्द्रबिन्दु भएर शक्तिशाली भूकम्प गयो । ९.५ रेक्टर स्केलको सो भूकम्पबाट सात हजार जनाको ज्यान गएको थियो ।

सन् १८४९ : अब्राहम लिंकनको नाममा डुंगा उचाल्न प्रयोग हुने एक उपकरणको आविष्कारकको रूपमा नाम दर्ता भयो । लिंकन आविष्कारको रूपमा नाम दर्ता हुने एक मात्र अमेरिकी राष्ट्रपति हुन् ।

सन् १९०६ : राइट दाजुभाइले आविष्कार गरेको 'विमान'का लागि प्याटेन्ट हासिल गरे । प्याटेन्टका लागि उनीहरूले तीन वर्षअघि निवेदन दर्ता गराएका थिए ।

सन् १९३९ : जर्मन चान्सलर एडोल्फ हिटलर र इटलीका नेता बेनितो मुसोलिनीबिच 'प्याक्ट अफ स्टिल'नामक समझदारीमा हस्ताक्षर भयो । सम्झौताले सन् १९३६ को रोम-बर्लिन धुरी नामक गठबन्धनलाई औपचारिकता प्रदान गऱ्यो ।

सन् १९४७ : बाह्य वा आन्तरिक अधिनायकवादी शक्तिबाट खतरामा रहेका प्रजातान्त्रिक देशलाई राजनीतिक, सैन्य र आर्थिक सहायता प्रदान गर्न भनेर ल्याइएको 'ट्रुम्यान डक्ट्रिन' आजकै दिनबाट कार्यान्वयनमा आयो । सुरुमा टर्किए र ग्रिसले सहायता पाए ।

सन् १९७२ : नयाँ अनुमोदन भएको संविधानअनुरूप 'सिलोन'को नाम बदलिएर 'श्रीलंका' बन्यो ।

सन् १९९० : उत्तर यमन तथा दक्षिण यमनबिच एकीकरण भएर गणतन्त्र यमन स्थापना भयो ।

सन् २००४ : भारतीय राष्ट्रिय कंग्रेस नेता तथा पूवअर्थमन्त्री मनमोहन सिंह भारतका १३औँ प्रधानमन्त्री बने ।

सन् २०१४ : थाइल्यान्डमा जनरल प्रयुत चान-ओ-चाको नेतृत्वमा कु भयो, जुन सन् १९३२ पछिको १२औँ सैन्य कु थियो ।

भारतीय लेखिका मुस्ताकलाई बुकर पुरस्कार

नयाँदिल्ली / भारतीय लेखिका, वकिल र अभियानकर्मी बानु मुस्ताकले अन्तर्राष्ट्रिय बुकर पुरस्कार प्राप्त गरेकी छिन् । आफ्नो लघुकथा संग्रह 'हार्ट ल्याम्प'का लागि उनले यस वर्षको बुकर पुरस्कार पुरस्कार प्राप्त गरेकी हुन् । ७७ वर्षीया मुस्ताक कन्नड भाषाबाट अनुवादित कथा साहित्यका लागि यो प्रतिष्ठित पुरस्कार प्राप्त गर्ने पहिलो लेखिका हुन् । 'यो क्षण हजारौँ जुनकिरीले एउटै आकाश उज्यालो पारेको जस्तो लाग्छ,' उक्त पुरस्कार जितेपछि मुस्ताकले भनिन्, 'म यो महान् सम्मानलाई एक व्यक्तिका रूपमा नभई अरू धेरैसँग मिलेर उठाइएको आवाजका रूपमा स्वीकार गर्छु ।' ५० हजार पाउन्ड (६७ हजार डलर) को सो पुरस्कार मुस्ताकले अनुवादक दीपा भस्तीसँग बाँड्नेछिन् । भस्तीले कथा छनोट गर्नसमेत सहयोग गरेकी थिइन् ।

'हार्ट ल्याम्प'मा सन् १९९० देखि २०२३ बिच मूल रूपमा प्रकाशित १२ कथा संकलित छन् । यी कथाले महिला र केटीहरूको अनुभवमा ध्यान केन्द्रित गर्दै दक्षिण भारतका मुस्लिम समुदायको दैनिक जीवनलाई चित्रण गर्छन् । समालोचकले यस संग्रहको सुक्खा र मधुर हास्य, यसको चतुर, बोलीचालीको शैली र पितृसत्ता, जातिवाद र धार्मिक रुढिवादमाथि गरिएको तीव्र टिप्पणीका लागि प्रशंसा गरेका छन् । दक्षिण-पश्चिम भारतको कर्नाटक राज्यमा बस्ने मुस्ताक महिला अधिकारमा वकालत गर्ने र भेदभावको सामना गर्ने कानुनी कार्यका लागि परिचित छिन् । निर्णायक मण्डलले जोसिली हजुरआमादेखि अल्मलिएका धार्मिक पण्डितसम्मका उनका पात्रलाई 'अस्तित्व र लचिलोपनको आश्चर्यजनक चित्रण' भनेर सम्मान गरेको छ ।



मुटुरोग पत्ता लगाउने एआई प्रणाली परीक्षण

सिंगापुर / सिंगापुरमा मुटुरोग पत्ता लगाउने एआई प्रणाली परीक्षण भएको छ । देशको राष्ट्रिय मुटु केन्द्रले तीनवटा सरकारी अस्पतालमा कृत्रिम बुद्धिमत्ता (एआई) प्रणालीको परीक्षण सुरु गरेको हो । यो प्रणालीले मुटुको स्क्यान चाँडो गर्न सक्ने भएकाले मुटुमा समस्या छ कि छैन भन्ने चाँडै थाहा पाउन सजिलो हुनेछ । अहिले मुटुको स्क्यान हेरेर समस्या पत्ता लगाउन दुईदेखि चार घण्टा लाग्छ, तर यो एआई प्रयोग गरेपछि १० मिनेटमै नतिजा आउन सक्छ । वरिष्ठ डाक्टर लोहेन्द्रन बास्करनले मंगलबार सञ्चारकर्मीलाई यसबारे जानकारी दिए ।

NIC ASIA एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था)
रजिष्टर्ड/कर्पोरेट कार्यालय: ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं
फोन: ९७७-०१-५१११५७७/७८/८८, फ्याक्स: ९७७-१-५१११८०
Email: info@nicasiabank.com | URL: www.nicasiabank.com

ऋणपत्र रजिष्ट्रार (Registrar to Debenture) सम्बन्धी सूचना

यस एन आई सी एशिया बैंक लिमिटेडको निर्णय अनुसार यस बैंकको **"७% एन आई सी एशिया डिवेन्चर २०२१"** ऋणपत्र करोबार सम्बन्धी अभिलेख राख्ने, दाखिल खारेज, नामसारी, रोक्का राख्ने लगायत ऋणपत्रधनीहरुको लगत अद्यावधिक गरी राख्ने तथा ऋणपत्रधनीहरुको ब्याज भुक्तानी सम्बन्धी सम्पूर्ण कार्य गर्नको लागि **श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं**लाई ऋणपत्र रजिष्ट्रार नियुक्त गरिएकोले यस बैंकको **"७% एन आई सी एशिया डिवेन्चर २०२१"** ऋणपत्र रजिष्ट्रार अन्तर्गतको सम्पूर्ण कार्यहरु **श्री एन आई सी एशिया क्यापिटल लिमिटेड** मार्फत हुने व्यहोरा सम्पूर्ण ऋणपत्रधनी महानुभाव लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

ऋणपत्र रजिष्ट्रार
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

१५ दिने दावीविरोध सम्बन्धि सूचना

सि.आर हाउजिङ्ग प्रा.लि.ले साविक ताथली गा.वि.स. वडा नं. ९(ङ), हाल चाँगुनारायण नगरपालिका, वडा नं. ९ ताथलीमा क्षेत्रफल पुर्जा अनुसार ४०-१४-०-२ (२०७९६.७९ व.मी.) जम्मा कित्ता नं. ८१ वटामा ४७७, ४८८, ४९९, ५०८, ५१५, ५२०, ५२२, ५६५, ५७४, ५७७, ५७८, ५८०, ५८१, ५८२, ५८३, ५८४, ५८५, ५८६, ५८७, ५८८, ५८९, ५९०, ५९१, ५९२, ५९४, ६०१, ६०२, ६०३, ६०४, ६०५, ६०६, ६०७, ६०८, ६१०, ६११, ६६७, ६९४, ७०२, ७२०, ७७०, ७७१, ७७८, ७७९, ८०७, ८०८, ८१०, ८११, ८१२, ८१३, ८१४, ८१५, ८१६, ८१७, ८१८, ८१९, ८२०, ८२१, ८२२, ८२४, ८३०, ८३१, ८३२, ८३३, ८३४, ८३५, ८३६, १०२७, १०२८, १०२९, १०५४, १०५५, १०५६, ११८४, ११८५, ११८६, ११८७, ११८८, ११८९, ११९०, १५५४ र ९९९९८७ योजनाबद्ध आवासीय क्षेत्र (जग्गा विकास कार्यक्रम) सञ्चालन गर्न योजना अनुमती (Planning Permit) माग गरेको तपसिल बमोजिमको चार किल्ला भित्रमा जग्गा धनी, साध-संधियार, मोहिले कुनै किसमको मन्जुरीनामा सनाखत, हकदावी, दावीविरोध, सिमांकन सम्बन्धमा समस्या भएमा यो सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्रमा माथी उल्लेखित कित्ताहरूमा दावीविरोध, पुग्ने भए सबुद प्रमाण सहित आउनुहुन सम्बन्धीत सबैको लागि यसै सूचनाबाट जानकारी गराईन्छ ।

प्रस्तावित जग्गा विकास योजनाको चार किल्लामा पर्ने कित्ताहरू :

- पूर्व तर्फ : कि.नं. ५७३, ५७१,१५२५, १५२४, ५६६, ७९८, ७७२, ५६२ र ५७९,
- पश्चिम तर्फ : कि.नं. १४१०, ९९९९८७ (बाटो), ४८५, १६३६, १६३८, १६३९, १६४०, ४७३, १०२६ ४८९ र ४९१
- उत्तर तर्फ : कि.नं. १३७९, ५६८, ५४९, ६१५, ६१२, ६७७, १६१७, ५९९, ५९८, ५९७ र १५५५
- दक्षिण तर्फ : कि.नं. ५१९, ५०४, ५०६ ५०७, ६९५ (बाटो), १४२४, १५०४, ४९५, ४९३, ८२९, ८२८, ८२७, ४९१, १०२६ र ४८९

सम्पर्क कार्यालय :
काठमाडौं उपत्यका विकास प्राधिकरण
जिल्ला आयुक्तको कार्यालय
भक्तपुर, दरबार स्क्वायर, भक्तपुर, फोन नं. ०१६६१०१२३

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८२/०२/०८ गते)

तपसिल बमोजिमका कर्जा ग्राहकहरूले यस बैंकबाट देहायबमोजिम कर्जा/सुविधाहरूको बैंकलाई बुझाउनुपर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता तथा कर्जा बुझाउनेबारे २१ (एक्काइस) दिने सूचना प्रकाशन गर्दासमेत कर्जा भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरिएको छ । उल्लेखित ३५(पैंतीस) दिनभित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहायबमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति बैंक आफैले सकार गरिलिनसक्ने व्यहोरासमेत जानकारी गराइन्छ ।

तपसिल

धितो लिलाम बिक्री हुने मितिः २०८२ साल असार महिना १२ गते, **सम्बन्धित कार्यालयः** कृषि बिकास बैंक लि. शाखा कार्यालय स्वयम्भु,
धितो लिलाम हुने कायालय/स्थानः कृषि बिकास बैंक लि., मुख्य शाखा कार्यालय रत्नपार्क

ग्राहकको विवरण

कम्पनीको नामः रक्षा मोडर्न एग्रिकल्चर फर्म प्रा.लि.(सं. मिनबहादुर तामाङ) **दर्ता भएको कार्यालयः** कम्पनी रजिष्टरको कार्यालय त्रिपुरेश्वर, काठमाडौं ।
कम्पनीको दर्ता नं.: १४३८५९/०७२/७३ **मितिः** २०७२/०९/२८ **पान नं.:** ६०३५७८६४७, **पान नं. लिएको मितिः** २०७२/१०/०३

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	गा.पा./न.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
व्याज अनुदानसहितको सहुलियपूर्ण कृषि कर्जा/१२९५०८४	कपिल गुरुङ	काठमाडौं	का.म.न.पा.	३	४४७	११७ बर्ग मिटर

संचालकको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
मिन बहादुर तामाङ	सिम्पानी-३, खोटाङ	१२२०१३/५७५	खोटाङ/ २०७१/१०/१४/ जिल्ला प्रशासन कार्यालय	विरबहादुर तामाङ	अम्मरबहादुर तामाङ

व्यक्तिगत जमानी तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
मिन बहादुर तामाङ	सिम्पानी-३, खोटाङ	१२२०१३/५७५	खोटाङ/ २०७१/१०/१४/जिल्ला प्रशासन कार्यालय	विर बहादुर तामाङ	अम्मर बहादुर तामाङ
कपिल गुरुङ	दक्षिणकाली-९, काठमाडौं	१९७३९	काठमाडौं/ २०५०/१२/२५/जिल्ला प्रशासन कार्यालय	हस्त बहादुर गुरुङ	विर बहादुर गुरुङ
तारादेवी खत्री	सिम्पानी-८, खोटाङ	२७१४	खोटाङ/२०५१/१२/०३/जिल्ला प्रशासन कार्यालय	जित बहादुर खत्री	हरि खत्री
बबिता गुरुङ	खाल्टे-१, धादिङ	९४१८	धादिङ/२०५२।०९।१६/जिल्ला प्रशासन कार्यालय	हिरा बहादुर गुरुङ	मान बहादुर गुरुङ
सृजना तामाङ	सिम्पानी-३, खोटाङ	२७७१/३४५	खोटाङ/२०५२/०९/१६/जिल्ला प्रशासन कार्यालय	विर बहादुर तामाङ	अम्मर बहादुर तामाङ

शर्तहरू :

१. धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरूले भाग लिएको हुनुपर्नेछ ।
३. धितो लिलाम डाँक बढाबढमा सबैभन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटीवापत् त्यसै दिन यस बैंकमा जम्मा भएको हुनुपर्नेछ ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिनभित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाइने छैन ।
६. डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
९. डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।


कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाडौं ।

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार ८ जेठ ०८२

■ वैदेशिक व्यापार
माथि उठ्दै निर्यात

साउनमा ८.७ प्रतिशत रहेको निर्यातको हिस्सा वैशाखसम्ममा १२.८८ प्रतिशत
आयातमा १३.११ प्रतिशत र निर्यातमा ७२.७१ प्रतिशत वृद्धिदर



पवन तिमिल्सिना/नयाँ पत्रिका

वैदेशिक व्यापारमा आयातको हिस्सा खुम्चिन थालेको छ। वस्तु आयातको तुलनामा निर्यातको वृद्धिदर बढ्दै गएकाले वैदेशिक व्यापारको संरचनामा नै परिवर्तन देखिएको हो। पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा खानेतेलको निर्यात बढेकाले समग्र वैदेशिक व्यापारको संरचनामा नै परिवर्तन आएको हो।

भन्सार विभागका अनुसार चालू आर्थिक वर्ष ०८१/८२ को १० महिनामा कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ८७.१२ प्रतिशत पुगेको छ। गत आर्थिक वर्ष ०८०/८१ को १० महिनामा आयातको हिस्सा ९१.१७ प्रतिशत थियो। चालू आवकै गत साउनमा पनि यस्तो हिस्सा ९१.३ प्रतिशत थियो। गत साउनमा वैदेशिक व्यापारमा ८.७ प्रतिशतमा सीमित निर्यात वैशाखसम्म आइपुग्दा १२.८८ प्रतिशत पुगेको छ।

वैशाखसम्ममा आयातको वृद्धिदर १३.११ प्रतिशत छ भने निर्यातको वृद्धिदर ७२.७१ प्रतिशत छ। चालू आवको १० महिनामा १४ खर्ब ७४ अर्बको वस्तु आयात भएको छ भने दुई खर्ब १७ अर्बको निर्यात भएको छ।

भटमास र सूर्यमुखी तेलको उच्च मात्रामा भएको निर्यातले वैदेशिक व्यापारमा निर्यातको हिस्सा बढाउँदै लगेको भन्सार विभागको तथ्यांक छ। १० महिनामा ७८ अर्ब ७५ करोड रुपैयाँको भटमासको तेल निर्यात भएको छ। त्यस्तै, १० अर्ब नौ करोडको सूर्यमुखी तेल निर्यात भएको छ। कुल वस्तु निर्यातमा भटमास र सूर्यमुखी तेल निर्यातको हिस्सा ४०.७७ प्रतिशत पुगेको छ। आठ अर्ब ८४ करोडको गलैँचा, ६ अर्ब ६७ करोडको अलैँची र चार अर्ब ७९ करोडको रोल्ड आइरन निर्यात भएको छ।

सर्वाधिक आयात हुनेमा पेट्रोलियमपछि कच्चा खानेतेल

१० महिनामा सर्वाधिक आयात हुने वस्तुमा पेट्रोलियम पदार्थपछि कच्चा खानेतेल देखिएको छ। यो अवधिमा एक खर्ब दुई अर्ब ३८ लाख रुपैयाँको डिजेल आयात भएको छ। ५३ अर्ब पाँच करोडको पेट्रोल, ५१ अर्ब ८१ करोडको खाना पकाउने ग्यास र १६ अर्ब १४ करोडको हवाई इन्धन आयात भएको छ।

८१ अर्ब ८९ करोडको भटमासको कच्चा तेल आयात भएको छ। २४ अर्ब ६४ करोडको सूर्यमुखीको कच्चा तेल आयात भएको छ। ४१ अर्ब ४९ करोडको फलामजन्य वस्तु आयात भएको छ। २८ अर्ब ७६ करोडको स्मार्टफोन, २८ अर्ब ७५ करोडको हट रोल्ड आइरन, २५ अर्ब ५० करोडको औषधिजन्य वस्तु र १८ अर्ब ९५ करोडको धान आयात भएको छ। १८ अर्ब २६ करोडको कोइला, १७ अर्ब १२ करोडको सुन, १४ अर्ब ९७ करोडको मकै आयात भएको छ। त्यस्तै, १३ अर्ब ८७ करोडको १०० किलोवाटसम्मको विद्युतीय कार, जिप र भ्यान आयात भएको छ। १२ अर्ब ९० करोडको तोरीको पिना, १२ अर्ब २७ करोडको अर्धप्रशोधित फलामजन्य वस्तु, ११ अर्ब ६० करोडको भटमासको पिना, ११ अर्ब ६० करोडको युरिया र ११ अर्ब २० करोडको रासायनिक मल आयात भन्सार विभागले जनाएको छ।

यो सिजनको विद्युत् निर्यात सुरु

दिउँसो दैनिक करिब चार सय मेगावाटसम्म बिजुली आयात भइरहे पनि गत शनिबारदेखि रातको समयमा मात्रै प्राधिकरणद्वारा भारततर्फ बिजुली निकासी, असारबाट बंगलादेशतर्फ पनि दैनिक ४० मेगावाटका दरले निर्यात हुने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् प्राधिकरणले गत शनिबारदेखि यो सिजनको बिजुली निर्यात सुरु गरेको छ। अहिले रातको समयमा दैनिक एक सय ५० मेगावाटदेखि दुई सय मेगावाटसम्म निर्यात भइरहेको प्राधिकरणले जनाएको छ। दिउँसोको समयमा भने करिब चार सय मेगावाटसम्म भारतबाटै बिजुली आयात भइरहेको छ।


राति आन्तरिक माग घट्ने भएकाले उत्पादित बिजुली भारत निर्यात भइरहेको प्राधिकरणका प्रवक्ता भाइराजा शिल्पकारले जानकारी दिए। 'भारतीय इनर्जी एक्सचेन्जमार्फत रियल टाइम मार्केटमा बिजुली निर्यात थालिएको छ,' उनले भने, 'उत्पादन बढेसँगै आन्तरिक खपत गरेर बाँकी भएको अवस्थामा भारतको रियल टाइम मार्केटमा विद्युत् बिक्री गर्न सुरु गरेका हौँ। २४ घण्टा नै विद्युत् निर्यात भने भएको छैन।'

प्राधिकरणको तथ्यांकअनुसार मंगलबार दुई हजार चार सय ३३ मेगावाट घण्टा बिजुली भारततर्फ निर्यात भएको छ। मंगलबार नै तीन हजार एक सय ९९ मेगावाट घण्टा बिजुली भारतबाट आयात पनि गरिएको छ। मंगलबार पिक आवरमा १९ सय २२ मेगावाटसम्म विद्युत् उत्पादन भएको थियो। त्यसबेला विद्युत् माग भने १९ सय ५० मेगावाट थियो। मंगलबार पिक आवरमा २८ मेगावाट विद्युत् आयात गरिएको थियो। रात र दिउँसोको समयमा आन्तरिक खपत गरेर बाँकी भएको विद्युत् भारततर्फ निर्यात गरेको प्रवक्ता शिल्पकारको भनाइ छ।

नेपालमा समयअनुसार विद्युत्को माग फरक-फरक हुन्छ। साँझ पिक आवरमा विद्युत्को माग बढी हुन्छ भने दिउँसो औसत रहन्छ। रातको समयमा भने विद्युत्को माग धेरै नै कम हुन्छ। त्यसबेला बाँकी भएको विद्युत् भारततर्फ निर्यात गरिएको प्रवक्ता शिल्पकारले बताए।

हाल विद्युत्को जडित क्षमता ३५ सय मेगावाट हाराहारी छ। अहिले मनसुनका कारण खोलामा पानीको सतह बढेको छ। गर्मी भएको वेलामा पनि हिउँ पग्लेर खोलामा पानीको सतह बढेको छ। त्यसले खोलामा पानी सतह बढेको छ। फलस्वरूप, त्यस्ता खोलाको पानीमा निर्भर परियोजनाको उत्पादन बढ्न थालेको छ। त्यसपछि विद्युत् निर्यात पनि सुरु गरिएको हो।

हिउँद लागेर विद्युत् उत्पादन घटेसँगै गत पुस ६ गतेबाट निर्यात रोकिएको थियो भने आयात सुरु भएको थियो। त्यसको पाँच महिनापछि निर्यात पुनः सुरु भएको हो। यद्यपि, विद्युत् आयात पनि कायमै छ।





भाइराजा शिल्पकार
प्रवक्ता, प्राधिकरण

> उत्पादन बढेसँगै आन्तरिक खपत गरेर बाँकी भएको अवस्थामा भारतको रियल टाइम मार्केटमा विद्युत् बिक्री गर्न सुरु गरेका हौँ। २४ घण्टा नै विद्युत् निर्यात भने भएको छैन। रातको समयमा १५० देखि २०० मेगावाटसम्म विद्युत् बिक्री गर्न पुगेको छ। यद्यपि, आन्तरिक उत्पादनले नपुगेको वेला आयात पनि गरिरहेका छौँ। मंगलबार पनि ३७३ मेगावाटसम्म विद्युत् आयात भएको थियो।



■ असारदेखि २४सै घण्टा निर्यात

सम्भवतः असारदेखि आयात पूर्ण रूपमा रोकिने र निर्यात पनि २४ घण्टा नै हुने प्राधिकरणको भनाइ छ। सम्झौताअनुसार प्राधिकरणले १ असारदेखि बंगलादेशलाई ४० मेगावाट विद्युत् पनि निर्यात गर्नेछ। त्यस्तै, भारतमा पनि नौ सय ४१ मेगावाटसम्म विद्युत् बिक्री गर्न यसअघि कै स्वीकृति भएको छ। यसपालि भारततर्फ थप स्वीकृति लिएर १२ सय मेगावाटभन्दा बढी विद्युत् निर्यात गर्ने लक्ष्य लिइएको छ। प्राधिकरणले चार वर्षअघिबाट विद्युत् निर्यातको ढोका खोलेको हो। सुरुमा भारततर्फ मात्रै निर्यात भइरहेको बिजुली गत वर्षदेखि भारतीय प्रसारण लाइन हुँदै बंगलादेशतर्फ पनि जान थालेको छ।

नौ महिनामा प्राधिकरणको नाफा नौ अर्ब १९ करोड

बुधबार सार्वजनिक चैतसम्मको अपरिष्कृत वित्तीय विवरणसहितका प्रतिवेदनअनुसार चैत मसान्तसम्म प्राधिकरणले नौ अर्ब १९ करोड ८० लाख रुपैयाँ नाफामा आर्जन गरेको छ। कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले श्वेतपत्र जारी गर्दै फागुनसम्म नौ अर्ब ४८ करोड रुपैयाँ नाफा भएको बताउँदै करसम्बन्धी कानुनअनुसार ह्रासकट्टी गर्दा पाँच अर्ब २६ करोड रुपैयाँ सञ्चित नोक्सानी रहेको जिकिर गरेका थिए। तर, त्यसको एक महिनापछि प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकमा नौ अर्ब १९ करोड ८० लाख रुपैयाँ नाफामा देखिएको छ। फागुनको तुलनामा चैतको नाफा भने घटेको छ।

समीक्षा अवधिमा प्राधिकरणको कुल आम्दानी ९८ अर्ब ९५ करोड ६६ लाख रुपैयाँ रहेको छ, ८९ अर्ब ७५ करोड ८६ लाख रुपैयाँ खर्च रहेको छ। कर कट्टी गर्नुअघिको अप्रशोधित नाफा नौ अर्ब १९ करोड ८० लाख रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ। गत आवको सोही अवधिमा भने प्राधिकरणको नाफा ११ अर्ब ६ करोड ३३ लाख रुपैयाँ थियो। गत आवको नौ महिनामा ९३ अर्ब ९४ करोड १० लाख रुपैयाँ आम्दानी हुँदा ८२ अर्ब ८७ करोड ७७ लाख रुपैयाँ खर्च भई ११ अर्ब ६ करोड ३३ लाख रुपैयाँ नाफा भएको थियो।

चैतसम्म साढे नौ अर्बको विद्युत् आयात

प्राधिकरणले चैतसम्म भारतबाट नौ अर्ब ४२ करोड ९२ लाख रुपैयाँको विद्युत् आयात गरेको छ। गत ६ पुसदेखि आयात थालिएको थियो। चैतसम्म भारतबाट ९१ करोड ६१ लाख युनिट विद्युत् आयात गरिएको प्राधिकरणले जनाएको छ। वैशाखसम्मको तथ्यांक भने तयार हुन बाँकी छ। गत आवको चैतसम्म भने ११ अर्ब ५४ करोड ७१ लाख रुपैयाँको विद्युत् आयात भएको थियो।

भारत र बंगलादेशमा १३ अर्ब १५ करोडको विद्युत् निर्यात

चालू आवको चैतसम्म प्राधिकरणले १३ अर्ब १५ करोड १९ लाख रुपैयाँको विद्युत् निर्यात गरेको छ। यो साउनदेखि पुससम्म विद्युत् निर्यातबापतको आम्दानी हो। गत आर्थिक वर्ष ०८१/८२ को सोही अवधिमा १३ अर्ब ४२ करोड ९ लाख रुपैयाँको विद्युत् निर्यात भएको थियो।

■ काठमाडौं जोड्ने कुलेखानी–फाखेल–हुमाने सडकमा 'असारे' विकास



शब्द तस्बिर : **पोष्टराज अधिकारी**/मकवानपुर

काठमाडौं जोड्ने छोटो मार्गका रूपमा रहेको हेटौँडा-कुलेखानी-फाखेल-हुमाने सडकखण्ड १५ दिन बन्द गरेर धमाधम कालोपत्र भइरहेको छ। बागमती प्रदेशमातहतको पूर्वाधार विकास कार्यालय, हेटौँडाका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुजन भण्डारीले इन्द्रसरोवर गाउँपालिका वडा नम्बर २ र ४ मा १२.६ किलोमिटर लम्बाइ र ८.२० मिटर चौडाइको सडकमा कालोपत्रे कार्य भइरहेको जानकारी दिए। जसअन्तर्गत ८.५० किलोमिटर सडकमा कालोपत्रे र चार किलोमिटरमा भने ढलान गरिनेछ। उनका अनुसार ३५ करोड ४८ लाख ८८ हजार ९१६ रुपैयाँमा ठेक्का सम्झौता भएको छ। हालसम्म उक्त खण्डको भौतिक प्रगति ८० प्रतिशत र वित्तीय प्रगति ५५.४६ प्रतिशत भइसकेको छ। उक्त सडक असोजमा आएको बाढीले क्षति पुऱ्याएको थियो।

नवनियुक्त गभर्नरको पदबहाली

पाँच सय र एक हजारका नयाँ नोट जारी गर्ने पहिलो निर्णय

काठमाडौं/ नेपाल राष्ट्र बैंकका नवनियुक्त गभर्नर डा. विश्वनाथ पौडेलले बुधबार पद बहाली गरेका छन्। मन्त्रिपरिषद्को मंगलबारको निर्णयअनुसार डा. पौडेल बैंकको रिक्त गभर्नर पदमा नियुक्त भएका हुन्। राष्ट्र बैंकको १८औँ गभर्नरको रूपमा पदबहाली अघि उनले सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतसमक्ष पद तथा गोपनीयताको शपथ लिएका थिए।

राष्ट्रिय योजना आयोगको उपाध्यक्ष, अर्थ मन्त्रालयको वरिष्ठ आर्थिक सल्लाहकार, कोलोम्बो प्लान काउन्सिलको अध्यक्ष तथा नेपाल उद्योग परिसंघको प्रमुख आर्थिक सल्लाहकारका रूपमा जिम्मेवारी निर्वाह गरिसकेका डा. पौडेल पछिल्लो समय काठमाडौं विश्वविद्यालयमा प्राध्यापक थिए।

पदबहालीलगत्तै अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई उनले भेट गरेका थिए। अर्थमन्त्री पौडेलले बधाई दिँदै सफल कार्यकालको शुभकामना दिए। उनले वित्त नीति र मौद्रिक नीतिबिच समन्वय गरी अघि बढ्ने उल्लेख गरे। गभर्नर पौडेलले अर्थतन्त्र र मौद्रिक क्षेत्रमा देखापरेका समस्या समाधानमा महत्त्वपूर्ण पहल गर्नुहुने विश्वास व्यक्त गरे।

बागमतीमा सन्तुलित र विवादरहित बजेट बनाउन सांसदको सुझाव

मकवानपुर/ बागमती प्रदेश सभामा मंगलबार प्रस्तुत भएको आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटको सिद्धान्त तथा प्राथमिकतामाथि सांसदहरूले राय दिन थालेका छन्। विगतका बजेटमा देखिएको विवाद र कार्यान्वयनमा देखिएको कमजोरी अब दोहोरिन नहुने सांसदहरूको सुझाव छ।

प्रदेश सभा बैठकमा बोल्ने अधिकांश सांसदहरूले सरकारले ल्याउने बजेट विवादरहित, सन्तुलित, प्रभावकारी र जनताको आकांक्षाअनुसारको हुनुपर्नेमा जोड दिएका छन्। उनीहरूले सरकारलाई प्रदेशको विकास, जनताको जीवनस्तर सुधार र रोजगारी सिर्जनामा टेवा पुग्ने किसिमको बजेट निर्माणमा ध्यान दिन आग्रह गरेका हुन्। बुधबारको बैठकमा सांसद ठाकुरप्रसाद ढकालले नागरिकको अपेक्षाअनुसारको बजेट कार्यक्रम निर्माण गर्नुपर्ने बताए। उनले प्रदेश विश्वविद्यालयलाई व्यवस्थित र स्तरीय बनाउन सरकारले लगानी बढाउनुपर्नेमा जोड दिए। त्यस्तै, सांसद सिर्जना सायजूले आत्मनिर्भर नागरिक बनाउन सरकारको बजेटलाई केन्द्रित गर्नुपर्ने बताइन्। सुशासन र पारदर्शितालाई प्राथमिकीकरण गरी सरकारले

आमनागरिकलाई आर्थिक उपार्जनमा जोड्न जरुरी रहेको उनले बताइन्।

प्रदेश सभा सांसद भारती पाठकले सरकारले जलवायु परिवर्तनप्रति ध्यान दिनुपर्ने भन्दै सरकारले योजना नीति तथा कार्यक्रम बनाउँदा जलवायु परिवर्तनका असर न्यूनीकरणमा जोड दिनुपर्ने बताइन्। अर्की सांसद उर्मिला तामाङले शिक्षाको गुणस्तर सुधारका कार्यक्रम सञ्चालनमा सरकार अग्रसर हुनुपर्नेमा जोड दिइन्।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ८ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय मनहरीबाट तपशिलमा उल्लेखित ऋणीले व्यक्तिगत आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औँ दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

ऋणीको विवरण
सुभद्र सिं दोडको नाति जयेन्द्र बहादुर दोडको छोरा मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स. वडा नं. ५ हाल, हेटौडा उ.म.न.पा. वडा नं. १२ बस्ने **उमेश दोड लामा** (ना.प्र.नं. : ३१३०२१/६२ जारी मिति र जिल्ला : २०६३/११/१६, मकवानपुर)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) सुभद्र सिं दोडको बुहारी जयेन्द्र बहादुर दोडको पत्नी मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स. वडा नं. ५ हाल, हेटौडा उ.म.न.पा. वडा नं. १२ बस्ने **साइली माया दोड** (ना.प्र.नं. : २३८३/५७२ जारी मिति र जिल्ला : २०४४/११/१०, मकवानपुर)
२) सुर्य बहादुर लोको छोरी जयेन्द्र बहादुर दोडको बुहारी उमेश दोड लामाको पत्नी मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स. वडा नं. ५ हाल, हेटौडा उ.म.न.पा. वडा नं. १२ बस्ने **बबिता लो दोड लामा** (ना.प्र.नं. : ३१-०१-६९-०४३९६ जारी मिति र जिल्ला : २०६९/०५/०३, मकवानपुर)
३) सुभद्र सिं दोडको नातिनी जयेन्द्र बहादुर दोडको छोरी मकवानपुर जिल्ला पदमपोखरी वडा नं. ५ हाल, हेटौडा उ.म.न.पा. वडा नं. १२ बस्ने **डोल्मा दोड** (ना.प्र.नं. : ३११०२१/५५९९६ जारी मिति र जिल्ला : २०६५/०९/२२, मकवानपुर)
यसअघि प्रकाशित गरिएको सूचनाको विवरण : मिति २०८१/१२/१८ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (विघा)
साइली माया दोड	मकवानपुर जिल्ला पदमपोखरी वडा नं. ५	५	३६६९	०-१०-१८-०

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०२/२८ गते बुधबार यस बैंकको शाखा कार्यालय मनहरी आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०२/२९ गते बिहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय मनहरीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

सिन्धुलीमा एभरेष्ट बैंकको शाखा विस्तार

काठमाडौं/ एभरेष्ट बैंकले सिन्धुलीमा शाखा विस्तार गरेको छ। बैंकले कमलामाई नगरपालिका- ६, सिन्धुलीमा १३२ औं शाखा विस्तार गरेको छ। यो शाखासँगै बागमती प्रदेशमा बैंकको शाखा संख्या ४७ पुगेको छ। शाखाको उद्घाटन कमलामाई नगरपालिकाका मेयर उपेन्द्रकुमार पोखरेल र बैंकका सञ्चालक समितिका अध्यक्ष डा. बालगोपाल वैद्यले संयुक्त रूपमा गरेका हुन्। उद्घाटन कार्यक्रममा सोही नगरपालिका वडा नं ६ का वडाध्यक्ष उज्ज्वलकुमार थापा, सिन्धुली उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष देवनारायण श्रेष्ठ, प्रहरी नायब उपरीक्षक सूर्यप्रकाश सुवेदी, बैंकका प्रमुख कार्यकारी



अधिकृत सुदेश खालिङलगायतको उत्साहजनक उपस्थिति थियो। मेयर पोखरेलले बैंकले गुणस्तरीय सेवा, सुविधा र सन्तुलित लगानी गर्ने विश्वास प्रकट गरे। साथै, सञ्चालक समितिका अध्यक्ष डा. वैद्यले एभरेष्ट बैंकको शाखा कार्यालय सिन्धुलीमा सञ्चालनमा आएसँगै स्थानीय बासिन्दालाई सबल, सरल र गुणस्तरीय बैंकिङ सेवा प्रदान गराउने प्रतिबद्धता व्यक्त गरे। शाखा विस्तारसँगै सिन्धुलीवासीले अत्याधुनिक, सरल र सहज बैंकिङ सुविधा लिन सक्ने विश्वास बैंकले गरेको छ।

एनसेलको ९९ रुपैयाँमै अनलिमिटेड कलसहितको प्याक



काठमाडौं/ एनसेलले प्रिपेड ग्राहकका लागि तीनवटा नयाँ साप्ताहिक रिन्युअल प्याक ल्याएको छ। एक हप्ताका लागि ग्राहकको भ्वाइस, डेटा र एसएमएस सेवाको आवश्यकतालाई ध्यानमा राखी बजेटमैत्री विकल्पका रूपमा यी प्याक ल्याइएको एनसेलले जनाएको छ। यी प्याक मंगलबारदेखि नै लागू भएका छन्।

भ्वाइस प्याकअन्तर्गत, ग्राहकले सात दिनसम्म एनसेल वा एनटिसीमा अनलिमिटेड कल गर्न सक्नेछन्, जसको मूल्य ९९ रुपैयाँ छ। हप्ताभरका लागि डेटा, भ्वाइस र एसएमएस सेवा चाहिने ग्राहकले भने ९९ रुपैयाँमा दुई जिबी डेटा, ४९ मिनेटको अल नेपाल कल र ९ वटा अल नेपाल एसएमएस भएको 'सर्धै अन' प्याक लिन सक्नेछन्। यसैगरी, डेटा मात्र चाहने ग्राहकले भने एक सय ५० रुपैयाँमा १० जिबी उच्च गतिको डेटा सात दिनसम्म प्रयोग गर्न सक्ने एनसेलले जनाएको छ। यी प्याक हरेक हप्ता आफैं नवीकरण हुनेछन्। यसले ग्राहकलाई बारम्बार प्याक लिनुपर्ने झन्झटबाट मुक्त बनाउने बताइएको छ। सेवा साप्ताहिक रूपमा नवीकरण गर्ने वेला भने मोबाइलमा पर्याप्त ब्यालेन्स हुनुपर्ने कम्पनीले जनाएको छ।

प्रभु बैंक र इला होटेलबिच सम्झौता



काठमाडौं/ प्रभु बैंकका ग्राहकले इला होटेल्स एन्ड रिसोर्टस् र मौलाकाली केबलकारमा विशेष छुट पाउने भएका छन्। छुटसम्बन्धी समझदारीपत्रमा प्रभु बैंककी प्रमुख प्रदेश अधिकृत साँग्रिला श्रेष्ठ र इला होटेल्स तथा मौलाकाली केबलकारका महाप्रबन्धक अरविन्द्र केसीले हस्ताक्षर गरेका हुन्। सम्झौताअनुसार बैंकका ग्राहक तथा कर्मचारीलाई खानपानमा १० प्रतिशत, केबलकार टिकटमा २० प्रतिशत छुट र आवास सेवामा १० प्रतिशत छुटका साथै केबलकार यात्रा पनि निःशुल्क उपलब्ध हुने बताइएको छ।

आइएमई लाइफका ग्राहकलाई प्रेमदरबार होटेलमा छुट

काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनीका बिमित, अभिकर्ता तथा कर्मचारीलाई प्रेमदरबार होटेलमा छुट दिने गरी दुवै पक्षबिच सम्झौता भएको छ। आइएमई लाइफका ग्राहकले जिपलाइन टिकटमा ५० प्रतिशत र होटेलका सम्पूर्ण सेवामा ३५ प्रतिशत छुट पाउने सम्झौतापत्रमा उल्लेख छ।

छुट सुविधा प्राप्त गर्न कम्पनीका बिमितले मोबाइल एपमा रहेको प्रिभिलेज कार्ड देखाउनुपर्नेछ। यस्तै, अभिकर्ता तथा कर्मचारीले कम्पनीले जारी गरेको आधिकारिक परिचयपत्र पेस गरी छुट सुविधाको लाभ लिन सक्नेछन्।

छुट सुविधा लिन प्रेमदरबार होटेलको टिकट काउन्टरमा गएर जिपलाइनको टिकट खरिद गर्नुपर्नेछ। उक्त सुविधालाई थप प्रभावकारी बनाउन कम्पनीले प्रिभिलेज कार्ड जारी गरी सेवालाई सहज र स्तरीय बनाइएको बताएको छ।

दृष्टि फाउन्डेसनलाई सिटिजन्सको सहयोग



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलले दृष्टि फाउन्डेसन नेपाललाई सरसफाइ तथा उपभोग्य सामग्रीहरू सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मानसिक स्वास्थ्य समस्याबाट पीडित र परिवारविहीन महिला तथा उनका बालबालिकाहरूका लागि काम गर्दै आएको धनगढीस्थित दृष्टि फाउन्डेसनलाई करिब दुई महिनालाई पुग्ने गरी सरसफाइ तथा उपभोग्य सामग्रीहरू उपलब्ध गराएको हो।

एक कार्यक्रमबिच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले महिलाहरू र उनका बालबालिकालाई सामग्रीहरू हस्तान्तरण गरेका हुन्।

मुक्तिनाथले सुरु गऱ्यो अन्तरबैंक टेलर क्युआर

काठमाडौं/ मुक्तिनाथ विकास बैंकले डिजिटल भुक्तानीमा प्रोत्साहन गर्न अन्तरबैंक टेलर क्युआर सेवा सुरुवात गरेको छ। यस सेवाअन्तर्गत ग्राहकले कुनै पनि बैंकको मोबाइल बैंकिङ एपको प्रयोग गरी मुक्तिनाथ विकास बैंकको टेलरमा भएको क्युआर स्क्यान गरी सजिलै नगद भिक्न सक्नेछन्।

यस सेवाको सुरुवातबाट ग्राहकले परम्परागत रूपमा चेक तथा एटिएमको प्रयोगमार्फत रकम भिक्नुपर्ने बाध्यतालाई कम गर्न मद्दत पुग्नेछ। यस सेवा बैंकमा खाता नभएका, तर अन्य बैंकमा खाता भएका ग्राहकले पनि उपयोग गर्न सक्ने बताइएको छ।

यो सेवा प्रथम चरणमा बैंकको मुख्य शाखा लाजिम्पाट, पोखराको नागढुंगा, कोहलपुर, इटहरी, नारायणगढ र कमलादी शाखा कार्यालयबाट सुरु भएको छ।

Qatar मा रोजगार Yemek Doha Catering

पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८१/१०/२३ चलानी नं. ६०२३२४९४ LT No.: 318269

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Electrician (General)	8	कामसा दक्ष	1200	८५,३००।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	FREE	FREE	२ वर्ष

अन्तरवार्ता २०८२ जेष्ठ १५ गते (29 May, 2025) यस प्रा. लि. को कार्यालय गोशला काठमाडौंमा हुनेछ ।

POWER EMPLOYMENT PVT. LTD.
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Email : poweremployment.np@gmail.com
LIC. NO.: 1194/073/074

भुल सुधार सहितको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८२/०२/०८ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैकका ऋणीहरु न्यू कमल आर के ट्रेडर्स र जेनिशा अर्डर सप्लायर्सको धितो लिलाम बिक्रीका लागि मिति २०८१/०४/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित १५ (पन्ध्र) दिने तथा मिति २०८१/०५/१६ गतेको अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक र मिति २०८१/०७/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ७ (सात) दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचनाहरुमा लिलाम हुने धितोको विवरणमा कि.नं. १७०३ को हकमा बलिया गा.वि.स./न.पा. हुनुपर्नेमा कम्प्यूटर टाईपको त्रुटीका कारण अन्यथा हुन गएकोले पुनः यो ७ (सात) दिने लिलामी बिक्रीको सूचना प्रकाशित गरिएको छ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of Global Alliance for Banking on Values

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोन : ४-५८९२५७

बोलपत्र स्वीकृत सम्बन्धी आशयपत्र

प्रकाशित मिति : २०८२/०२/०८

यस समितिबाट मिति २०८२/१/१३ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा का.म.पा.वडा नं.६ मँहाकालको सार्वजनिक शौचालय फिनिसिङ गर्ने कार्यको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित भएकोमा रीतपूर्वक दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र यस समितिको मिति २०८२/०२/०७ गतेको बोर्ड बैठकले स्वीकृत गरिएको हुँदा सोको प्रयोजनार्थ सम्बन्धी सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र. स.	ठेक्का नं.	कामको विवरण	कबोल अंक (मु.अ.क) समेत	बोलपत्रदाता फर्मको नाम, ठेगाना
१.	८/०८१/०८२	का.म.पा.वडा नं.६ मँहाकालको सार्वजनिक शौचालय फिनिसिङ गर्ने कार्य	१४,११,८९९.३९	श्री योड्या निर्माण सेवा, बु.न.पा.-१०, काठमाडौं।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Rajapur Irrigation Management Office (RIMO)
Rajapur, Bardiya

Notice for the Letter of Intent

Date of publication: 22nd May, 2025

Project No. and Title: 56218-001: Irrigation Modernization Enhancement Project

This is to notify all concerned bidders who submitted their bids for the Open Competitive Bidding (OCB) process mentioned below that the listed lowest evaluated substantially responsive bidder has been selected to award the contract, in accordance with the procedures specified in ITB 42 and Clause 27 of the Public Procurement Act 2063.

S. N.	OCB No.	Description of Works	Lowest Evaluated Substantially Responsive Bidder	Bid Price NRs. (Including VAT & PS)
1	IMEP/RIP/B-1a/CW-117	Repair of Budi Kulo approach channel, Upgrading Budi Kulo Intake and Karnali River protection of Rajapur Irrigation Project.	DNC-VISHAN-KCDC JV, Neelkantha-5, Dhading, Nepal	43,79,59,118.80
2	IMEP/RIP/B-1a/CW-118	Construction of main, branch and Secondary canal structures and Rehabilitation of Geruwa kulo intakes of Rajapur Irrigation Project.	DNC-GCAM-JOGIMARA JV, Hyderabad, Kavorihills, India	41,15,83,872.55

Office Chief

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय भक्तपुर

बक्यौता कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८२/०२/०८

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरुको बक्यौता कर रकम दाखिला गर्न मौखिक जानकारी, टेलिफोन सम्पर्क र विभिन्न मितिमा संकलन भ्रमण गरी कार्यालयको अभिलेखमा भएको ठेगानामा विभिन्न मितिमा पत्र पठाईएकोमा हालसम्म बक्यौता रकम दाखिला नगरेको तथा बक्यौता फरफारक नगरेकोले मिति २०८२/०२/०७ सम्मको बक्यौताको आधारमा यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र बक्यौता रकम दाखिला गर्नुहुन वा दाखिला गरी सकेको भए सोको प्रमाण पेश गर्नुहुन जानकारी गराईन्छ। अन्यथा, आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा १०४ देखि १११ सम्मको, अन्त:शुल्क ऐन, २०५८ (संशोधन सहित) को दफा १०ज तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधन सहित) को दफा २१ को उपदफा (१) मा उल्लेखित कुनै वा सबै प्रावधानहरुको हदैसम्मको प्रक्रिया अवलम्वन गरी बक्यौता कर रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा सरोकारवालालाई जानकारी गराईन्छ।

सि.नं	स्थायी.लेखा नं.	फर्मको नाम	ठेगाना	सञ्चालक/प्रोपाईटर /साझेदारको नाम	बक्यौताको प्रकार
१	६०६८४१३१७	गोर्खा इको रेड ब्रिक्स प्रा.लि.	भक्तपुर १०	कृष्ण राम देउपाला	मू.अ.कर
२	६०२७४१७९८	जय शिव गुरु ट्रेडर्स	सूर्यविनायक ०८	शम्भु राम प्रजापति	मू.अ.कर/आयकर
३	६०६८८४७२३	पोलारिस टेक्नोलोजि नेपाल प्रा.लि.	भक्तपुर ०५	कृष्ण कुमारी पाध्यानी	मू.अ.कर
४	५०००१२९९४	स्ट्यान्डर्ड ईलेक्ट्रो टेक	मध्यपुर थिमी ०३	श्याम सुन्दर जोशी	मू.अ.कर
५	३०४२९८०५३	काभ्रे नेपाल हाइड्रो इन्जिनियरिङ्ग प्रा.लि.	मध्यपुर थिमी ०३	किरण गौतम	मू.अ.कर/आयकर
६	६०१८५९७९५	टेक्नोभेसन ईन्जिनियरिङ्ग सर्भिस प्रा.लि.	मध्यपुर थिमी ०३	लक्ष्मी कान्त मण्डल	मू.अ.कर/आयकर
७	३००९०५१३३	ए वन सेल्स एण्ड सर्भिस प्रा. लि.	भक्तपुर ०४	अंजन श्रेष्ठ	मू.अ.कर
८	३००९०५६३८	सांग्रीला मेटल इण्डष्ट्रिज	काठमाडौं ०३	मुकुन्द प्रसाद सापकोटा	मू.अ.कर/आयकर
९	३०३७०२१९५	वि. एण्ड वि. ट्रेडर्स	सूर्य विनायक ०४	बिष्णु प्रसाद चवाल	मू.अ.कर
१०	६०६८२२७४५	आर.सि.एल. सप्लायर्स प्रा.लि.	सूर्यविनायक १०	म. अरिफ मिया	मू.अ.कर/आयकर
११	६०५९८३६३०	महाँलक्ष्मी ईंटा भट्टा उद्योग प्रा.लि.	चाँगुनारायण ०३	राम सुन्दर दुवाल	मू.अ.कर
१२	६०३९२२९१६	दि कञ्चनजङ्गा । रायमाझी । मोतिदान जे.भी.	सूर्यविनायक ०५	तेण्डी शेर्पा	मू.अ.कर
१३	६०८७०२३२४	जि डि इलेक्ट्रोनिक्स	मध्यपुर थिमी ४	ज्ञान देवी मानन्धर	मू.अ.कर
१४	६१०२८३६२४	मञ्जु श्री ग्लोबल कन्स्ट्रक्सन	मध्यपुर थिमि ०३	हरेराम थापा	मू.अ.कर
१५	६०९५७८०३४	स्काई मेटल प्रा.लि	मध्यपुर ०२	शंकर चौधरी	मू.अ.कर
१६	६०३९५६४१२	सार्थक हार्डवेयर	मध्यपुर ०२	अर्जुन लम्साल	मू.अ.कर
१७	६०१८६४६२९	एल. एस.ए.ए.मल्टीपर्पोज कम्पनी प्रा.लि	भक्तपुर ०२	लक्ष्मी श्रेष्ठ	मू.अ.कर/आयकर
१८	६०५११८५११	अर्पना कस्ट्रक्सन	चाँगुनारायण २	जित बहादुर घिसिङ	आयकर
१९	३०१८९३३६९	आदित्य ट्रेड लिङ्क	काठमाडौं ३२	अमृता कुमारी कडरिया (प्रसाई)	आयकर/मू.अ.कर
२०	६००६७६१०८	डिजाइन स्टेशन आर्किटेक्ट्स एण्ड प्लानर्स प्रा.लि.	मध्यपुर थिमी ०३	अमित श्रेष्ठ	आयकर/मू.अ.कर
२१	३०१५९७०४७	आदर्श छापाखाना	मध्यपुर थिमी १	विध्या चालिसे	आयकर/मू.अ.कर
२२	६१०२८७९४१	अरनिको म्यानेजमेन्ट ग्रुप प्रा. लि .	भक्तपुर १	मोहन कुमार ओली	आयकर
२३	६०५६३९३३५	न्यू ड्राईगन । सूर्योदय निर्माण सेवा । जे.भी.	चौरीदेउराली ०५	अजुर्न कुमार चौलागाई	आयकर/मू.अ.कर
२४	३००१४१६९२	हुकम फर्मास्युटिकल्स प्राइभेट लिमिटेड	मध्यपुर थिमी ६	विजय कुमार दुगड	आयकर
२५	६०६८५२८९२	बालाजी टाइल्स एण्ड मार्वल्स प्रा.लि	मध्यपुर थिमी १५	श्याम सुन्दर अग्रवाल	आयकर/मू.अ.कर
२६	६०९५६७५६२	रस इन्टरप्राइजेज	सूर्यविनायक ०२	सुनिल खत्री	आयकर/मू.अ.कर
२७	६०६६०१९४६	लिखु एग्रिकल्चर डिपार्टमेन्ट स्टोर प्रा .लि	मध्यपुर थिमी ०३	अरुण पाण्डे	आयकर/मू.अ.कर
२८	३०१७२०२९२	चक्रवती हवी हजुकेशन एकेडेकमी प्रा.लि	मध्यपुर थिमि ०९	देवेन्द्र बहादुर भण्डारी	आयकर
२९	६०२४०३७३५	डाइनामिक मार्केटिङ्ग प्रा.लि.	मध्यपुर थिमी ३	कृष्ण राम खोभ्जु	मू.अ.कर
३०	३०३०५३३४३	पवित्रा इन्टरनेशनल प्रा.लि	मध्यपुर थिमि ०३	भेष बहादुर बस्नेत	आयकर
३१	३०१५९७२७२	भक्तपुर ईंटा तथा टायल उद्योग प्रा.लि.	सुर्यविनायक ०८	दुर्गा प्रासद मल्ल	मू.अ.कर
३२	३०१७२०८०३	काठमाडौ वर्ल्ड स्कुल प्रा.लि.	सुर्यविनायक-७	खगेन्द्र प्रसाद ओझा	आयकर

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८२/०२/०८

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

शाखा कार्यालय : गरुडा, रौतहट

१. ऋणीको नाम र ठेगाना

ऋणी नाम : मुना हार्डवेयर सेन्टर
रजिष्टर्ड ठेगाना : संग्रामपुर गा.वि.सं.-९, रौतहट (हाल : गढिमाई न.पा.-४, रौतहट)
रजिष्ट्रेशन न : ४९४३/४४२, (नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यलय, गौर, रौतहट)
पान न. : ६०५४९६५७६

फर्मको प्रोपाईटरको नाम र ठेगाना

श्री रामईश्वर साहको नाती, श्री रामबाबु प्रसाद /श्रीमती तारा देवी कलवार को छोरा, श्रीमती धर्मशीला देवी चौधरी को पती रौतहट जिल्ला संग्रामपुर गा.वि.स.वडा नं. ९ भई हाल, रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ९ बस्ने श्री **सुबास चन्द्र जयसवाल** (ना.प्र. .नं. ४१३२, जारी मिति वि.स.२०५३/०२/२९, जि.प्र.का. रौतहट)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री रामबाबु प्रसाद/श्रीमती तारा देवी कलवार की बुहारी, श्री आस नारायण चौधरी की छोरी, श्री सुबास चन्द्र जयसवालको पत्नी रौतहट जिल्ला, संग्रामपुर गा.वि.स.वडा नं. ९ भई हाल, रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ९ बस्ने श्रीमती **धर्मशीला देवी चौधरी** (ना.प्र.नं. ३२३०९२/९८५, जारी मिति वि.सं. २०६३/११/१७, जि.प्र.का. रौतहट)
२. श्री रामइश्वर साह की बुहारी, श्री दिप नारायण चौधरी की छोरी, श्री रामबाबु प्रसादको पत्नी रौतहट जिल्ला, संग्रामपुर गा.वि.स.वडा नं. ९ भई हाल, रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ९ बस्ने श्रीमती **तारा देवी कलवार** (ना.प्र.नं. ७७१, जारी मिति वि. सं. २०५३/३/२, जि.प्र.का. रौतहट)
३. श्री सीवनन्दन साह को नाती, श्री रामइश्वर साह को छोरा, श्रीमती तारा देवी कलवार को पती रौतहट जिल्ला संग्रामपुर गा.वि.स.वडा नं. ९ भई हाल, रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ९ बस्ने श्री **राम बाबु प्रसाद** (ना.प्र. .नं. ३२२८०४३, जारी मिति वि.स.२०३६/०३/२८, जि.प्र.का. रौतहट)
४. श्री राम बाबु प्रसाद /श्रीमती तारा देवी कलवार को नाती, श्री सुबास चन्द्र जयसवाल/श्रीमती धर्मशीला देवी चौधरी को छोरा, रौतहट जिल्ला संग्रमपुर गा.वि.स.वडा नं. ९ भई हाल, रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ४ बस्ने श्री **मुना बाबु जयसवाल** (ना.प्र. .नं. ३२-०६-७५-००१७१, जारी मिति वि.स.२०७५/०२/०९, जि.प्र.का. रौतहट)

२. ऋणीको नाम र ठेगाना

श्री झपी ठाकुर लोहार को नाती, श्री हरीहर ठाकुर लोहार/श्रीमती देवकली देवी लोहार को छोरा, श्रीमति संगिता देवी को पति, रौतहट जिल्ला, मदनपुर गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल रौतहट जिल्ला गढीमाई न.पा. वडा नं. ५ बस्ने **महेशी ठाकुर** (ना.प्र.नं. २३००, जारी मिति : २०६२/०८/१३, जि.प्र.का. रौतहट)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री नमी ठाकुर लोहार को नाती, श्री झपी ठाकुर लोहार को छोरा, श्रीमति देवकली देवी लोहार को पति, रौतहट जिल्ला, मदनपुर गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल रौतहट जिल्ला गढीमाई न.पा. वडा नं. ५ बस्ने **श्री हरीहर ठाकुर लोहार** (ना.प्र.नं. ५६२४०३७७, जारी मिति : २०३४/०४/०५, जारी जिल्ला : रौतहट)
२. श्री झपी ठाकुर लोहार की बुहारी, श्री महावीर ठाकुर लोहार की छोरी, श्री हरीहर ठाकुर लोहार की पत्नी रौतहट जिल्ला, मदनपुर गा.वि.स.वडा नं. ६ भई हाल, रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ५ बस्ने श्रीमती **देवकली देवी लोहार** (ना.प्र.नं. ३७०, मिति वि. सं. २०४३/११/०५, जि.प्र.का. रौतहट)
३. श्री हरीहर ठाकुर लोहार/श्रीमती देवकली देवी लोहार की बुहारी, श्री भिखारी ठाकुर की छोरी, श्री महेशी ठाकुर की पत्नी रौतहट जिल्ला, मदनपुर गा.वि.स.वडा नं. ६ भई हाल, रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ५ बस्ने श्रीमती **संगिता देवी** (ना.प्र.नं. ०३२३०८८/२४५, मिति वि. सं. २०६३/१०/१८, जि.प्र.का. रौतहट)
४. श्री झपी ठाकुर लोहार को नाती, श्री हरीहर ठाकुर लोहार/श्रीमती देवकली देवी लोहार को छोरा, श्रीमति निर्मला देवी को पति, रौतहट जिल्ला, मदनपुर गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल रौतहट जिल्ला गढीमाई न.पा. वडा नं. ५ बस्ने **जोगेन्द्र ठाकुर लोहार** (ना.प्र.नं. ३७४८, जारी मिति : २०६३/०८/०९, जि.प्र.का. रौतहट)
५. श्री झपी ठाकुर लोहार को नाती, श्री हरीहर ठाकुर लोहार/श्रीमती देवकली देवी लोहार को छोरा, श्रीमति एतवरीया देवीको पति, रौतहट जिल्ला, मदनपुर गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल रौतहट जिल्ला गढीमाई न.पा. वडा नं. ५ बस्ने **लक्षुमण ठाकुर लोहार** (ना.प्र.नं. ४५४९, जारी मिति : २०५५/०२/२१, जारी जि.प्र.का. रौतहट)
६. श्री हरीहर ठाकुर लोहार/श्रीमती देवकली देवी लोहार की बुहारी, श्री रामचन्द्र ठाकुर की छोरी, श्री फेकन ठाकुर की पत्नी रौतहट जिल्ला, मदनपुर गा.वि.स.वडा नं. ६ भई हाल, रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ५ बस्ने श्रीमती **संगिता देवी** (ना.प्र.नं. ०३२३०८८/२४४, मिति वि. सं. २०६३/१०/१८, जि.प्र.का. रौतहट)
७. श्री हरीहर ठाकुर लोहार/श्रीमती देवकली देवी लोहार की बुहारी, श्री राम किशोर ठाकुर की छोरी, श्री जोगेन्द्र ठाकुर लोहार की पत्नी रौतहट जिल्ला, मदनपुर गा.वि.स.वडा नं. ६ भई हाल, रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ५ बस्ने श्रीमती **निर्मला देवी** (ना.प्र.नं. ०३२३०८८/२३१, जारी मिति वि. सं. २०६३/१०/१८, जि.प्र.का. रौतहट)
८. श्री झपी ठाकुर लोहार को नाती, श्री हरीहर ठाकुर लोहार/श्रीमती देवकली देवी लोहार को छोरा, श्रीमति सुशिन्ता देवी को पति, रौतहट जिल्ला, मदनपुर गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल रौतहट जिल्ला गढीमाई न.पा. वडा नं. ५ बस्ने **रुपेश ठाकुर** (ना.प्र.नं. ३२१०८८/१५६, जारी मिति : २०६७/०४/१०, जि.प्र.का. रौतहट)
९. श्री हरीहर ठाकुर लोहार/श्रीमती देवकली देवी लोहार की बुहारी, श्री अमरेश ठाकुर की छोरी, श्री रुपेश ठाकुर की पत्नी रौतहट जिल्ला, मदनपुर गा.वि.स.वडा नं. ६ भई हाल, रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ५ बस्ने श्रीमती **सुशिन्ता देवी** (ना.प्र.नं. ३२-०६-७४-००९२५, जारी मिति वि. सं. २०७४/४/५, जि.प्र.का. रौतहट)

शाखा कार्यालय : रंगेली, मोरङ

२. ऋणीको नाम र ठेगाना

सिहध्वज अधिकारीको नाती, दोर्ण बहादुर अधिकारीको छोरा , धनकुटा जिल्ला, लेगुवा गा.वि.स. वडा नं.०९ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला रंगेली न.पा. वडा नं. ०३ बस्ने **सागर अधिकारी** (ना.प्र.नं. ०७१०३३/१२८३, जारी मिति २०७१/०३/२०, (प्रथम प्रतिलिपि २०७३/०६/१५) जि.प्र.का. धनकुटा)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. दोर्ण बहादुर अधिकारी की बुहारी, खडग बहादुर कार्की की छोरी, सागर अधिकारीकी पत्नि, धनकुटा जिल्ला, लेगुवा गा.वि.स. वडा नं.०९ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला रंगेली न.पा. वडा नं. ०३ बस्ने **सुनिता अधिकारी** (ना.प्र.नं. १३७२/५०१, जारी मिति २०५५/०२/२७, (प्रथम प्रतिलिपि २०७१/०९/०१) जि.प्र.का. धनकुटा)
२. सेर सिंह अधिकारीको नाती, सिंहध्वज अधिकारी को छोरा, धनकुटा जिल्ला, लेगुवा गा.वि.स. वडा नं.०९ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला रंगेली न.पा. वडा नं. ०३ बस्ने **दोर्ण बहादुर अधिकारी** (ना.प्र.नं. २२८६, जारी मिति २०४५/०४/०५, जि.प्र.का. धनकुटा)

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७७

■ 'ए' डिभिजन लिग

दुई क्लबको बढुवा, तर दुई वर्षदेखि टुंगो लागेन थ्री स्टार र एपिएफको मुद्दा



थ्री स्टार



एपिएफ

रमेश सुवेदी/नयाँ पत्रिका

दुई वर्षअघिको सहिद स्मारक 'ए' डिभिजन लिगको रेलिगेसनको मुद्दा अहिलेसम्म टुंगो लागेको छैन। तर, अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा भइरहेको 'बी' डिभिजन लिगबाट प्लानिङ ब्वाइज र श्री भगवती क्लब पहिलोपटक शीर्ष डिभिजनमा बढुवा भएका छन्। योसँगै शीर्ष डिभिजन खेल्ने क्लब १५ पुगेका छन्। २७ जेठ ०८० मा सम्पन्न 'ए' डिभिजन लिगमा खुमलटार युवा र एपिएफ क्लब 'बी' डिभिजनमा घटुवा भएका थिए।

नवौं स्थानमा रहेर लिग टुंगाएको श्री स्टारले अयोग्य खेलाडी खेलाएको दाबी गर्दै एपिएफले एन्फामा उजुरी दिएको थियो।

> २७ जेठ ०८० मा भएको सहिद स्मारक 'ए' डिभिजन लिगमा श्री स्टार र एपिएफले राखेको मुद्दाको छिनोफानो नहुँदै 'बी' डिभिजनबाट प्लानिङ ब्वाइज र श्री भगवती बढुवा

एपिएफको उजुरीपछि एन्फाले पहिलो चरणमा दुई अयोग्य विदेशी खेलाडीलाई समान ५० हजार तथा श्री स्टारलाई तीन लाख जरिवाना गऱ्यो। एन्फा महासचिव किरण राईले मार्टिन अजयी र सेगुन पिटरसहित श्री स्टारलाई कारबाही गरेका थिए। राईले खेलाडी र श्री स्टारलाई कारबाही गरेको १९ पुस ०८० मा एपिएफलाई पत्र पठाएका थिए। भिसा समाप्त भएको र श्रम स्वीकृतविनै मार्टिन र पिटरलाई जावलाखेलविरुद्ध खेलाएको भन्दै एपिएफले उजुरी हालेको थियो। फिफा अनुशासन समितिको नियमअनुसार ३ अंक नघटाएपछि एपिएफले अपिल कमिटीमा उजुरी हाल्यो। धारा २८ मा अयोग्य क्लबको खेल जफत हुने र विपक्षीलाई ३-० ले विजयी गराइने उल्लेख छ।

यता, श्री स्टारले निर्णयमा चित्त नबुझेको भन्दै एन्फाकै अपिल कमिटीमा उजुरी दियो। एपिएफ र श्री स्टारको उजुरीका विषयमा दुई वर्षसम्म निर्णय नहुँदा ०८० को 'ए' डिभिजन लिगको रेलिगेसनमा पर्ने क्लबको टुंगो लागेको छैन। यसअघि एन्फाले डिभिजन लिगको साइकल पूरा नहुँदासम्म निर्णय नहुने जनाएको थियो। एन्फाको दुई साताअघि धुलिखेलमा गरेको साधारणसभाबाटै आगामी पुसमा 'ए' डिभिजन लिग हुने तालिका सार्वजनिक गरेको छ।

'ए' डिभिजन लिगमा रहेका क्लब

चर्च ब्वाइज, मच्छिन्द्र फुटबल, नेपाल पुलिस जावलाखेल युथ, सातदोबाटो युथ, न्युरोड टिम त्रिभुवन आर्मी, मनाङ मर्स्याङ्दी, श्री स्टार, संकटा, हिमालयन शेर्पा, फ्रेन्ड्स, एपिएफ प्लानिङ ब्वाइज (बढुवा), श्री भगवती (बढुवा)

एन्फाले गरेन फिफाको नियम पालना

फिफाको अनुशासन कमिटीको नियमअनुसार कारबाही भएको टोलीको नतिजा उल्ट्याइने र ३ अंक खोसिन्छ। साथै, विपक्षी टोलीलाई ३ अंक प्रदान गरी ३-० को नतिजा प्रदान हुने उल्लेख छ। तर, एन्फाले दुई वर्षअघि सम्पन्न 'ए' डिभिजन लिगको निर्णय चित्त नबुझेका एपिएफ र श्री स्टारको हकमा फिफाको नियम लागू गर्ने हिम्मत देखाएको छैन। यद्यपि, चालू 'बी' डिभिजन लिगमा भने एन्फाको अनुशासन कमिटीले नयाँ बस्तीलाई ३ अंक प्रदान गरेको थियो। यसैगरी, एन्फाले 'सी' डिभिजन लिगमा पनि आरसी ३२ विरुद्ध दुईपटक गरी ६ अंक खोस्यो।

एन्फाले श्री स्टार र एपिएफको उजुरीलाई फिफाको नियमअनुसार शतप्रतिशत लागू गर्दा एक टोली 'बी' डिभिजनमा घटुवा हुनेछ। श्री स्टारको अपिल खेर गए रेलिगेसनमा पर्नेछ। नवौं स्थानमा रहेको श्री स्टारको ३ अंक खोसिँदा १३औं स्थानमा रही दोस्रो डिभिजनमा पुग्नेछ भने एपिएफ १२औं स्थानमा उक्लँदै रेलिगेसनबाट बच्नेछ।

एपिएफ निर्णयको प्रतीक्षामा

एपिएफ फुटबल क्लबका कोषाध्यक्ष विजय केसीले फिफाको नियमअनुसारको निर्णयको प्रतीक्षामा रहेको बताए। 'एन्फाले यही मुद्दामा श्री स्टारलाई दोषी ठहर गरी जरिवाना तिरायो, तर अंक खोसिएन, हामीले अपिल कटिमीमा उजुरी दिएका छौं,' केसीले भने, 'किन एन्फाले निर्णय गर्न नसकेको हो, धुलिखेल साधारणसभामा फिफाको प्रतिनिधिलाई सबै जानकारी गरायौं, उहाँहरू सकारात्मक हुनुहुन्छ।'

चाँडै टुंगो लगाउनुपर्छ

● **सुरेश शाह**, प्रवक्ता, एन्फा



एन्फाले आगामी पुसमा 'ए' डिभिजन आयोजना गर्दै छ। तर, पछिल्लो समयकै मुद्दा किराना लागेको छैन। कुन टिम रेलिगेसन हुने भन्ने कुराको निर्णय अपिल कमिटीले दिने हो। अपिल कमिटीले चाँडै यसको टुंगो लगाउनुपर्छ। अपिल कमिटीलाई हामीले दबाब दिन मिल्दैन।

निर्णयको प्रतीक्षामा छौं

● **विजय केसी**, कोषाध्यक्ष, एपिएफ



एन्फाले यसै मुद्दामा श्री स्टारलाई दोषी गर्दै जरिवाना गऱ्यो, तर अंक खोसिएन। यसविरुद्ध अपिल कमिटीमा उजुरी दिएका छौं। अब फिफाको नियमअनुसार निर्णय कुरिरहेका छौं। किन एन्फाले निर्णय दिन सकेको छैन। एन्फाले चाँडै निर्णय गर्नुपर्छ।

हामी पनि निर्णयको पर्खाइमा छौं

● **ज्ञानुबहादुर शाक्य**, अध्यक्ष, श्री स्टार



हामी पहिला पनि सही बाटोमा थियौं। कुनै गल्ती गरेका छैनौं। तर, एपिएफको उजुरी सुनेर एन्फाले हामीलाई जरिवाना गरायो। हामीले जरिवाना तिरेका पनि छैनौं। अपिल कमिटीमा उजुरी दिएका छौं। सबै पत्र अपिल कमिटीमा पठाएका छौं। हामी पनि निर्णयको पर्खाइमा छौं।

एन्फा प्रवक्ता सुरेश शाहले अपिल कमिटीलाई एन्फा नेतृत्वले दबाब नदिएको बताए। उनले एपिएफ र श्री स्टारबीचको मुद्दा छिटै किनारा लाग्ने बताए।

फिफा इथिक्स कमिटीमा के छ ?

फिफाको अनुशासन कमिटीले खेलाडी अयोग्य हुँदा क्लब र खेलाडीलाई कारबाही गरिने उल्लेख छ। कमिटीको धारा १९ मा कारबाहीको प्रावधान उल्लेख गरिएको छ। 'मैदानमा उतारिएको खेलाडीलाई अयोग्य घोषित गरियो भने खेलाडीलाई कारबाही तथा सम्बन्धित टोलीको खेल जफत गरिनेछ,' धारा १९ मा भनिएको छ। यसैगरी, धारा २८ मा अयोग्य टोलीको खेल जफत गर्दा विपक्षी ३-० ले विजयी हुने भनिएको छ। धारा ५६.१ ले कुनै खेलाडी अयोग्य हुँदाहुँदै मैदानमा उत्रिएको खण्डमा अपराध ठहरिने बताएको छ। यो धाराले खेलाडी र क्लब दुवैलाई समान एक हजार अमेरिकी डलर जरिवाना गर्ने उल्लेख गरिएको छ।

श्रेष्ठ र राजकर्णिकारमाथि ओसिएको कारबाही

११ मार्चमा कुवेतमा भएको सम्झौताअनुसार काम नगरेको भन्दै नेपाल ट्रायथलन संघका अध्यक्ष निलेन्द्रराज श्रेष्ठ र नेपाल घोडचढीका अध्यक्ष रवि राजकर्णिकारलाई ओसिएको कार्यक्रममा ९० दिनसम्म सहभागी हुन नपाउने इथिक्स कमिटीको निर्णय



● निलेन्द्रराज श्रेष्ठ



● रवि राजकर्णिकार

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

ओलम्पिक कमिटी अफ एसिया (ओसिए)को इथिक्स कमिटीले नेपाल ट्रायथलन संघका अध्यक्ष निलेन्द्रराज श्रेष्ठ र नेपाल घोडचढी संघका अध्यक्ष रवि राजकर्णिकारमाथि कारबाही गरेको छ। इथिक्स कमिटीले श्रेष्ठ र राजकर्णिकारलाई ओसिएको कुनै पनि कार्यक्रममा तीन महिना सहभागी हुन नपाउने गरी प्रतिबन्ध लगाएको हो। ओसिएले दुवैलाई १८ मेदेखि लागू हुने गरी कारबाही गरिएको जनाएको छ।

ओसिएको निर्देशन र सम्झौताअनुसार जिम्मेवारी निर्वाह नगरेको र नेपाली खेलाडीको हितविरुद्ध कार्य गरेको जनाउँदै दुवै संघका अध्यक्षलाई कारबाही गरेको इथिक्स कमिटीका प्रमुख देवेन्द्रनाथ सरान्गीले जनाएका छन्। 'एनओसी र ओसिएसँगको सम्झौताअनुसारको जिम्मेवारी निर्वाह गर्न नसकेको र ओसिएको निर्देशनको पालनमा नगरेका कारण कारबाही गरिएको जानकारी गराउँदछौं,' ओसिएको पत्रमा भनिएको छ।

कारबाहीमा परेका श्रेष्ठले भने राज्यले मान्यता नदिएको एनओसीले गैरकानुनी रूपमा ओसिएको सहयोगमा आफूहरूलाई कारबाही गराएको आरोप लगाएका छन्। 'ओसिएले गरेको कारबाही सत्य हो, तर यो प्रक्रिया गलत हो,' श्रेष्ठले नयाँ पत्रिकासँग भने, 'हामी कहिल्यै अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) र ओसिएको विरुद्धमा गएका छैनौं, ओलम्पिक मुभमेन्टअनुसार अगाडि बढिरहेका छौं।'

कुवेतमा भएको सम्झौता पालना नगरेको आरोप

गत ११ मार्चमा कुवेतमा भएको सम्झौता श्रेष्ठ र राजकर्णिकारले पालना नगरेको आरोप ओसिएले लगाएको छ। ओसिएका महानिर्देशक हुसेन अल मुसल्लमको अध्यक्षतामा दुईबुँदे सम्झौता भएको थियो। गत १३ पुसमा भएको एनओसी निर्वाचनअघि पाँच राष्ट्रिय संघहरूले अदालतमा मुद्दा हालेका थिए। नेपालको ओलम्पिक विवाद सुल्झाउन ओसिएले ती पाँच संघका पदाधिकारीलाई कुवेतमा बोलाएर छलफल गरेको थियो। बैठकबाट पाँच संघलाई एनओसीको पूर्ण सदस्यता प्रदान गर्ने र अदालतमा राखेको मुद्दा फिर्ता लिने सम्झौता भएको थियो।

कारबाहीले केही असर गर्दैन

● **निलेन्द्रराज श्रेष्ठ**, अध्यक्ष, ट्रायथलन

ओसिएले ९० दिनको कारबाही गरेको सत्य हो। यसले कुनै असर गर्छजस्तो लाग्दैन। हामीलाई एकपटक पनि सफाइको अवसर नदिई कारबाही भएको छ। सामान्यतः एकपटक आरोपको विषयमा सफाइको अवसर दिनुपर्ने हो, तर ओसिएले गरेन। राज्यबाट मान्यता प्राप्त नभएको एनओसीले हामीलाई कारबाही गराउन ओसिएको सहयोग लिएको देखिन्छ। अहिलेसम्म ओलम्पिक मुभमेन्टअनुसार काम गरिरहेको छु। यसविरुद्ध हामी जान सक्दैनौं।

बैठकको १५ दिनभित्रै एनओसीले भर्चुअल विशेष साधारणसभाबाट पाँच संघलाई पूर्ण सदस्यता प्रदान गऱ्यो। एनओसीले विशेष साधारणसभाबाट पेन्ट्राथलन, घोडचढी, रग्बी, स्केटिङ तथा स्केट बोर्डिङ र बेसबल संघलाई मान्यता प्रदान गरेको थियो। ओसिएले २४ मार्चमा सम्झौताअनुसार मुद्दा फिर्ता लिन निर्देशन दिएको थियो। चार संघले अदालतबाट मुद्दा फिर्ता लिइसकेका छन्। तर, घोडचढी संघका अध्यक्ष राजकर्णिकारले भने अहिलेसम्म फिर्ता लिएका छैनन्। कुवेतमा भएको छलफलमा एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठ उपस्थित थिए। निलेन्द्रराज श्रेष्ठलाई भने ओसिएले तत्कालीन एओसीकै महासचिवका रूपमा बोलाएको थियो।

सफाइ नदिई कारबाही

ओसिएको ९० दिनको कारबाहीमा परेका ट्रायथलन संघका अध्यक्ष श्रेष्ठले भने आफूहरूलाई एकपटक पनि सफाइको अवसर नदिएको गुनासो गरेका छन्। 'व्यक्ति वा संघलाई कारबाही गर्नुअघि कम्तीमा एकपटक सफाइको मौका दिनुपर्छ, तर ओसिएले सीधै कारबाहीको पत्र पठाएको छ,' उनले भने, 'यो सरासर गलत प्रक्रियाबाट कारबाही गरिएको छ।' उनले एनओसीविरुद्ध अन्तर्राष्ट्रियस्तरसम्म कानुनी लडाइँ लड्न आफू तयार रहेको चेतावनी दिएका छन्। 'राज्यको मान्यता नपाएको एनओसीविरुद्ध अन्तर्राष्ट्रियस्तरसम्म लड्छु,' उनले भने।

■ प्रधानमन्त्री कप भलिबल लिग आजदेखि

पाकिस्तानका खेलाडीले हेल्प नेपाल र गण्डकीबाट खेल्ने



कास्कीमा रोहितराज पराजुली

साबिक विजेता हेल्प नेपाल स्पोर्टस् क्लब र गण्डकी प्रदेश भलिबल संघले बिहीबारदेखि सुरु हुने नवौं प्रधानमन्त्री कप एनभिए क्लब भलिबल लिगका लागि पाकिस्तानी खेलाडीलाई समावेश गरेका छन्। हेल्प नेपाल र गण्डकीले समान तीनजना पाकिस्तानी खेलाडी अनुबन्ध गरे। हेल्प नेपालमा मुवासर राजा बाट्टो, माजर अली र सेटर वालिद खान छन्। गण्डकीबाट आउटसाइड हिटर वाकर खान, अप्पोजिट हिटर ऐमल खान र सेटर अदनान खानले खेल्नेछन्।

> नवौं प्रधानमन्त्री कप एनभिए क्लब भलिबल लिगका लागि हेल्प नेपाल र गण्डकीद्वारा समान तीन पाकिस्तानी खेलाडी अनुबन्ध

पोखरामा प्रतियोगिता १५ जेठसम्म हुनेछ। नेपाल भलिबल संघको गत २४ वैशाखमा बसेको कार्यसम्पादन समितिको बैठकले नवौं संस्करण पोखरामा गर्ने निर्णय गरेको थियो। त्रिपुरेश्वरस्थित कभर्डहल स्तरोन्नतिका लागि मर्मतसम्भारको काम भइरहेकाले यस वर्षको लिग पोखरामा गर्ने निर्णय भएको हो। एनभिए पहिलोपटक काठमाडौंबाहिर हुन लागेको हो।

१४ टोली सहभागी

लिगमा पुरुषतर्फ आठ र महिलातर्फ ६ टोलीले प्रतिस्पर्धा गर्ने संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले जानकारी दिए। उनका अनुसार सहभागी प्रत्येक टोलीले तीनजना विदेशी खेलाडी राख्न पाउनेछन्। विदेशी खेलाडीको आबद्धताले खेलाडीको खेलस्तरमा सुधार ल्याउन सहयोग गर्ने चन्दको भनाइ छ।

पुरुषतर्फ हेल्प नेपाल, नेपाल एपिएफ, त्रिभुवन आर्मी, नेपाल पुलिस, कोशी, गण्डकी प्रदेश भलिबल संघ, सुदूरपश्चिम र बुटवलको मणिमुकुन्द भलिबल क्लबले प्रतिस्पर्धा गर्नेछन्। महिलामा नेपाल पुलिस, एपिएफ, न्यु डायमन्ड युथ स्पोर्टस्, आर्मी, बुटवलको एभरेस्ट भलिबल क्लब र कर्णाली प्रदेश भलिबलले प्रतिस्पर्धा गर्ने भएका छन्।

विजेताले आठ लाख पाउने

प्रतियोगिताको पुरुष र महिलातर्फको विजेताले समान आठ लाख पाउनेछन्। यसैगरी, उपविजेताले चार लाख र तेस्रो स्थानमा रहने टोलीले दुई लाख पाउने संघले जानकारी दिएको छ। यस वर्ष संघ मोफसलका प्रतियोगितामा व्यस्त रहेको र १०औं राष्ट्रिय खेलकुदको पटक-पटक तयारी गर्नुपर्दा नवौं च्याम्पियनसिपको छनोट प्रतियोगिता गर्न नसकेको संघले जनाएको छ। गत वर्षको लिगमा सहभागी भएका टोलीबिच यसपटक लिगमा प्रतिस्पर्धा गराइएको संघले जनाएको छ।

सर्वोत्कृष्ट खेलाडीले ५० हजार रुपैयाँ पाउनेछन्। विधागततर्फ उत्कृष्ट हुने लिब्रो, सर्भर, ब्लकर, लिफ्टर, स्पाइकर र टिम प्रशिक्षकले जनही २५ हजार रुपैयाँ हात पार्नेछन्। विजेता टोली आउँदो जुलाईमा माल्दिभ्समा आयोजना हुने काभा च्याम्पियनसिप लिगमा सहभागी हुनेछ। ९० लाख बजेटमध्ये ३२ लाख पुरस्कारका लागि खर्च हुनेछ।

पोखरामा भलिबलको रौनक

पोखराले पहिलोपटक प्रधानमन्त्री कप भलिबल लिग आयोजना गर्न पाउँदा यहाँको रौनक फरक बनेको छ। दशरथ रंगशालाको कभर्डहलको मर्मरसम्भारको कार्य भइरहेका कारण पोखराले पहिलोपटक प्रतियोगिता आयोजना गर्ने अवसर पाएको हो। संघका अध्यक्ष चन्दले भलिबलका ठुलो प्रतियोगितालाई विकेन्द्रीकरण गर्ने लक्ष्यका साथ पोखरामा आयोजना गर्न लागेको बताए।

'संघले ठुलो भलिबल प्रतियोगितालाई विकेन्द्रीकरण गर्ने लक्ष्य राखेको छ, यसकारण पहिलोपटक एनभिए लिग पोखरामा आयोजना गर्न लागेको हौं,' चन्दले भने। पोखरामा संघले वार्षिक क्यालेन्डरअनुसार ठुलो प्रतियोगिता गर्न लागेपछि स्थानीय निकै उत्साहित बनेका छन्। संघले आउँदो दिनमा अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता पोखरामा आयोजना गर्न सकिने चन्दले बताए। 'पोखराको कभर्डहलको क्षमता धेरै छ। यहाँ खेलाडीको चेन्जिङ रुमदेखि सुविधा पनि राम्रो छ,' उनले भने, 'हलमा बत्तीको राम्रो व्यवस्था हुँदा आगामी दिनमा अझै सुधारको अपेक्षा राखेका छौं।'

■ आइपिएल-२०२५

मुम्बई प्ले अफमा पुग्ने चौथो टोली

एजेन्सी

मुम्बई इन्डियन्सले इन्डियन प्रिमियर लिग (आइपिएल)को प्ले अफ स्थान पक्का गरेको छ। आइपिएलअन्तर्गत बुधबार दिल्ली क्यापिटल्सलाई ५९ रनले हराउँदै मुम्बईले शीर्ष चार स्थान सुरक्षित गरेको हो। यस सिजनमा प्ले अफमा पुग्ने मुम्बई चौथो टोली हो। यसअघि गुजरात टाइटन्स, पन्जाब किंग्स र रोयल्स च्यालेन्जर्स बेंग्लोर अन्तिम चारमा पुगेका थिए।

तेस्रो स्थानमा उक्लेको मुम्बईले १३ खेलबाट १६ अंक जोड्यो। हारसँगै दिल्ली प्ले अफ दौडबाट बाहिरियो। पहिलो ब्याटिङ गरेको मुम्बईले २० ओभरमा पाँच विकेट गुमाएर १८० रन बनायो। प्रत्युत्तरमा दिल्लीले १८.२ ओभरमा सबै विकेट गुमाएर १२१ रन बनायो। मुम्बईका लागि सूर्यकुमार यादवले ४३ बलमा ७३ रन बनाए। दिल्लीका लागि समिर रिज्भीले ३९ रन जोडे। मुम्बईका जसप्रीत बुमराह र मिचेल साटनरले समान तीन विकेट लिए।

सूर्यकुमारको आक्रामक खेल

पहिलो ब्याटिङ गरेको मुम्बईका लागि चौथो क्रमका ब्याट्सम्यान सूर्यकुमार आक्रामक देखिए। इनिङ्सको एक समयमा मुम्बई १६.३ ओभरमा १२३-५ को अवस्थामा थियो। सूर्यकुमारले नमिर धिरसँग छैठौं विकेटका लागि २१ बलमा ५७ रनको साझेदारी गर्दै टोलीलाई १८०/५ को बलियो स्थितिमा राखे। सूर्यकुमारले ४३ बलमा सात चौका र चार छक्का प्रहार गरी सर्वाधिक ७३ रनको योगदान दिए। नमानले आठ बलमा समान दुई चौका र छक्का प्रहार गरी २४ रन जोडेका थिए।



शुक्रले लिए एकल अग्रता

नयाँ पत्रिका

नेपालका पूर्वनम्बर एक गल्फर शुक्रबहादुर राईले मंगलबार सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गतको सातौं प्रतियोगिता सूर्य नेपाल च्यालेन्जको दोस्रो दिन एकल अग्रता लिएका छन्। शुक्रले समग्रमा ६ अन्डर १३० स्कोर गर्दै दिनेश प्रजापतिलाई १ स्ट्रोकले पछि पारे। ५ अन्डर १३१ स्कोरका साथ दिनेश दोस्रो स्थानमा उक्लिए। भेट्टान प्रो रामे मगर र पहिलो दिन शीर्ष स्थानमा रहेका भुवनकुमार रोका ३ अन्डर १३३ स्कोरका साथ तेस्रो स्थानमा छन्। भुवनले खराब प्रदर्शन गर्दै ४ ओभर ७२ स्कोर गरी दोस्रो दिनको खेल सकाए।

समग्रमा १ अन्डर १३५ को स्कोर गरेका सञ्जय लामा, नीरज तामाङ र प्रदीपकुमार लामाले पाँचौं स्थान बाँडे। शुक्रले प्रतियोगिताको दोस्रो दिन आफ्नो लयलाई निरन्तरता दिन सकेनन्। उनले नवौं होलको बोगीका साथ फ्रन्ट नाइन इभन-पार ३४ मा सकाए। यसपछि १३औं होलमा एक सट बचाएका उनले १५औं र १८औं होलमा बोगीको सामना गरे। उनी ब्याक नाइन १ ओभर ३५ स्कोरमा सीमित भए। दिनेशले तेस्रो होलमा एक सट खेर फाले। छैटौं होलको बर्डीले उनले फ्रन्टनाइन इभन पार ३४ खेले। यसपछि १०औं र १३औं होलमा बर्डी प्रहार गरेका उनले अन्तिम होलको बोगीको सहायताले ब्याक नाइन १ अन्डर ३३ स्कोर गरे।

एमेच्योरमा राहुल शीर्ष स्थानमा

एमेच्योरतर्फ राहुल विश्वकर्मा समग्रमा १ ओभर १३७ स्कोरका साथ शीर्ष स्थानमा रहेका छन्। उनले दोस्रो दिन १ ओभर ६९ स्कोर गरी निश्चयजंग रायमाझीलाई १ स्ट्रोकले पछि पारेका छन्। निश्चयले समग्रमा २ ओभर १३८ स्कोर बनाएका छन्। ३६ होलको समाप्तिमा ९ ओभर १४५ सम्म स्कोर गरेका २३ प्रोफेसनल र दुई एमेच्योर गरी २५ गल्फरले कट बनाएका छन्। प्रोफेसनलतर्फ जयराम श्रेष्ठ, भुवन नगरकोटी, रामकृष्ण श्रेष्ठ, राजेन्द्र श्रेष्ठ प्रधान, रमेश अधिकारी, दीपक मगर, धनबहादुर थापा, सुनील केसी, टंकबहादुर कार्की, किसन कालीराज सुनार, शिवराम पौडेल, राजेन राई र सुमन परियारले कट बनाएका छन्।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थली, काठमाण्डौ।

बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०८२।०२।०८

यस नगरपालिकाबाट सञ्चालन हुने तपशिल अनुसारको निर्माण कार्य गर्नको लागि इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रीतपूर्वक बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ। सोको विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट **www.bolpatra.gov.np/egp** र यस कार्यालयको वेवसाइट **www.kageshworimanoharamun.gov.np** मा गई हेर्न सकिनेछ।

तपसिल :

S. No.	Contract Identification No.	Name of Project	Estimate Amount (Including VAT and Contingencies) NRs.	Bid Security Amount NRs.	Bid Document Fee (Non-refundable) NRs.
1.	LandslideProtectionWorks/ W/NCB/11/2081-82	Protection and Stabilization Works of Balapit Landslide at Kageshwori Manohara Municipality, Ward No. 8	99,01,300.78	2,50,000.00	3,000.00

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com